# १६औं वार्षिक साधारण सभा

२०८२ पौष २६ गते शनिबार






|| समृद्धिको प्रतीक ||

मनिप्लान्ट

सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

## सञ्चालक समिति



इन्द्र मणि पोखरेल
अध्यक्ष



सुसन कर्माचार्य
उपाध्यक्ष



उद्धिम बहादुर देवकोटा
सचिव



राजकुमार सुवेदी
कोषाध्यक्ष



बालकृष्ण श्रेष्ठ
सञ्चालक



धनबहादुर श्रेष्ठ
सञ्चालक



याम कुमार खड्का
सञ्चालक



डा. कृष्ण सागर शर्मा
सञ्चालक



शान्ता पाण्डे
सञ्चालक



कमल गिरी
सञ्चालक



हेलेन घिमिरे
सञ्चालक

## लेखा सुपरिवेक्षण समिति



किरण मास्के
संयोजक



निलमणी दाहाल
सदस्य



राजेन्द्र घिमिरे
सदस्य

## सल्लाहकार



शंकर दास बैरागी



हरि प्रसाद बस्याल



विशाल पण्डित



जीवन गौतम



नरेशसिंह बोहोरा



अन्जु नेउपाने



बालकृष्ण दाहाल



सयौ थुंगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची–महाकाली ।

प्रकृतिका कोटी–कोटी सम्पदाको आंचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

## अन्तर्राष्ट्रिय सहकारी महासंघद्वारा प्रतिपादित सहकारीका सिद्धान्तहरुः

१) स्वेच्छिक र खुल्ला सदस्यता (Voluntary & Open Membership)
२) सदस्यको प्रजातान्त्रिक नियन्त्रण (Democratic Member Control)
३) सदस्यको आर्थिक सहभागिता (Member Economic Participation)
४) स्वयतता र स्वतन्त्रता (Autonomy & Independence)
५) तालिम शिक्षा तथा सार्वजनिक प्रवर्धन (Education, Training and Public Promotion)
६) सहकारीबीच पारस्परिक सहयोग (Cooperation among Cooperatives)
७) समुदायीक संलग्नता (Community Engagement)

||समृद्धिको प्रतीक||

मनिप्लान्ट सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.
Moneyplant Saving & Credit Co–operative Ltd.

प.सं. : ०८२/०८३
च.नं. : ३७

## १६औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री सम्पूर्ण सेयर सदस्यज्यूहरू,

**मिति :** २०८२।०८।१९

यस संस्थाको विनियम-२०६६ को नियम २४ उपनियम २ एवं सहकारी ऐन-२०७४ को दफा ३९ उपदफा २ को आधारमा मिति २०८२ मंसिर १८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार देहाय बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय लिन संस्थाको १६ औं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा हुने भएको हुँदा सम्पूर्ण सेयर सदस्य महानुभावहरूमा अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

### साधारण सभा कार्यक्रम

**मिति :** २०८२ पौष २६ गते शनिबार

**समय :** दिउँसो १२:३० बजे देखि ३:३० बजेसम्म

**स्थान :** कार्की ब्याङ्क्वेट, बबरमहल काठमाडौं

### साधारण सभाका प्रस्तावहरू

१. आ.व. २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८१/०८२ को कोषाध्यक्षको आर्थिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०८१/०८२ को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
४. आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन, लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक अनुमोदन सम्बन्धमा ।
५. आ.व. २०८२/०८३ को प्रस्तावित कार्ययोजना र वार्षिक बजेट उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
६. आ.व. २०८२/०८३ को लेखा परीक्षण गर्न लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
७. आ.व. २०८१/०८२ को सेयर लाभांश वितरण तथा संरक्षित पुँजी फिर्ता कोषको रकम व्यवस्थापन प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
८. साधारण सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
९. विविध ।

**उद्धिम बहादुर देवकोटा**
सचिव

### कार्यक्रम सम्बन्धी थप सूचना

१. मनिप्लान्ट उत्कृष्ट शैक्षिक पुरस्कार-२०८१/०८२ छनौटका लागी उक्त शैक्षिक सत्रमा एस.ई.ई देखी स्नातकोत्तर तह सम्म उत्तीर्ण हुने सदस्य वा सदस्यका छोराछोरीहरूले २०८२ पौष २४ गते बिहीबार कार्यालय समयभित्र लब्धाङ्क पत्र सहित निवेदन पेश गर्नु हुन सूचित गरिन्छ ।
२. यस संस्थाका सदस्यहरू २०८२ असार ३२ सम्म कुनै विशेष पदमा पदस्थापन वा पदोन्नती हुनुहुने सदस्यहरूलाई सम्मान गरिने कार्यक्रम तय गरिएको हुँदा २०८२ पौष २४ गते बिहीबार कार्यालय समय भित्र सो सँग सम्बन्धित विवरणहरू पेश गर्नु हुन सूचित गरिन्छ ।
३. साधारण सभामा छलफल हुने विषय तथा संस्थासँग सम्बन्धित कुनै विषयमा जिज्ञासा, सल्लाह सुझाव भएमा २०८२ पौष २४ गते बिहीबार कार्यालय समयभित्र संस्थामा लिखित रूपमा वा संस्थाको आधिकारिक इमेलः moneyplantsaccos@gmail.com, moneyplantsaccos@yahoo.com मार्फत पेश गर्नु हुन सूचित गरिन्छ ।
४. तोकिएको समयमा सदस्य स्वयम् उपस्थित हनुपर्नेछ । उपस्थित हुनुहुने सदस्यहरूलाई मात्र यातायात खर्च प्रदान गरिनेछ ।

Kathmandu Minbhawan-31, All In One Mart 4620265, 4620409 money plantsaccos@yahoo.com www.moneyplant coop.np

स.वि.द.नं.: ३१०/०४९/०५०

NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल



# शुभकामना

समुदायको आर्थिक समृद्धि, सामाजिक न्याय तथा गरीबी न्यूनीकरणका लागि उदाहरणीय कार्य गर्दै आइरहेको मिनभवन, काठमाडौंमा रहेको **मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.** को १६ औं बार्षिक साधारणसभा गर्न लागेको थाह पाउँदा खुशी लागेको छ । बार्षिक साधारणसभाको अवसरमा सम्पूर्ण सदस्यहरुमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

संस्थालाई यस अवस्थासम्म ल्याई पुऱ्याउने संस्थाका वर्तमान तथा पूर्व संचालक, कर्मचारी तथा आवद्ध शेयर सदस्यहरूमा राष्ट्रिय सहकारी महासंघ लि. नेपालको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दै साधारणसभाको अवसरमा संस्थाको गतिविधिहरु समेत समेटेर **बार्षिक प्रतिवेदन** प्रकाशन गर्न लागेको जानकारी पाउँदा थप हर्षित भएका छौं । सो प्रतिवेदनले त्यस संस्थाको विषयमा शेयर सदस्य तथा समुदायलाई महत्वपूर्ण जानकारी प्राप्त हुने र अन्य सहकारीका लागि समेत प्रेरणा मिल्ने हामीले विश्वास लिएका छौं ।

उक्त संस्थामा आवद्ध शेयर सदस्यहरूको कारोवारलाई व्यवस्थित रुपमा सुसंचालन गर्न/गराउन त्यस संस्थाले गरेका प्रयासहरू प्रशंसनीय रहेका छन् । सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सु-संचालनका लागि क्षमता अभिवृद्धिका कार्यक्रमलाई अझ व्यापक रुपमा संचालन गरी सुशासन र सहकारीको गुणात्मक विकासमा योगदान दिन सो संस्थाले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको र अगामी दिनमा पनि गर्ने छ भन्ने विश्वास पनि लिएको छु ।

अन्त्यमा, सहकारी सिद्धान्तको पूर्ण पालना र सुशासन कायम गर्दै सदस्यमुखी कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनमा विगतका अनुभवहरुले दिशानिर्देश गर्ने अपेक्षाकासाथ संस्थाको उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**जय सहकारी तथा धन्यवाद !**

...................
**(रामेश प्रसाद पोखेल)**
**का.वा. अध्यक्ष**

Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu
+977-1-5010116, 5010033, 5010089
ncf@wlink.com.np, ncfcoop@gmail.com
www.ncfnepal.com.np

सहकारी संघ संस्थाहरूको प्रवर्द्धन विकास एवं बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक

**राष्ट्रिय सहकारी बैंक लिमिटेड**

**National Co-operative Bank Limited (NCBL)**

(नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त संस्था)

## शुभकामना



सहकारी संस्था मार्फत सदस्यहरुको आर्थिक,सामाजिक तथा सांस्कृतिक अवस्था सुधारका लागि **मिनभवन, काठमाडौं** स्थित **मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेडले** आफ्नो **"१६औं वार्षिक साधारण सभाको"** अवसरमा **"प्रतिवेदन पुस्तिका"** प्रकाशन गरी सदस्य एवं सरोकारवाला माझ जानकारीका लागि पुऱ्याउन लागेको थाहा पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । यस वार्षिक साधारण सभाको अवसरमा म संस्थाका शेयर सदस्य, विभिन्न समिति/उपसमितिहरुका संयोजक तथा सदस्यहरु, सञ्चालक एवम् संस्था परिवारलाई बधाई दिन चाहान्छु।

सहकारी संस्था खासगरी स्थानीय समुदायको सहभागितामा स्थापना भई बचत परिचालन गर्दै आर्थिक एवम् सामाजिक कार्यका लागि आवश्यक पर्ने वित्तीय खाँचो पूरा गर्न स्थापित भएका हुन्छन। यसको क्रमिक विकासको परिणामस्वरुप स्थानीय श्रम तथा सीपको उपयोग गरी उत्पादन अभिवृद्धि गर्नका लागि पूँजी निर्माणको कार्य पनि यसको कार्यक्षेत्र भित्र पर्दछ। सहकारीका विश्वव्यापी सिद्धान्त, मुल्य र मान्यताहरुलाई स्थानीयकरण गर्दै उपलब्ध रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा उल्यख्य मात्रमा योगदान गरिरहेको छ। सहकारी क्षेत्र बहुआयामिक क्षेत्र भएको हुँदा राज्यको आर्थिक तथा सामाजिक विकासका लक्ष्य प्राप्तीका साथै स्थानीय स्तरका आर्थिक सामाजिक समस्याहरुको न्यायोचित समाधान गर्नका लागि सहकारीका मुल्य, मान्यता, निर्देशित सिद्धान्त र प्रयोगहरु सक्षम रहेका छन्। मुलुकले आर्थिक समृद्धि, सामाजिक न्याय तथा गरीवी न्यूनीकरणका लागि तीन खम्बे अर्थनीतिलाई प्राथमिकतामा राखेकाले सहकारी क्षेत्रको महत्व उजागार भएको व्यहोरा सर्व विदिते छ। वर्तमान सरकारको **'समृद्ध नेपाल, सुखी नेपाली'** को दीर्घकालीन सोचलाई पुरा गर्नको लागि सहकारी क्षेत्रको भूमिका पनि महत्वपूर्ण रहेको छ।

यस सहकारी संस्थाले त्यस क्षेत्रका सदस्यहरुलाई आर्थिक रुपमा सक्षम बनाउन पुऱ्याएको योगदानको प्रशंसा गर्दै नेपालको आर्थिक वृद्धि तथा विकास, बेरोजगारी न्युनिकरण, गरिबी तथा असमानता न्युनिकरण,आयातमा निर्भर अर्थतन्त्रलाई सुधार गर्नको लागि संस्थाले गरेको प्रयास र सहकारी पद्धति मार्फत समुदायलाई संगठित गराई देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा पुऱ्याएको योगदानको कदर गर्दछु। अन्तमा संस्थाले आर्थिक तथा समाजिक क्षेत्रमा पछि परेका आफ्ना सदस्यहरुलाई गरीबि न्यूनिकरण, लैंगिक समानता ,सामाजिक सद्भाव र विकास कायम गरी देशको समग्र आर्थिक विकास गर्न, रोजगारी सिर्जना गर्न, छरिएर रहेका स-साना पूँजिहरुलाई एकिकृत गरि सदस्यहरुके संयुक्त सहभागितामा परिचालन गरी सहकारीको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सिद्धान्त अनुरुपको गतिविधि सञ्चालन गरी सहकारी अभियानमा अग्रणी स्थान हाँसिल गर्न सफल र सक्षम रहोस् भन्दे **"१६औं वार्षिक साधारण सभा"** पुर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिति : २०८२/०९/१६ जय सहकारी !!!

महेन्द्र कुमार गिरी
अध्यक्ष

'हाम्रो लक्ष्य: सम्पूर्ण सहकारीको दिगो भविष्य'

केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर ०१-५१८०१८२ WWW.NCBL.COOP ncbl@ncbl.coop

सुरक्षित साकोस र समुन्नत समाजका लागी सहकार्य

स.वि.द.नं. : ३२९-०५०/५१
स्थायी लेखा नं. : ३०३४०३०५४

नेफस्कून
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

आवद्धता



श्री अध्यक्षज्यू
श्री मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि.
काठमाडौं- ३१, मीनभवन ।

## शुभकामना

यस संघमा आबद्ध **श्री मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि**.को १६औं बार्षिक साधारणसभाको अवसरमा प्रकाशित **"वार्षिक प्रतिवेदन"** मा संघको तर्फबाट शुभकामना व्यक्त गर्दै संस्था सहकारी सञ्चालनका सार्वभौम मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात गरी नीति, विधि र प्रविधिको प्रधानता भित्र सदस्य केन्द्रित भई सुसञ्चालनमा रहेको छ भन्ने पूर्ण विश्वासका साथ हार्दिक बधाई ज्ञापन गर्दछु ।

संस्थाको १६औं वार्षिक साधारणसभाबाट सदस्य र समुदायमा उद्यमशिलता विकास तथा व्यवसाय पुनरुत्थान मार्फत सदस्यको आर्थिक जीवनमा सहजीकरण गर्न उपयुक्त मार्गदर्शन प्राप्तहोस्, संघको तर्फबाट साधारणसभा पूर्ण सफलताको शुभकामना सहित सम्पूर्ण सञ्चालक तथा शेयर सदस्यहरुलाई हार्दिक शुभकामना ।

सदस्यहरूबीच वित्तीय कारोबार गर्ने यस बचत तथा ऋण सहकारी संस्थाले वित्त परिचालनमा निहित जोखिमको संवेदनशीलतालाई आत्मबोध गर्दै वित्तीय सुशासन र गुणस्तरीय सेवा सहित दिगो साकोस निर्माण मार्फत सदस्यको जीवनस्तर सुधारमा प्रतिवद्धताका साथ अगाडि बढ्न संघको तर्फबाट शुभेच्छा व्यक्त गर्दछु ।

हामी साकोस अभियानको चरणबद्ध विकासका कार्यमा योजनाबद्ध रुपमा लागिपरेका छौं । विद्युतीय वित्त प्रणाली, स्तरीकरण र स्थिरीकरण कोषको प्रभावकारी सञ्चालनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रणनीतिक साझेदारी सहित अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र सफल अभ्यासहरुलाई नेपालको साकोस अभियानमा अवलम्बन गर्न प्रयत्नशील छौं । "स्वस्थ र सुरक्षित साकोसहरुको जवाफदेही एकीकृत सञ्जाल" भन्ने नेफस्कूनको परिकल्पना पूरा गर्न सद्भावपूर्ण सहकार्यको अपेक्षा गर्दै स्थानीयस्तरबाट समेत सुशासित साकोस अभियान निर्माणमा पहलकदमीको लागि अनुरोध सहित साकोसको उत्तरोत्तर प्रगतिका लागि पुन: हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिति: २०८२/०९/१६

चन्द्र प्रसाद ढकाल
अध्यक्ष

नयाँ बानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं. : ९१६९, फोन नं. : +९७७-१-४७९१९६३, ४७९०२०१, ४७९३०७१, ४७९४५६९, इमेल : nefscun@nefscun.org.np
www.nefscun.org.np

दर्ता नं. बागमती ०००२
पान नं. ६१४९९०३७७

"सहकारी अभियानको उत्कृष्ट संघ"

आबद्धता

बागमती प्रोस्कून
बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.
Bagmati Province Federation of Saving and Credit Co-operative Union Ltd.
केन्द्रीय कार्यालय: बनेपा नगरपालिका-७, काभ्रेपलाञ्चोक

मिति :२०८२/०९/१८
प.सं : २०८२/०८३
च.नं.: २११

श्री अध्यक्षज्यू,
मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा -३१, मिनभवन, काठमाडौं

## हार्दिक शुभकामना

यस बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.को सदस्य संस्था **मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि.** आफ्नो नियमित १६ औं वार्षिक साधारण सभाको अवसरमा प्रकाशन गर्न लागेको वार्षिक प्रतिवेदनमा यस संघको तर्फबाट शुभकामना प्रदान गर्न पाउँदा हामी अत्यन्त हर्षित भएका छौं ।

काठमाडौं जिल्लाको मुटुमा रहेको बानेश्वर क्षेत्रलाई मुख्य कार्यक्षेत्र बनाई विभिन्न पेशा व्यवसायमा मानिसहरुलाई संस्थाको सदस्य बनाई बचत गर्ने बानीको प्रर्वद्धन र वित्तीय पहुँच विस्तारका लागि सहकारी मार्फत खेलेको भूमिका प्रति हामी हार्दिक आभार व्यक्त गर्दछौं ।

सहकारी क्षेत्र यतिबेला तरलता न्यूनताको चापमा गुज्रीरहेको छ । संस्थाको सबलीकरणमा अभियानले भूमिका खेले पनि संस्थाको पूर्ण सुरक्षा र वर्तमान समस्या समाधानको एकमात्र विकल्प सदस्यहरुको विश्वास र भरोसा भएकोले सो तर्फ संस्थाले वर्तमान समयमा खेलेको भूमिकाको प्रशंशा गर्दछौं साथै आगामी दिनमा पनि सदस्य सेवालाई केन्द्रमा राखी आम सदस्यको हितका लागि संस्थाले आफ्नो सम्पूर्ण शक्ति खर्च गर्न सकोस भन्ने शुभेच्छा व्यक्त गर्दछौं । संस्थागत सुशासनका लागि निकटतम निगरानी (स्तरीकरण) कार्यक्रमहरु मार्फत प्रमाणित गराई अभियानका लागि उदाहरण योग्य साकोस निर्माण गर्दै प्रत्येक सदस्यको मन मनमा बस्न सफल होस भन्ने कामना गर्दछौं ।

अन्तमा, संस्थालाई वर्तमान अवस्थासम्म ल्याउनका लागि अथक मेहनत गर्ने सहकारी अभियान्ताहरुमा संघको तर्फबाट हार्दिक आभार व्यक्त गदै वर्तमान संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिको पूर्ण सफल कार्यकालका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

मिति : २०८२ पौष १८ गते शुक्रबार

भवदीय
उद्धव सापकोटा
अध्यक्ष

Head Office: Banepa-07, Kavrepalanchok, Tel.: 011-665368
Member Service Office: New Baneshwor, Kathmandu, Tel.: 01-5911465
Email: bagmatiproscun@gmail.com
www.bagmatiproscun.org.np

दर्ता नं. ४५७/०५६ फोन नं.: ०१-४७९३१५१

# जिल्ला सहकारी संघ लि., काठमाडौं

**(District Co-operative Union Ltd., Kathmandu)**

बिजुलीबजार, काठमाडौं, नेपाल

इमेल: dcul.ktm@gmail.com

चलानी नं. २९/०८२/०८३

पत्र संख्या नं.

मिति : २०८२/०९/१७

**"सबल, सक्षम र गतिशील संघ"**

## शुभकामना



जिल्ला सहकारी संघ लि. काठमाडौको सकृय सदस्य संस्था **मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड**को १६औं वार्षिक साधारण सभा सम्पन्न हुन गइरहेको सुखद अवसरमा संस्थाको आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय पक्षलाई वृहत र पूर्ण रुपमा समेटेर सदस्य र समुदायको सर्वाङ्गिण समृद्धिलाई दृष्टिगत गर्दै स्मारिका/प्रतिवेदन प्रकाशन गर्न लागेकोमा हार्दिकतापूर्वक शुभकामना व्यक्त गर्दछौं ।

विगत लामो समयदेखि सहकारी संस्था मार्फत सदस्यहरूको प्रत्यक्ष संलग्नतामा स्वनियमन र स्व-व्यवस्थापनलाई पारदर्शी तरिकाले अगाडि वढाउँदै देशको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणमा यस संस्थाले महत्वपूर्ण योगदान पुऱ्याएको छ । मोफसलमा अस्तव्यस्त रूपमा छरिएर रहेको पूँजीलाई संस्थागत रूपमा एकीकृत गरी सदस्य र समुदायको समृद्धिको लक्ष्य राख्दै राज्यलाई नै योगदान गर्न सक्नु सफलता प्राप्तिको अनुपम नमूना भएकोले जिल्ला सहकारी संघले तपाईंहरूको संस्था प्रति उच्च सम्मान प्रकट गर्दछ । संस्थाले आफ्ना सदस्यहरूलाई सर्वाङ्गीण समृद्धि दिलाउने उद्देश्यका साथ विभिन्न पक्षवाट सदस्य र समुदायलाई नै केन्द्रबिन्दुमा राखी, राज्यले अंगीकार गरेको अर्थतन्त्रका तीन खम्वामध्ये सहकारीको खम्वालाई सवल वनाउन खेलेको भूमिका नै त्यस संस्थाको प्रमुख सकारात्मक पक्ष हो ।

सहकारी मूल्य र सिद्धान्तलाई अक्षरशः पालना गर्दै, सुशासन र पारदर्शिता सहितको प्रतिवद्धता अपनाई, सदस्य तथा समुदायलाई केन्द्रविन्दुमा राखेर सहकारी क्षेत्रको गरिमा अभिवृद्धि गर्ने उद्देश्य सहित संस्थाको साधारण सभा सफल होस् भन्ने शुभकामना व्यक्त गर्दछौं ।

धन्यवाद ।

जय सहकारी ॥

सुमन के.सी
अध्यक्ष

दर्ता नं.: ७९१-०५९/०६०, स्थायी लेखा नं. : ६०१६४८६१६
"गुणस्तरीय सेवा सहितको उत्कृष्ट संघ"
नेफ्स्कून

कास्कून
काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
Kathmandu District Savings & Credit Co-operative Union Ltd.

श्री अध्यक्षज्यू
**मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.**
काठमाडौं महानगरपालिका वडा नं.३१, मिनभवन, काठमाडौं ।



## शुभकामना

यस संघमा आवद्ध **मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.**ले **१६**औं वार्षिक साधारणसभाको अवसरमा प्रकाशन गर्न गईरहेको वार्षिक प्रतिवेदन प्रकाशनार्थ कास्कूनको तर्फबाट शुभकामना प्रदान गर्न पाउँदा हामी गौरवान्वित भएका छौं ।

दर्ता नं.२७६६/०६६/०६७ रही दर्ता भएको काठमाडौं महानगरपालिका वडा नं.३१, मिनभवन स्थित कार्यालय रहेको यस सहकारी संस्थाले सहकारी मूल्य, मान्यता, आदर्श, सिद्धान्त तथा सहकारी कानून, मापदण्ड एवं स्वीकृत विनियम प्रति निष्ठावान रही आफ्ना श्रोत साधन, सीप र क्षमताको अधिकतम परिचालन गर्दै सदस्यहरुको शेयर, बचत, भौतिक सम्पत्ति र शाखलाई सदैव अक्षुण र सुरक्षित राख्ने अपेक्षा गर्दछौं । वित्तीय र गैह्रवित्तीय कारोवार संचालन गर्ने सन्दर्भमा सदस्यहरुको हित, संवृद्धि, उन्नति, प्रगति र संस्थागत विकासका लागि विश्वस्त रहदै संस्थाका पदाधिकारीहरु, संचालकहरु, कर्मचारीहरु तथा अन्य सम्पूर्ण पक्षहरु लागि पर्नुहुनेछ र सदैब गुणस्तरीय सेवा प्रदान गर्दै सहकारी क्षेत्रको विकासमा त्यस साकोसको अग्रणी भूमिका रहनेछ भन्ने विश्वास लिएका छौं ।

हाल सहकारी क्षेत्रको नियमनका लागि जारी भएका ऐन, मापदण्ड र निर्देशनहरुप्रति पूर्ण प्रतिबद्ध रहँदै सदस्यहरुको समन्वय, सहकार्य र सहभागीतामा उनिहरुको अपेक्षा अनुरुपका वस्तु तथा सेवा विकास गरी सेवा प्रवाहमा समर्पित हुन हौसला मिलोस भन्ने पूर्ण विश्वासका साथ हार्दिक बधाई दिन चाहन्छु ।

हामी देशको संघीय राजधानी काठमाडौं जिल्लाको साकोस अभियानको व्यवसायीकरण, प्रवर्द्धन र सञ्जालीकरणका लागि नेतृत्व गरिरहेका छौं । यसका लागि संघीय, प्रादेशिक र स्थानिय सरकारसँगको सहकार्य र समन्वय मार्फत सहकारी ऐन, कानुनहरुमा वहस एवम् पैरबी गर्दै आईरहेका छौं । **"गुणस्तरीय सेवा सहितको उत्कृष्ट संघ"** भन्ने कास्कूनको परिकल्पना पुरा गर्न त्यस संस्थाको निरन्तर सहयोगको अपेक्षा साथ स्थानिय स्तरमा रहेका साकोसहरुलाई संघमा आवद्धता र गुणस्तरीयताका लागि पहल गर्नु/गराउनु हुन हार्दिक अनुरोध गर्दै संस्थाको संचालक समिति, लेखा सुपरीवेक्षण समिति, विभिन्न उप-समितिहरु, व्यवस्थापन टीम एवं संस्थाका सम्पूर्ण सदस्यहरुलाई पुनःहार्दिक शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी !
मिति : २०८२ पौष १६ गते

दिपक पनेरु
अध्यक्ष

मुख्य कार्यालय चाबहिल, फोन: ०१-४५८३४५६, ४५९१८७४
सदस्य सेवा कार्यालय कलंकी: ०१-५२३४६७५, गोंगबु: ०१-५९०७०९१
कीर्तिपुर: ०१-५९०२०१२
Email: info@kasccun.com.np | Web: www.kasccun.com.np

# काठमाडौं महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
काठमाडौं, ३ नं. प्रदेश, नेपाल

पत्र संख्याः- ०८२/०८३
चलानी नं.:- ५८६२

मिति २०८२/९/१८

### शुभकामना

मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि. को १६औं वार्षिक साधारण सभा सम्पन्न गर्न गइरहेको खबर थाहा पाउँदा मलाइ धेरै नै खुसि लागेको छ। आफ्नो स्थापनाकाल देखि आज सम्म सहकारीलाई सफलतापुर्वक संचालन गर्ने अध्यक्ष लगायत सम्पूर्ण पधादिकारीहरु, कर्मचारीहरु तथा शेयर यसमा सम्बद्ध सम्पूर्ण सदस्यहरुलाई बधाई तथा शुभकामना दिन चाहन्छु । देश र समाजको चौतर्फी बिकासको लागि सहकारी एक खम्बा हो, सहकारी मार्फत नागरिकले आफ्नो आर्थिक कार्य पनि गर्ने, समाजमा रोजगारी पनि प्राप्त हुने र राज्यले कर पनि प्राप्त गर्ने भएकोले सहकारी राज्यको एउटा अभिन्न अंग रहेको छ ।

सहकारीले प्रत्येक नागरिकको आर्थिक समस्या समाधान गर्ने, सदस्यहरुको जीवनस्तर उठाउँदै राष्ट्रलाई आर्थिक रुपमा सम्पन्न चिनाउने भएकोले विश्वमा नै सहकारी लोकप्रिय भएको छ । सरकारको सहकारी प्रति स्पस्ट धारणा नहुनु र सदस्यहरुमा चासो र सहभागिता कम हुदाँ सहकारीले गति लिन सकिरहेको छैन । आर्थिक मन्दीको कारणले सहकारीहरुले आफ्नो अस्तित्व जोगाउन धेरै कठिन भएको छ, धेरै सहकारी भागेका छन, लगानीकर्ताको पुंजी फसेको छ । यस्तो अवस्थामा यो सहकारीले भरपर्दो ढंगले निरन्तर सदस्यहरूलाइ गुणस्तरीय सेवा प्रदान गरिरहेको यो संस्था यस वडा मा नै एउटा नमुना सहकारी रहेकामा हामीलाइ अत्यन्तै खुसी लागेको छ ।

यस विषम परिस्थितिमा पनि यति स्पस्ट र सफल रुपमा आफ्नो गौरवपूर्ण १६औं वार्षिक साधारण सभा सभ्य एवं भव्य रुपमा सम्पन्न गर्न लागेकोमा यस मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि.परिवार प्रति हार्दिक बधाई तथा शुभकामना प्रदान गर्न चाहन्छु ।

सरोज ढकाल
वडा अध्यक्ष
का.म.न.पा. ३

फोन नं.: ४२३१४८१ (प्रमुख), ४२३१४२९ (उपप्रमुख), ४२३२८९२, ४२५८४०३ (प्रमुख प्रशासकिय अधिकृत), फ्याक्स नं.: ४२६८५०९
ईमेलः kmcmayor@mos.com.np, ceo@kathmandu.gov.np पोष्ट बक्स नं. ८४१६, काठमाडौं, नेपाल
वेभ साइटः www.kathmandu.gov.np

## १६ औं वार्षिक साधारण सभा समक्ष सञ्चालक समितिको तर्फबाट अध्यक्ष इन्द्र मणि पोखरेलबाट प्रस्तुत प्रतिवेदन

"समृद्धिको प्रतीक" भन्ने मूल ध्येय र परिकल्पना सहित स्थापना भएको हाम्रो यस **मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेड**को **१६ औं वार्षिक साधारण सभा**मा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने अथिति ज्यूहरू, पत्रकार ज्यूहरू, संस्थाका सल्लाहकार ज्यूहरू, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिका सहकर्मी साथीहरू, १६ औं साधारण सभा भव्य रूपमा सम्पन्न गर्न उत्साह एवं हौसलाका धरोहर सम्पूर्ण सेयर सदस्य ज्यूहरू, संस्थाका कर्मचारीहरू सबैमा संस्थाको र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत सहित न्यानो अभिवादन व्यक्त गर्दछु ।

सेयर सदस्य माहानुभावहरू,

कुनै पनि संस्था सञ्चालन गर्दा यसले विगतमा गरेका र वर्तमानमा भैरहेका कार्यक्रमहरूका आधारमा निर्धारण गरिएका योजना, नीति तथा कार्यक्रमहरूको मार्ग चित्रले नै संस्थाको भविष्य निर्धारण गर्दछ । यस संस्थामा पनि हामीले विगतमा सम्पन्न गरिएका क्रियाकलापहरूको समीक्षा गर्दै सभाको निर्णयको आधारमा आगामी कार्यदिशा तय गरी आईपर्ने चुनौतीहरूलाई अवसरको रूपमा बदल्दै समयको गति र प्रवाहअनुसार संस्था निरन्तर अगाडि बढीरहेको छ । प्रारम्भिक साधारण सभादेखि १६ औं वार्षिक साधारण सभासम्म आइपुग्दा धेरै उतारचढावहरू पार गरी एक सुदृढ, सबल एवं आत्मनिर्भर सहकारीका रूपमा आफ्नो पहिचान स्थापित गर्न सफल भएको कुरा हामी सबैमा विदितै छ । हामी हाम्रा सेयर सदस्यहरू तथा सेयर सदस्यहरू मार्फत समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक विकासको लक्ष्य पूरा गर्न प्रचलित कानुन, निर्देशन र निर्णयको पालना गरी सहकारी मूल्य, मान्यता र सिद्धान्तअनुसार सञ्चालन हुँदै आएका छौं । दिनानुदिन संस्थागत लक्ष्य तथा उद्देश्यहरू पनि फराकिलो एवं बृहत हुँदै गएकाले ती प्राप्तिको लागि हाम्रा योजना, रणनीति र कार्यविधिहरू समय सान्दर्भिक परिमार्जन गर्दै लानू हामी सबैको जिम्मेवारी रहेको छ । सोही अनुसारको कार्यान्वयनमा हामी सँदैब प्रतिवद्द रहेका छौं । हामी संस्था र संस्थाको दायित्वमा रहेको सदस्यहरूको सम्पत्तिको पूर्ण सुरक्षित गर्दै यो संस्थालाई एक उत्कृष्ट सहकारीको रूपमा पहिचान कायम गर्न यहाँहरू सबैको सत्रीय सहभागिता, साथ र सहयोगको अपेक्षा गर्दछौं । हामी संस्थामा जम्मा भएको बचत, संस्थाले गरेको लगानीबाट प्राप्त प्रतिफल र विभिन्न कोषमा भएको पूँजीको परिचालन गर्दै गरीएको ऋण लगानीबाट साँवा र व्याज असुल गरी नयाँ ऋण लगानी गर्ने, लगानी भएका ऋणको गुणस्तर कायम राख्दै पर्याप्त थप सुरक्षणको व्यवस्था गर्ने र संकास्पद र खराब ऋणहरूको जोखिम व्यवस्थापन सहित संस्थामा पर्याप्त जोखिम कोषको व्यवस्था गर्ने साथै संस्थागत पूँजी कोषहरूलाई थप मजबुत बनाउँदै संस्थागत सुशासन कायम राख्ने अभियानमा जुटेका छौं ।

सदस्य माहानुभावहरू,

स्थापना देखी नै सहकारिताको माध्यमबाट प्रभावकारी वित्तीय तथा गैर वित्तीय सेवा प्रदान गर्दै आइरहेको कुरा सबैमा विदितै छ । समग्र देशको आर्थिक गतिविधिहरू कम चलायमान भएको अवस्थामा पनि सबै सदस्यहरूको सक्रिय सहभागिता, रचनात्मक सहयोग, कारोबार र विश्वासकै कारण केही सहकारी संस्थाहरूका कारण सहकारी प्रतिको नकारात्मकताका बढी रहेको समयमा समेत वर्तमान प्रतिस्पर्धी वित्तीय बजार, अस्वस्थ प्रतिस्पर्धालाई चिर्दै यो संस्था अविचलित रुपमा अगाडि बढ्न सफल भएको छ । यहाँहरूले संस्था प्रति देखाउनु भएको पूर्ण सदासयता र असीम मायाको लागि उच्च सम्मान एवं कृतज्ञता सहित यहाँहरूको साथ, सहयोग, सुझाव, समर्थन र विश्वासको अपेक्षा गरेका छौं । सिंगो सञ्चालक समिति निरन्तर रूपमा संस्थागत सुधार र प्रगति तर्फ उन्मुख रहने प्रतिवद्धता व्यक्त गर्दछु ।

अव म संस्थाले गरेका महत्त्वपूर्ण कार्यहरूको संक्षिप्त विवरण यहाँहरू समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

## १. संस्थाको संगठनात्मक ढाँचा र सदस्यता

"समृद्धिको प्रतीक" का रूपमा स्थापित हुने मुल ध्येय सहित आपसी सहयोग, सद्भावना र सामुहिक हितका लागि संस्था सञ्चालन गर्दै गर्दा आ.व. २०८०।०८१ को असार मसान्त सम्ममा ५१८ जना महिला र ६४० जना सदस्यहरू सहित कुल ११५८ जना सेयर सदस्य रहेकोमा आर्थिक वर्ष २०८१।०८२ को अन्त सम्ममा ५१३ जना महिला र ६४० पूरूष गरी जम्मा ११५३ जनाको सेयर सदस्यता कायम रहेको छ ।

साथै संस्था सञ्चालन गर्नको लागि ११ सदस्यीय सञ्चालक समिति, ३ सदस्यीय लेखा सुपरिवेक्षण समिति, ३ सदस्यीय ऋण उपसमिति, ३ सदस्यीय शिक्षा उपसमिति, ५ सदस्यीय महिला तथा सदस्य कल्याण उपसमिति, ३ सदस्यीय स्वास्थ्य उपसमिति र ३ सदस्यीय यूवा तथा उद्यमशिलता विकास उपसमिति रहेका छन् भने दैनिक कार्य सम्पादन गर्नको लागि अनुभवी, दक्ष ९ जना कर्मचारीहरूको व्यवस्थापन समुह रहेको छ ।

## २. आवद्धता

मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि. ले सहकारी ऐन नियमावलीहरूको व्यवस्थाअनुसार देहाय बमोजिमका निकायहरूमा आवद्ध भई सदस्यता लिएको जानकारी गराउँदछु ।

१. राष्ट्रिय सहकारी बैंक लि
२. नेपाल बचत तथा ऋण केन्द्रीय सहकरी संघ लि.
३. बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.
४. जिल्ला सहकारी संघ लि, काठमाडौं
५. काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

## ३. वैठकहरु

| | |
|---|---|
| ◆ सञ्चालक समिति | १२ पटक |
| ◆ लेखा सुपरीवेक्षण समिति | ४ पटक |
| ◆ ऋण उप समिति | १० पटक |
| ◆ स्वास्थ्य उप समिति | १ पटक |
| ◆ संयुक्त बैठक | २ पटक |

## ४. १५ औं वार्षिक साधारण सभा

मनिप्लान्ट साकोसको १५ औं वार्षिक साधारण सभा राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री बद्रिकुमार गुरागाँईको प्रमुख आतिथ्यतामा २०८१ पुस २७ गते शनिबार कार्की ब्याङ्क्वेट बबरमहलमा सम्पन्न भएको थियो । साधारण सभाको उद्घाटन सत्रमा विविध विधामा सदस्य तथा कर्मचारीहरूको सम्मान गरिएको र बन्द सत्रमा पुर्वनिर्धारित साथै थप भएका सहित १५ वटा प्रस्ताव उपर छलफल गरी निर्णय गरिएको थियो ।

**जेष्ठ सदस्य सम्मान**

संस्थामा सदस्यता कायम रहेका ७५ वर्ष माथिका उल्लेखित जेष्ठ सदस्यहरूलाई नगद रू. ३,०००/- र सम्मान पत्र प्रदान गरी जेष्ठ सदस्य सम्मान गरिएको थियो ।

क. सावित्रि देवी न्यौपाने (सदस्यता नं ७३९)
ख. शंकर प्रसाद आचार्य (सदस्यता नं ९२०)
ग. हरि प्रसाद फुयाँल (सदस्यता नं ९६१)
घ. राम प्रसाद चौलागाईं (सदस्यता नं ३१९)
ङ ऋषि बहादुर राउत (सदस्यता नं ३५०)
च. गोपाल प्रसाद कोइराला (सदस्यता नं ४३३)
छ. चुडा राज शर्मा (सदस्यता नं २१७)
ज. शंकर प्रसाद काफ्ले (सदस्यता नं ५६)
झ. केदार प्रसाद शर्मा दाहाल (सदस्यता नं ७१७)
ञ. बाल कुमारी श्रेष्ठ (सदस्यता नं ४४)
ट. इन्दिरा दलि चापागाई (सदस्यता नं ७७९)

**उत्कृष्ट बाल बचतकर्ता तर्फ**

संस्थामा नियमिति रूपमा कारोबार गर्ने बाल सदस्यहरू मध्ये उल्लेखित बाल सदस्यलाई अभिभावक मार्फत नगद रू. २,०००/- र सम्मान पत्र प्रदान गरी सम्मान गरिएको थियो ।

क) इज्ना सिलवाल

**उत्कृष्ट बचतकर्ता तर्फ**

संस्थामा नियमिति रूपमा विभिन्न शीर्षकका बचत खाताहरू खोली कारोबार गर्ने सदस्यहरू मध्ये उल्लेखित सदस्यहरूलाई नगद रू. २,०००/- र सम्मान पत्र प्रदान गरी सम्मान गरिएको थियो ।

क) कृष्ण प्रसाद न्यौपाने (सदस्यता नं १६६) ख) डा. रोमी दाहाल (सदस्यता नं ९८५)

**उत्कृष्ट ऋणी तर्फ**

संस्थाबाट प्राप्त हुने ऋण सेवा उपभोग गरेका सदस्यहरू मध्ये उल्लेखित सदस्यहरूलाई नगद रू. २,०००/- र सम्मान पत्र प्रदान गरी सम्मान गरिएको थियो ।

क) लक्ष्मी घिमिरे (सदस्यता नं १६८) ख) प्रल्लाद आचार्य (सदस्यता नं ७२९)

**उत्कृष्ट कर्मचारी सम्मान**

संस्थामा कार्यरत कर्मचारीहरू मध्ये उत्कृष्ट एवं उच्चतम कार्यसम्पादन मूल्याङ्कनको आधारमा सह-व्यवस्थापक पदमा कार्यरत कर्मचारी श्री भाष्कर न्यौपानेलाई रू. २,०००/- नगद पुरस्कारसहित उत्कृष्ट कर्मचारी सम्मान प्रदान गरिएको थियो ।

**उत्कृष्ट शैक्षिक पुरस्कार**

- SEE शैक्षिक पुरस्कार तथा सम्मानअन्तर्गत छात्र तर्फ सदस्यहरू रामेश्वर ढुङ्गाना (सदस्यता नं १९०) र सन्तोषि खनाल ढुङ्गाना (सदस्यता नं ३८२) का छोरा रनिष ढुङ्गाना साथै प्रमिला के.सी. (सदस्यता नं ८७५) का छोरा कृशल के.सी. र छात्रा तर्फ सदस्यहरू किश्वर अधिकारी (सदस्यता नं १०३२) र दिपा सिहं ठकुरी (सदस्यता नं १०३४) की छोरी कृपा अधिकारीलाई जनही रू. २,०००/- नगद पुरस्कारसहित कदर पत्र प्रदान गरिएको थियो ।

- उच्च माध्यामिक तह शैक्षिक पुरस्कार तथा सम्मानअन्तर्गत सदस्यहरू मन्दिरा प्रधानाङ (सदस्यता नं २४८) र जगदिश्वर नन्द वैद्य (सदस्यता नं ४३०) का छोरा सदस्यता नं ४५२ का जेनिश नन्द वैद्यलाई रू. २,०००/- र छात्रा तर्फ सदस्यहरू गोविन्द प्रसाद भण्डारी (सदस्यता नं २२६) र पार्वती घिमिरे भण्डारी (सदस्यता नं ४३२) की छोरी सदस्यता नं ११६७ की अनुपा भण्डारीलाई नगद पुरस्कारसहित कदर पत्र प्रदान गरिएको थियो ।
- स्नातक तह शैक्षिक पुरस्कार तथा सम्मानअन्तर्गत स्वदेशी वोर्ड विधामा छात्रा तर्फ सदस्य पवित्रा कुमारी पोखरेल घिमिरे (सदस्यता नं ६७१) की छोरी सदस्यता नं ११९२ कि सुरक्षा घिमिरे र छात्र तर्फ सदस्य वैकुण्ठ न्यौपाने (सदस्यता नं ६८) का छोरा विवेक न्यौपाने साथै विदेशी वोर्ड विधामा छात्रा तर्फ सदस्य नवल किशोर चौधरी (सदस्यता नं ५३३) की छोरी निलु चौधरी र छात्र तर्फ सदस्य दिनेश श्रेष्ठ (सदस्यता नं ५९८) का छोरा दिक्षान्त श्रेष्ठलाई जनही रू. २,०००/- नगद पुरस्कारसहित कदर पत्र प्रदान गरिएको थियो ।
- स्नातक तह (एम.बि.बि.एस.) शैक्षिक पुरस्कार तथा सम्मानअन्तर्गत छात्रा तर्फ सदस्यहरू सुभद्रा जयना (सदस्यता नं ३६७) र कालिदास धौवजि (सदस्यता नं ६४०) की छोरी डा. सुभाषिका श्रेष्ठलाई रू. २,०००/- नगद पुरस्कारसहित कदर पत्र प्रदान गरिएको थियो ।
- स्नातकोत्तर तह शैक्षिक पुरस्कार तथा सम्मानअन्तर्गत स्वदेशी वोर्ड विधामा छात्रा तर्फ सदस्यहरू राजु पराजुली (सदस्यता नं ९) र सिता राउत पराजुली (सदस्यता नं ३७) की छोरी सविना पराजुली र छात्र तर्फ सदस्यता नं ११०५ का भाष्कर न्यौपाने साथै विदेशी वोर्ड विधामा छात्रा तर्फ सदस्यहरू उद्धिम बहादुर देवकोटा (सदस्यता नं २) र कृष्णा कुमारी खरेल देवकोटा (सदस्यता नं ४३) की छोरी सदस्यता नं १८६ की कृतिका देवकोटा र छात्र तर्फ सदस्य वैकुण्ठ प्रसाद न्यौपाने (सदस्यता नं ६८) का छोरा विश्वास न्यौपानेलाई जनही रू. २,०००/- नगद पुरस्कारसहित कदर पत्र प्रदान गरिएको थियो ।
- स्नातकोत्तर तह (एम.डि.) शैक्षिक पुरस्कार तथा सम्मानअन्तर्गत छात्र तर्फ सदस्यहरू रत्नप्रसाद फुयाल (सदस्यता नं ३८) र कुमारी उर्मिला चौलागाई (सदस्यता नं १४) का छोरा डा. प्रविण फुयाललाई रू. २,०००/- नगद पुरस्कारसहित कदर पत्र प्रदान गरिएको थियो ।
- स्नातकोत्तर तह (एम.पि.एच.) शैक्षिक पुरस्कार तथा सम्मानअन्तर्गत छात्र तर्फ सदस्य पर्शुराम श्रेष्ठ (सदस्यता नं २५९) का छोरा शाज श्रेष्ठलाई रू. २,०००/- नगद पुरस्कारसहित कदर पत्र प्रदान गरिएको थियो ।
- सदस्यता नं ८३ का राजेन्द्रराज ओफा नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणी (सह-सचिव) नायब महालेखा परीक्षकमा पदोन्नति हुनुभएकोमा रू. २,०००/- नगद पुरस्कार सहित बधाई पत्र प्रदान गरिएको थियो ।

**सेयर लाभांश**

संस्थाको आ.व. २०८०/०८१ को लेखा परीक्षणबाट यकिन भएको आयकर गणना पश्चातको मुनाफाबाट सहकारी ऐन नियमावली तथा संस्थाको विनियम २०६६ को व्यवस्थाअनुसार सेयर लाभांश कोषमा प्राप्त रकमबाट संस्थाको १५ औं वार्षिक साधारण सभाको निर्णयअनुसार दिन गन्तिका आधारमा ५% सेयर लाभांश वितरण गरिएको थियो ।

**संरक्षित पूँजी फिर्ताकोष वितरण**

संस्थाको आ.व. २०८०/०८१ को लेखा परीक्षणबाट यकिन भएको आयकर गणना पश्चातको मुनाफाबाट सहकारी ऐन नियमावलीमा भएको व्यवस्थाअनुसार संरक्षित पूँजी फिर्ता कोषमा प्राप्त रकम नियमानुसार वितरण गरिएको थियो ।

## ५. सदस्य भेटघाट तथा वनभोज कार्यक्रम

२०८१ फागुन १७ गते, शनिबार सपन तिर्थ, टोखा, काठमाडौंमा सदस्य भेटघाट तथा वनभोज कार्यक्रम सम्पन्न गरिएको थियो ।

## ६. विभिन्न तालिम, गोष्ठि र कार्यक्रमहरुमा सहभागिता

- मिति २०८१ मंसिर १३ र १४ गते नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. ले आयोजना गरेको दुई दिने ऋण जोखिम व्यवस्थापन तालिममा संस्थाका सह-व्यवस्थापक भाष्कर न्यौपाने सहभागी हुनुभएको ।
- मिति २०८१ चैत्र २६ र २७ गते नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. ले आयोजना गरेको दुई दिने लेखा सुपरिवेक्षण समितिको क्षमता विकास तालिममा संस्थाका लेखा सुपरिवेक्षण समिति सदस्य निलमणी दाहाल सहभागी हुनुभएको ।
- मिति २०८२ बैशाख १६-१८ गते सम्म बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. ले आयोजना गरेको तीन दिने यूवाको लागि वित्तीय साक्षरता कार्यक्रम प्रशिक्षक प्रशिक्षण कार्यक्रममा संस्थाका सञ्चालक सदस्य हेलेन घिमिरे सहभागी हुनुभएको ।
- मिति २०८२ असार ९-१४ गते सम्म IFFCO-FMDI गुडगाउँ, हरियाणा, भारतमा आयोजना भएको Self-Regulation & Governance in Cooperatives विषयक कार्यक्रममा संस्थाका सञ्चालक सदस्य याम कुमार खड्का र सल्लाहकार जीवन गौतम सहभागी हुनुभएको ।

## ७. संस्थाको निरीक्षण तथा अनुगमन

२०८१ फागुन २८ गते सहकारी विभागबाट खटिएको ३ सदस्यीय सम्पत्ति शुद्धीकरण कानुन पालना अनुगमन टोलीले स्थलगत अनुगमन र निरीक्षण गरी २०८२ साउन ९ मा प्राप्त निर्देशनअनुसार सुधारका कार्यहरू हुँदै आएको ।

## ८. व्यवस्थापन परीक्षण

२०८१ असोज २७ गते सम्पन्न १४ औं साधारण सभामा उठेका विषयहरूको यथार्थ जानकारी एवं परीक्षण गरी आगामी दिनको कार्ययोजनाको लागि उक्त साधारण सभाबाट निर्वाचित सञ्चालक र लेखा सुपरिवेक्षण समितिको सोही दिन बसेको संयुक्त बैठकले व्यवस्थापन परीक्षण गर्नको लागि ३ सदस्यीय व्यवस्थापन परीक्षण समिति गठन गरेकोमा उक्त समितिले २०८१ माघ ७ मा व्यवस्थापन परीक्षण प्रतिवेदन पेश गरेको र उक्त प्रतिवेदनको सुझाव समेतका आधारमा संस्थागत कार्यहरू सञ्चालन हुदैं आएको छ ।

## ९. संस्थाका वस्तु तथा सेवाहरु

### बचत कार्यक्रम

संस्थाले प्रत्येक महिना सदस्यहरूबाट तोकिए मुताविकको मासिक नियमित बचतका रूपमा संकलन गर्छ । नियमित बचतसँगै सदस्यहरूले विभिन्न शीर्षकमा ऐच्छिक तथा आवधिक बचत गर्न सक्ने व्यवस्था यस संस्थाले गरेको छ । संस्थाले तपसिलअनुसारका विभिन्न बचत खाताहरूमा प्रतिस्पर्धि एवं आकर्षक ब्याजदरको व्यवस्था गरेको छ ।

| क्र.सं. | बचत खाताको प्रकार | क्र.सं. | बचत खाताको प्रकार |
|---|---|---|---|
| १. | मासिक नियमित बचत | २. | साधारण बचत |
| ३. | ज्येष्ठ नागरिक बचत | ४. | बाल बचत |
| ५. | विशेष बाल बचत | ६. | मनिप्लान्ट सुपर बचत |
| ७. | मनिप्लान्ट आह्वान बचत | ८. | स्वास्थ्य उपचार बचत |
| ९. | सेयर सदस्य हित बचत | १०. | नारी बचत |
| ११. | ५ वर्षे क्रमिक बचत | १२. | १० वर्षे क्रमिक बचत |
| १३. | १५ वर्षे क्रमिक बचत | १४. | ३ महिने आवधिक बचत |
| १५. | ६ महिने आवधिक बचत | १६. | १ वर्षे आवधिक बचत |
| १७. | मासिक ब्याज भुक्तानी बचत | १८. | दोब्बर भुक्तानी बचत |

**ऋण लगानी सेवा**

संस्थामा आवद्ध सदस्यहरूको आय आर्जन बढ्दै सदस्यहरूको आर्थिक अवस्थासमेत मजबुत हुनु पर्दछ भन्ने यस संस्थाको विश्वास रहेको छ । यसै अनुरूप संस्थामा आवद्ध सदस्यहरू जसलाई आफ्नो आय आर्जनको वृद्धिसँगै व्यवसायको विस्तार गर्न ऋणको आवश्यकता छ उनिहरूलाई संस्थाले तपसिलअनुसारका विभिन्न शीर्षकमा आय मूलक ऋण प्रदान गर्दै आइरहेको छ ।

| क्र.सं. | ऋणका प्रकार | क्र.सं. | ऋणका प्रकार |
|---|---|---|---|
| १. | व्यक्तिगत ऋण | २. | औद्योगिक ऋण |
| ३. | व्यवसाय ऋण | ४. | हायर पर्चेज ऋण |
| ५. | आवास ऋण | ६. | बचत धितो ऋण |
| ७. | कृषी तथा पशुपंक्षी पालन ऋण | ८. | शैक्षिक ऋण |
| ९. | कर्मचारी ऋण | १०. | सुविधा ऋण |
| ११. | स्वास्थ्य उपचार ऋण | १२. | सरल ऋण |

**मोवाइल कारोबार तथा एस.एम.एस अलर्ट सेवा**

सदस्यहरूलाई प्रदान गरिने सेवाको विस्तार गर्दै प्रविधिमैत्री छिटो छरितो सेवा प्रदान गर्ने हेतु आफ्नो सेवा विस्तार गर्ने सन्दर्भमा संस्थाले विगत देखिनै मोवाइल कारोबार तथा एस.एम.एस अलर्ट सेवा प्रदान गर्दै आइरहेको छ । यो सेवामार्फत सदस्यहरूलाई मोवाइलमार्फत संस्थामा गरेको कारोबारको जानकारी, मोवाइल रिचार्ज, पानी तथा बिजुलीको महशुल भुक्तानी, टिभि तथा इन्टरनेटको महशुल भुक्तानी, हवाइजहाजको टिकट खरिद, बैंक ट्रान्फर, वालेट लोड साथै संस्थागत सूचना सम्प्रेषण लगाएतका सुविधा प्रदान गरिदै आएको छ ।

## १०. ऋण असुलीका थप कार्यहरु

संस्थाले विभिन्न माध्यमबाट ताकेता गर्दा पनि समयमा ऋणको ब्याज र किस्ता भुक्तानी नगरेका सदस्यहरूको आवश्यक प्रकृया पुऱ्याई ऋणी र जमानीकर्ता सदस्यहरूको ३ पुस्ते विवरण सहित ऋण तिर्न आउने सम्बन्धी ३५ दिने सूचना मिति २०८१।०४।०३ गते बिहीबारको नयाँ पत्रिका दैनिकमा प्रकाशित गरिएको थियो । बाँकी

अन्य नियमित रूपमा ऋण भुक्तानी नगरेका ऋणि सदस्यहरूको पनि सूचना पाटीमा ऋण भुक्तानी गर्ने सम्बन्धमा सूचना प्रकाशन गरिएको र क्रमशः रीतपूर्वक ऋण अशुलिका थप कानुनी कार्यहरू गर्ने तयारीमा रहेको व्यहोरा समेत जानकारी गराइन्छ ।

## ११. सदस्य सुरक्षा कार्यक्रम

सञ्चालक समितिको निर्णय एवं विभिन्न समयमा सम्पन्न वार्षिक साधरण सभामा भएका छलफल एवं निर्णयहरूका आधारमा संस्थामा सदस्य हित एवं सेवा कार्यक्रम सञ्चालन हुँदै आएको व्यहोरा सम्पूर्ण सदस्यहरूमा सर्वविदितै छ । यस कार्यक्रमअन्तर्गत हामीले सदस्यहरूको कुनै रोगको उपचारको क्रममा अस्पतालमा भर्ना भई उपचार गर्दा वा शल्यक्रिया गर्दा रू. ५,०००/- देखी रू. २५,०००/- सम्म, सदस्य सुत्केरी हुँदा रू. ५,०००/-, नवजात शिशुको लागि रू. १,०००/- संस्थाले व्यहोरी खाता खोल्ने र सदस्यको मृत्यु भएमा रू. १०,०००/- समवेदना राहत स्वरूप परिवारजनमा प्रदान गर्दै आएको सबैमा विदितैछ । सदस्य सुरक्षा कार्यक्रमहरूलाई सदस्य कल्याण तथा सेवा कार्यविधिमार्फत थप व्यवस्थित गर्दै लगिनेछ ।

सदस्यता लिदाँ सदस्य हित बचत तथा सदस्य स्वास्थ्य बचत कार्यक्रममा तोकिए मुताविकको शुल्क बुझाई सदस्यहरूले सदस्य सुरक्षा कार्यक्रममा आवद्ध हुनुपर्ने व्यवस्थाअनुसार २०८२ असार मसान्त सम्ममा यस कार्यक्रममा १००० सदस्यहरू आवद्ध हुनुभएको समेत यो सभामा जानकारी गराउन चाहान्छु । सदस्य सुरक्षा कार्यक्रममा आबद्ध भएको सदस्यहरू मध्ये विभिन्न रोग लागि अस्पतालमा भर्ना भई उपचार गर्ने वा उपचारको शिलशिलामा शल्यक्रिया गर्नुपरेका ३ जना सदस्यहरूलाई कुल रू. २५,०००/- (अक्षरूपी पच्चिस हजार रूपैयाँ मात्र) प्रदान गरिएको जानकारी गर्दछु । आर्थिक वर्ष २०८१/०८२ को अवधिमा संस्थाले ४ जना सदस्यका परिवारमा समवेदना राहत स्वरूप रू. ४०,०००/- (अक्षरूपी चालिस हजार रूपैयाँ मात्र) प्रदान गरिएको जानकारी गर्दछु ।

## १२. जोखिम व्यवस्थापन

नगद परिचालन कार्यविधि र संस्थामा विद्यमान अन्य प्रावधान बमोजिम संस्थामा दैनिक कारोबार गर्नको निम्ति कार्यालय परिसर भित्र रहने नगदको जोखिम व्यवस्थापन गर्न काउन्टर र भल्टमा हुने नगद रू. ५०,००,०००/- (पाचास लाख) तथा मार्गस्थ रू. ३०,००,०००/- (तीस लाख) को बीमा गरिएको छ । संस्थामा कार्यरत अधिकांश कर्मचारिहरू सामाजिक सुरक्षा कोषमा आवद्ध रहेको कारण दुर्घटना बीमा तथा स्वास्थ्य उपचार बीमा नगरिएको तर सम्पूर्ण कर्मचारिहरूको एक लाखदेखी पाँच लाखसम्मको जीवन बीमा गरिएको छ ।

## १३. एकिकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आवद्धता र कार्यान्वयनको अवस्था

- सहकारी नियमावली २०७५ को दफा ७२(२) बमोजिम मनिप्लान्ट साकोस एकिकृत व्यवस्थापन सूचना प्रणालीमा आवद्ध भएको ।
- उक्त प्रणालीमा वार्षिक रूपमा संस्थाले अद्यावधिक गर्नुपर्ने समष्टिगत विवरण अद्यावधिक गरेको ।
- संस्थाले मासिक रूपमा यस प्राणालिमा आर्थिक विवरणहरू अद्ययावधिक गर्न सूरू गरेको ।
- कोपोमिस प्रणालिमा संस्थामा आवद्ध सदस्यहरूको विवरण अद्यावधिक गर्नुपर्नेमा संस्थाका अधिकांश सदस्यहरूको विवरण अद्ययावधिक भईसकेको ।

## १४. सम्पत्ति शुद्धिकरण निवारणसम्बन्धी सहकारी संघ/संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७४ को कार्यान्वयनको अवस्था

**सदस्य पहिचान (Know Your Member) सम्बन्धी व्यवस्था**

- संस्थामा नयाँ सदस्यहरूको हकमा सदस्य पहिचान फारम भरी सदस्यहरूको विवरण नियमित रूपमा अद्यावधिक गरिएको ।
- संस्थामा आवद्ध सम्पूर्ण पुराना सदस्यहरूको समेत सदस्य पहिचान फारम भरी नियमित रूपमा अद्यावधिक गर्दै लगिएको र चालु आ.व. मा सम्पत्ति शुद्धीकरण कानुन पालना अनुगमन टोलीले स्थलगत अनुगमन र निरीक्षण गरी प्रदान गरेको निर्देशन मुताविक सम्पूर्ण सकृय सदस्यहरूको सदस्य पहिचान फारम अद्यावधिकको कार्य सम्पन्न गरिनेछ ।

**जोखिमका आधारमा सदस्यहरुको वर्गिकरण**

सम्पत्ति शुद्धिकरण निवारणसम्बन्धी सहकारी संघ/संस्थालाई जारी गरिएको निर्देशन २०७४ बमोजिम सदस्य पहिचान फारम अद्यावधिक गर्ने कार्य हुदैं गरेकोले आ.व. २०८१/०८२ मा सदस्यहरूको वर्गिकरणको काम हुन नसकेकोमा सम्पत्ति शुद्धीकरण कानुन पालना अनुगमन टोलीले स्थलगत अनुगमन र निरीक्षण गरी प्रदान गरेको निर्देशन मुताविक चालु आ.व. बाट वर्गिकरणको काम सुरू गरिएको छ ।

**सीमा कारोबारको विवरण**

सीमा कारोबार (Threshold Transaction) सम्बन्धी प्रतिवेदन त्यस्तो कारोबार भएको मितिले १५ दिन भित्र वित्तीय जानकारी इकाईले तोके बमोजिमको ढाँचामा वित्तीय जानकारी इकाईमा प्रदान गरिदैँ आएको छ ।

**सीमा कारोबारको स्रोत खुलासा लिनुपर्ने**

रू. १० लाख वा सो भन्दा बढी रकम कारोबार हुँदा अनिवार्य स्रोतको स्व-घोषणामार्फत सदस्य स्वयम्ले खुलाउन मिल्ने व्यवस्था गरिएको छ ।

**उच्च पदस्थ पदाधिकारी सदस्य संख्या**

संस्थामा भएका सदस्यहरूको सूची र सदस्य पहिचान फारम अद्यावधिक भएका सदस्यहरूमा कार्यविधिले तोके बमोजिम उच्च पदस्थ पदाधिकारीहरूको सदस्यताको वर्गिकरण गरिएको छ ।

**वित्तीय जानकारी ईकाइको निर्देशनको पालना**

वित्तीय जानकारी इकाईले जारी गरेको सिमा कारोबार तथा शंकास्पद कारोबारसम्बन्धी निर्देशन तथा मार्गदर्शनको पालना गरिरहेको छ ।

**goAml मा आवद्धता**

सम्पत्ति शुद्धिकरण निवारणसम्बन्धी कानुनको पालनाको लागि नेपाल राष्ट्र बैंक अन्तर्गतको वित्तीय जानकारी इकाईको मातहतमा सञ्चालित goAml मा आवद्ध भएको र निर्देशनअनुसारको प्रतिवेदन पेश गर्ने गरिएको छ ।

**प्रतिवेदन पठाउने सम्बन्धमा**

सम्पत्ति शुद्धिकरण निवारणसम्बन्धी सहकारी संघ/संस्थालाई जारी गरिएको निर्देशन २०७४ बमोजिम सम्पादन गरेका कार्यहरूको उक्त निर्देशनको अनुसूची-६ को ढाँचामा उक्त अवधि व्यतित् भएको ७ दिनभित्र चालु आ.व. देखी प्रतिवेदन पठाउने व्यवस्था गरिएको छ ।

## १५. सुशासन, पारदर्शिता, मितव्ययिता र नियम कानुनको पालना सम्बन्धमा

सहकारी ऐन २०७४, नियमावली २०७५ लगायत सहकारी संस्थाहरूमा आकर्षितहुने अन्य ऐन, नियम, नियामक निकायहरूको थप निर्देशन एवं व्यवस्थाहरू नियमअनुसार पालना गर्दै आइएको छ । सहकारी ऐन र नियमावली, संस्थाको विनियमका व्यवस्थाहरू मुताविक वार्षिक साधारण सभाबाट स्वीकृत भएका विभिन्न कार्यविधिहरू मुताविक संस्थाका आन्तरिक कार्यहरू हुदैं आएका छन् ।

यस संस्थाले सहकारी ऐन, नियम, निर्देशन एवं आन्तरिक नीतिहरूको पालना गरी नियमनकारी निकायको नियमित नियमनमा रही आफ्नो कारोबारलाई सकेसम्म कम खर्चमा सम्पन्न गरी राजस्वमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । निर्णय तथा सूचनाहरू आना सदस्यहरू सम्म पुऱ्याउन हरेक निर्णयको आवश्यकता मुताविकका जानकारीहरू सूचना पाटीमा टाँस गर्ने र आवश्यकताअनुसार सञ्चार माध्यम एवं सामाजिक सञ्जालसमेतको उपयोग गरिदै आएको छ । साधारण सभाबाट निर्वाचित लेखा समितिले संस्थाको कारोबार तथा हरहिसाब समय–समयमा योजना बनाई हेर्ने गरेको, स्वीकृति प्राप्त चार्टर्ड एकाउन्टेन्टबाट NFRS अनुसार नियमित रूपमा समयमै लेखा परीक्षण गर्ने गरिएको छ ।

## १६. वार्षिक साधारण सभामा छलफल तथा निर्णय हुने विषयहरु

यस १६ औँ साधारण सभामा निर्णयार्थ पेश भएका छलफलका विषयहरू तपसिलअनुसार रहेका छन् ।

१. आ.व. २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. आ.व. २०८१/०८२ को कोषाध्यक्षको आर्थिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. आ.व. २०८१/०८२ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

४. आ.व. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन, लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक अनुमोदन सम्बन्धमा ।

५. आ.व. २०८२/०८३ को प्रस्तावित कार्ययोजना र वार्षिक बजेट उपर छलफल गरी पारित गर्ने सम्बन्धमा

६. आ.व. २०८२/०८३ को लेखा परीक्षण गर्न लेखा परीक्षक नियुक्ति तथा परिश्रमिक निर्धारण सम्बन्धमा ।

७. आ.व. २०८१/०८२ को सेयर लाभांश वितरण तथा संरक्षित पुँजी फिर्ता कोषको रकम व्यवस्थापन प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

८. साधारण सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।

९. विविध ।

   ९.१ सञ्चालक समितिले गरेका निर्णयहरूको अनुमोदन ।

   ९.२ सदस्य कल्याण तथा सेवा र ऋण परिचालन कार्यविधि संशोधन स्वीकृती ।

   ९.३ ऋणमा दिइएको सहुलियतको अनुमोदन ।

सेयर सदस्य माहानुभावहरू !

अब म सदस्यहरूको व्यवसायीकरण र गुणस्तरयुक्त जीवन पद्धतीका लागि निर्दिष्ट रहने गरी तयार पारिएका आर्थिक वर्ष २०८२/०८३ का लागि निर्धारित नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु ।

१. नजजात शिशु र आमाको स्वास्थ्यको लागि पौष्टिक आहारसहितको सुत्केरी भेटघाट तथा बधाई कार्यक्रमलाई परिमार्जन गरी रू. ५०००/- संस्थामा खाता खोलि नवजात शिशुको नाममा जम्मा गरिनेछ ।

२. रोगको वर्गिकरण गरी सदस्य कल्याण तथा सेवा कार्यविधिको व्यवस्थाअनुसार स्वास्थ्य उपसमितिको सिफारिसको आधारमा रू. ५,०००/- देखी रू. २५,०००/- सम्म स्वास्थ्य उपचार खर्च प्रदान गरिनेछ ।

३. सदस्यहरूको मृत्यु भएमा समवेदना राहत स्वरूप परिवारलाई संस्थाबाट रू. १५,०००/- प्रदान गरिनेछ ।

४. चिकित्सकद्वारा प्रमाणित कागजातका आधारमा स्वास्थ्य उपचार कर्जा बढीमा ६ महिनासम्मको लागि निर्ब्याजी रू. ५०,०००/- सम्म बिना धितो उपलब्ध गराइनेछ ।

५. नेपाल भित्र सेयर सदस्यलाई पैसाको कारणले व्यवहारिक कठिनाई भएमा अस्पताल भर्ना भई उपचार लिन समस्या भएमा परिवारमा समस्या परी तुरून्तै रकमको आवश्यकता पर्दा बढिमा रू. २५ हजारसम्म रकम ३ महिनाभित्र फिर्ता गर्ने गरी उपलब्ध गराईने छ ।

६. मनिप्लान्ट उत्कृष्ट शैक्षिक पुरस्कार कक्षा १२ का २/२ जना छात्रछात्राहरूका लागि मात्र प्रदान गर्ने गरी परिमार्जन गरिएको छ ।

७ उत्कृष्ट बचत र असल ऋण कारोबार कर्ता महिला र पुरूष एक एक जना सदस्यहरूलाई प्रशंसा पत्र सहित सम्मान गरिनेछ ।

८. प्रतिस्पर्धात्मक बजार र संस्थाको क्षमताअनुसार समयसापेक्ष बचत र कर्जा दुबै तर्फको ब्याजदरमा परिमार्जन गर्दै लगिने छ ।

९. समयसापेक्ष क्षमता अभिवृद्धिका लागि कर्मचारी, समिति तथा उपसमिति तथा सदस्यहरूलाई तालिम एवं भ्रमणमा सहभागी गराउँदै लगिनेछ ।

१०. नेपाल सरकारको नीति तथा कार्यक्रम, सहकारी ऐन २०७४, नियमावली २०७५ का व्यवस्था मुताविक गठन हुने विशिष्टकृत सहकारी संघ संस्थाहरूमा व्यवसायिकता र आवश्यकताको मूल्याङ्कन गरी उपयुक्त ठहरिएमा संस्थागत प्रतिनिधित्व गर्दै लगानी गरिनेछ ।

११. सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा PEARLS सूचकहरूको मार्गदर्शनमा संस्थाको वित्तीय व्यवस्थापन प्रणाली विकास गर्दै लगिने छ ।

१२. संस्थाद्वारा आवश्यकताअनुसार विभिन्न सामाजिक उत्तरदायित्वको कार्यक्रम गरिनेछ ।

१३. Moneyplant SACCOS, Smart Banking App मार्फत हुँदै आएको कारोबारलाई थप विस्तार एवं सुविधा सहित Mobile Banking, SMS Banking को सेवा थप प्रभावकारी बनाइने छ ।

१४. सदस्यहरूबीच संस्थाको सेवा सुविधा तथा संस्थागत अवस्थाको विश्लेषणात्मक अन्तरक्रिया कार्यक्रमहरू गरीनेछ ।

१५. सदस्यहबीच सहकारी शिक्षा तथा वित्तीय साक्षरतासम्बन्धी तालिम गोष्ठिको आयोजना गरिनेछ ।

१६. यस संस्था र अन्य संस्थाका बीच आवश्यकताअनुसार सञ्चालक तथा कर्मचारीहरूबीचमा भेटघाट तथा अन्तरक्रिया कार्यक्रम गरी सीप, ज्ञान तथा अनुभव आदानप्रदान गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

१७. लगानीमा रहिरहेका ऋणहरूलाई प्रचलित कानुनको सीमाभित्र राखिनेछ ।

१८. विगतमा संस्थाबाट प्रदान गरिदैं आएको सदस्य सुविधा कर्जाको सीमा रू. १,२५,०००/- बाट रू. १,३५,०००/- कायम गरिएको छ । सुविधा कर्जाको ब्याजदर EMI मा १०% र मासिक ब्याजमात्र भुक्तानी गर्दा १२% कायम गरिनेछ ।

१९. आवास निर्माण तथा सवारी साधन खरिद गर्ने प्रयोजनको लागि लगानी हुने ऋणमा पर्याप्त धितो सुरक्षण लिई १२% EMI मा ऋण लगानी गरिनेछ ।

२०. विगतमा गरिएको ऋण असुलीसम्बन्धी प्रकृयालाई निरन्तरता दिई असुलीको लागि ऋण परिचालन कार्यविधि २०८१ संशोधनसहित कार्यान्वयन गरिनेछ ।

२१. दुर्घटनामा परी शारीरिक वा मानशिक रूपमा अशक्त भएमा सदस्यहरूलाई जीविकोपार्जनमा सहयोग स्वरूप रू. ५०,०००/- प्रदान गरी निजको नाममा संस्थामा मासिक ब्याज भुक्तानी हुने गरी आवधिक बचत खाता खोली राख्ने व्यवस्था गरिएको छ ।

२२. संस्थामा कायम सदस्यहरूको विवाह हुँदा नव दुलाहा वा नव दुलही स्वागत कार्यक्रम स्वरूप संस्थाको सदस्यता लिदा रू. ५,०००/- देखी रू. १०,०००/- सम्मको संस्थाको सेयर उपहार स्वरूप प्रदान गरिने छ ।

सेयर सदस्य महानुभावहरू,

यहाँहरू समक्ष संस्थाले हालसम्म भए गरेका गतिविधि र आगामी नीति, योजना तथा कार्यक्रमहरू पेश गरेको छु । यहाँहरूबाट गहन छलफल गरी उपयुक्त सुझाव सहित पारित गर्नु हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु । यहाँहरूको पूर्ण विश्वास एवं सक्रिय सहभागिताले नै यो संस्था सबल रूपमा यहाँसम्म आइपुगेको छ । संस्थाको उचाइ यहाँसम्म पुऱ्याउने प्रथम श्रेय यहाँहरूलाई नै छ । यहाँहरूले पूर्ण विश्वास गरी सुम्पिनु भएको जिम्मेवारीलाई इमान्दारिताका साथ पुरा गर्न तल्लिन सबै समिति-उपसमितिका साथीहरू, सल्लाहकारज्युहरू, सम्पूर्ण सेयर सदस्यज्युहरू, कर्मचारीहरू, हामीलाई आवश्यक सल्लाह र सुझाव सहित सहयोग गर्नुहुने हाम्रा शुभचिन्तक महानुभावहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु । उपस्थित सम्पूर्ण महानुभावहरू प्रति पुनः मेरो व्यक्तिगत एवं संस्थाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दै यो प्रतिवेदन यहीं अन्त गर्दछु ।

धन्यवाद !

जय सहकारी !!

जय मनिप्लान्ट साकोस !!!

# १६ औं वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिको तर्फबाट संयोजक किरण मास्केद्वारा प्रस्तुत प्रतिवेदन

मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६ औं वार्षिक साधारण सभाका सभापती ज्यू, अतिथि ज्यूहरू, संस्थाका सल्लाहकारज्यूहरू, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, विभिन्न उपसमितिका सहकर्मी साथीहरू, पत्रकार साथिहरू, कर्मचारी तथा सम्पूर्ण सेयर सदस्यज्यूहरू लगायत सम्पूर्णमा लेखा सुपरिवेक्षण समिति र मेरो व्यक्तिगत तर्फबाट सहकारीमय हार्दिक स्वागत एवं न्यानो अभिवादन व्यक्त गर्दछु ।

सहकारी ऐन नियमावलीमा व्यवस्था भए अनुसार लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र रही हामी यस समितिका तीनै जनाले जिम्मेवारी र चुनौती एक साथ व्यवस्थापन गर्दै यस संस्थाको आन्तरिक सुपरीवेक्षण गर्ने क्रममा देखिएका कुराहरूलाई सुधार गर्ने आवश्यक सुझाव दिने तथा कार्यप्रगतिको समिक्षा गर्ने गर्दै आईरहेका छौं ।

आ.व. २०८१।०८२ मा लेखा सुपरीवेक्षण समितिले गरेका काम कारबाहीको विवरण र व्यवस्थापन तथा सञ्चालक समितिलाई दिएका महत्त्वपूर्ण सुझावहरूको साराशं यस गरिमामय सभामा प्रस्तुत गरेका छौं । अनुगमन तथा परीक्षणको समयमा संस्थाको आम्दानी र खर्चहरू नियमानुसार भए नभएको, बचत संकलन लक्ष्यअनुसार भए नभएको संस्थाको आन्तरिक ऋण परिचालन कार्यविधि अनुरूप ऋण लगानी भए नभएको, ऋण असुलिको अवस्था, सम्पत्ति सामानहरूको अवस्था तथा उपयोगको मापन, चालु सम्पत्ति तथा दायित्वहरूको स्थिति लगायतका अन्य महत्त्वपूर्ण विषयमा विशेष महत्त्व र समय दिई समितिले आफ्नो कार्यसम्पादन गरेको सम्पूर्ण सदस्यहरूमा जानकारी गराउन चाहन्छौँ ।

सहकारी सिद्धान्त अनुसारनै संस्थाका वित्तीय कारोबारहरूको मूल्याङ्कन पर्ल्स प्रणालीमा उल्लेखित सूचकका आधारमा परीक्षण गरिएको छ । सोही प्रणाली र अन्य वित्तीय सूचक मुताविक संस्थाको कारोबारहरूको सञ्चालन एवं विस्तार गर्नको लागि समय समयमा सञ्चालक समितिलाई आवश्यक राय, सल्लाह, सुझाव तथा निर्देशनहरू यस समितिले दिंदै आएको छ । साथै समितिले बेलाबेलामा ऋण उप समितिलाई समेत ऋण तथा ब्याज असुली र ऋण ताकेता सम्बन्धमा निर्देशन तथा सुझावसमेत प्रदान गर्दै आएको छ । सदस्य सेवा सुविधा र निरन्तरताका लागि यस समितिको निरन्तर खबरदारी, सल्लाह सुझाव र निर्देशन जारी रहेको समेत यहाँ सम्मानित साधारण सभामा जानकारी गराउन चाहन्छौं । आ.व. २०८१/२०८२ को अवधिमा यस समितिले समय समयमा गरेका परीक्षण, निरीक्षणका आधारमा संस्थाको लेखा तथा कारोबार ठीक दुरूस्त राख्नका लागि यस समितिबाट संस्थागत आन्तरिक परीक्षण, अनुगमन तथा सुपरिवेक्षण गरी तयार परिएको लेखा सुपरिवेक्षण समितिको संक्षिप्त प्रतिवेदन यहाँ पेश गर्ने अनुमति चाहन्छौं ।

## १. अघिल्लो साधारण सभाको निर्णयको अवस्था

यस मनिप्लान्ट साकोसको १५ औं वार्षिक साधारण सभा राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री बद्रिकुमार गुरागाँईको प्रमुख आतिथ्यतामा २०८१ पुस २७ गते शनिबार कार्की ब्याङ्क्वेट बबरमहलमा सम्पन्न भएको थियो । सहकारी ऐन २०७४ को दफा ४० को उपदफा ४ ले साधारण सभाको लागि गणपुरक संख्या तत्काल कायम सदस्यहरूको कम्तिमा ५१ प्रतिशत रहनुपर्ने व्यवस्था गरेकोमा यस संस्थाको साधारण सभाको समयमा कायम ११६० सदस्यहरू मध्ये ७०६ जना (६०.८६ प्रतिशत) सदस्यहरूको उपस्थितिमा पुर्वनिर्धारित साथै थप भएका सहित १५ वटा प्रस्ताव उपर छलफल गरी निर्णय गरिएकोमा कार्यान्वयन समेत भएको पाइयो ।

## २. आ.व. २०८१/०८२ मा बसेको बैठक संख्या, निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था

| | |
|---|---|
| २.१ सञ्चालक समिति | १२ पटक |
| २.२ लेखा सुपरिवेक्षण समिति | ४ पटक |
| २.३ ऋण उप समिति | १० पटक |
| २.४ स्वास्थ्य उप समिति | १ पटक |
| २.५ संयुक्त बैठक | २ पटक |

आदरणीय सेयर सदस्यज्युहरू माथि उल्लेखित सबै समितिहरूको बैठकबाट भएको निर्णयहरू कार्यान्वयन हुन बाँकी नदेखिएको समेत जानकारी गराउँदछौं ।

## ३. ऋण लगानीको प्रक्रिया ऋण बापतको सुरक्षण वा धितोसम्बन्धी व्यबस्था

संस्थाले ऋण लगानी गर्दा ऋण परिचालन कार्यविधि तथा विभिन्न समयमा सञ्चालक समितिले गरेका निर्णयमा उल्लेख गरिएको प्रक्रियाअनुसार गर्ने गरेको साथै ऋण लगानीको लागि सूचिकृत धितो मुल्याङ्कनकर्ता मार्फत धितो जन्य सम्पत्तिहरूको मुल्याङ्कन गराई ऋण लगानीको लागि पर्याप्त सुरक्षण लिने गरेको पाइयो ।

## ४. नियामक निकायबाट जारी नीति नियमहरुको पालनासम्बन्धी संक्षिप्त विवरण

संघीय सहकारी सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन तथा नियमावली २०७५, लेखा परीक्षण निर्देशिका २०७५, सम्पत्ति शुद्धिकरण निवारणसम्बन्धी सहकारी संघ/संस्थाहरूलाई जारी गरिएको निर्देशन २०७४, राष्ट्रिय सहकारी नियमन प्राधिकरण तथा नियामक निकायबाट बेलाबेलामा जारी हुने थप निर्देशन एवं संस्थाको विनियम तथा सहकारी संस्थाहरूमा लागुहुने अन्य कानुनी व्यवस्था अनुरूपका नीति तथा निर्देशिकाहरूको पालना नियमानुसार गरेको पाइयो ।

## ५. पदाधिकारीहरु तथा व्यवस्थापन प्रमुखको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण

५.१. संस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूलाई प्रति बैठक रू. २,५००/- मा नियमानुसारको कर कट्टी गरी बैठक भत्ता भुक्तानी गर्ने गरिएको ।

५.२. संस्थाका अध्यक्षलाई मासिक रू. १८,०००/- मा नियमानुसारको कर कट्टी गरी भत्ता तथा सञ्चार सुविधाका रूपमा प्रदान गर्ने गरिएको ।

५.३ संस्थामा अन्य कुनै पनि समिति तथा उपसमितिका पदाधिकारी तथा सदस्यहरूले कुनै प्रकारको पारिश्रमिक तथा अन्य सुविधा नलिएको ।

५.४. सञ्चालक समितिद्वारा गठित विभिन्न उपसमितिका पदाधिकारीहरूलाई प्रति बैठक रू. १,५००/- मा कर कट्टी गरी भुक्तानी गर्ने गरिएको तर संयुक्त बैठकहरूमा भने सञ्चालक समिति सरह बैठक भत्ता भुक्तानी गर्ने गरिएको ।

५.५ व्यवस्थापन प्रमुखको रूपमा प्रमुख कार्यकारी अधिकृत रहेको र प्रमुख कार्यकारी अधिकृतको आधारभुत तलब स्केल रू. ७५,०००/- मा नियमानुसारको सञ्चयकोष सुविधा सहित मासिक रूपमा खाजा खर्च बापत रू. २,५००/-, संस्थाले उपलब्ध गराएको ९८०१८४१७१० नम्बरको मोवाइलमा रू. ३९०/- को रिचार्ज र ५ लाख बराबरको जीवन बीमाको वार्षिक बीमाशुल्क प्रदान गर्ने गरिएको पाइयो । साथै प्रमुख कार्यकारी अधिकृतलाई सवारी साधन सुविधा स्वरूप संस्थाको नाममा दर्ता कायम भएको बा.१६च. ८६०८ SUZUKI Swift ZXI कार र मासिक ७० लिटर पेट्रोल सुविधा प्रदान गर्ने गरिएको ।

## ६. कर्मचारी प्रशासनसम्बन्धी व्यबस्था

६.१. संस्थाको वार्षिक साधारण सभाबाट पारित गरिएको मानव संशाधन व्यवस्थापन कार्यविधि रहेको ।

६.२. संस्थामा कर्मचारी भर्ना तथा छनौट प्रक्रिया सोही कार्यविधिअनुसार पारदर्शी र प्रतिस्पर्धी भएको ।

६.३. सदस्य संख्या र दैनिक कारोबारको अनुपातमा कर्मचारी र कार्यभारबीच तादम्यता रहेको देखियो ।

६.४. व्यवस्थापन प्रमुखको योग्यता र क्षमतासम्बन्धी विवरण

संस्थाको प्रमुख कार्यकारी अधिकृतको शैक्षिक योग्यता शिक्षा शास्त्र तथा वाणिज्य शास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण रहेको छ । व्यवस्थापन प्रमुख कार्मचारी तथा कार्यसम्पादन व्यवस्थापनमा योग्य र क्षमतावान रहेको र नीजले तीन दशक भन्दा बढिको आफ्नो प्रशासनिक एवं व्यवस्थापकीय अनुभव र दक्षता अनुरूप संस्था स्थापना देखी नै यसै संस्थामा व्यवस्थापन प्रमुखको रूपमा कार्यसम्पादन गर्दै आउनुभएकोमा उहाँले आफ्नो क्षमता र योग्यता संस्था र सदस्यहरूको हितको लागि पूर्ण रूपमा प्रयोग गरेको देखिन्छ ।

६.५. कर्मचारीहरूको तलब भत्ता तथा अन्य सुविधा

संस्थामा कार्यरत कर्मचारीहरू मध्ये प्रमुख कार्यकारी अधिकृत, सुरक्षा गार्ड र करारमा रहेका कर्मचारीहरू बाहेकका कर्मचारीहरूलाई सामाजिक सुरक्षाकोषमा आवद्ध गराई नियमानुसारको रकमहरू दाखिला गर्ने गरेको र सम्पूर्ण कर्मचारीहरूलाई संस्थाको मावन संशाधन व्यवस्थापन कार्यविधि मुताविकका सेवा सुविधा एवं सञ्चालक समितिले समय सापेक्ष परिमार्जन गरी तलब सुविधा प्रदान गर्ने गरेको पाइयो ।

६.६. कर्मचारीहरूको भर्ना प्रक्रिया र संख्या

कर्मचारी भर्ना प्रक्रिया संस्थाको मानव संशाधन व्यवस्थापन कार्यविधिअनुसार कार्यान्वयन भएको छ । संस्थामा आर्थिक वर्ष २०८१/०८२ को अन्त्य सम्ममा प्रमुख कार्यकारी अधिकृत-१, नायब प्रमुख कार्यकारी अधिकृत-१, सह-व्यवस्थापक-१, सहायक-३, उप-सहायक-१, कार्यालय सहयोगी-१ र सुरक्षा गार्ड-१ गरी गरी ९ जना कर्मचारीहरू कार्यरत रहेको ।

## ७. लेखा सुपरीवेक्षण समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझाबहरुको कार्यान्वयनको अवस्था

समय समयमा लेखा सुपरीवेक्षण समितिको बैठक संस्थामा बसी सम्पूर्ण कागजातहरूको अध्ययन साथै विश्लेषण गरी दिईएका सुझाब तथा निर्देशनहरू सञ्चालक समिति, विभिन्न उप समितिहरू तथा कार्यलय व्यवस्थापनबाट कार्यान्वयन हुने गरेको छ । यस समितिमार्फत आन्तरिक नीरीक्षणको क्रममा दिइएका सुझावहरू सञ्चालक समितिको बैठकमा विस्तृत रूपमा छलफल गरी यथाशिघ्र कार्यान्वयन गर्ने/गराउने कार्यका लागि सञ्चालक समिति प्रति लेखा सुपरीवेक्षण समिति हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

## ८. लेखा समितिले उल्लेख गर्न चाहेको अन्य विवरणहरु

८.१ सहकारी नियमावली २०७५ को दफा ७२(२) बमोजिम मनिप्लान्ट साकोस एकिकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आवद्ध भई तोकिए अनुसारको सदस्यता विवरण लगाएत अन्य सूचना तथा कारोबारहरू प्रविष्ठ गर्ने गरेको ।

८.२ सम्पत्ति शुद्धिकरण निवारणसम्बन्धी कानुनको पालनाको लागि नेपाल राष्ट्र बैंकअन्तर्गतको वित्तीय जानकारी इकाईको मातहतमा सञ्चालित goAml मा संस्था आवद्ध भई नियमानुसारको विवरणहरू दाखिला गर्ने गरेको ।

८.३ संस्थामा कार्यरत कर्मचारीहरूको सहुलिएत एवं सुनिश्चितताको लागि श्रम ऐनले निर्धारण गरेका सेवा सुविधा प्रदान गरेको साथै संस्था नेपाल सरकारबाट सञ्चालित सामाजिक सुरक्षा कोषमा आवद्ध भएको ।

८.४ व्यवसायिक एवं व्यापारिक क्षेत्रमा संस्था सञ्चालन हुँदै गर्दा समेत संस्थाले सदस्यहरूमा नियमित बचत गर्ने बानीको विकास गर्न एवं सहकारी ऐन नियम तथा सिद्धान्त अनुरूप नियमित बचत कार्यक्रम लागु गरी सहकारीको भावनाअनुसार सदस्यहरूलाई मासिक बचत गर्न अभिप्रेरित गरिरहेको छ ।

८.५ संस्थाले कारोबारहरूको अभिलेख कम्प्यूटर सफ्टवयेरमा राखी डिजिटल माध्यमबाट कारोबार सञ्चालन गरेको, मोवाइल कारोबार सेवा तथा एस.एम.एस. अलर्ट सेवा मार्फत सदस्यहरूमा विश्वसनीयता वृद्धि हुँदै गएको ।

८.६ समग्र सहकारी क्षेत्रमा देखिएको तरलता अभावको समयमा समेत यस संस्थाले आवश्यकता मुताविक तरलता व्यवस्थापन गरी सदस्यहरूको आवश्यकता परिपुर्ति गर्न सफल भएको ।

८.७ संस्थाले सामाजिक सञ्जालमार्फत समग्र सहकारी अभियानलाई टेवा पुग्ने गरी गर्दै आएको समसामयिक विषयका प्रश्नोत्तर कार्यक्रम, सदस्य भेटघाट तथा वनभोज कार्यक्रम, सदस्यसँग मनिप्लान्ट कार्यक्रममार्फत निरन्तर रूपमा सदस्यहरूलाई एकतावद्ध गराई सदस्यहरूलाई संस्थागत सूचनालगाएत अन्य जानकारी दिदै आइरहेको र उक्त कार्यक्रमहरूमा आम सदस्यहरूको उत्साहप्रद सहभागिता रहेको पाइयो ।

८.८ नव विवाहित दुलही स्वागत, सुत्केरी सदस्य भेटघाट गरी नवजात शिशुको बाल बचत खाता खोल्ने कार्यक्रम, सदस्य स्वास्थ्य उपचार कार्यक्रम, सदस्यहरूको मृत्यु हुँदा परिवारलाई प्रदान गरिने समवेदना राहत कार्यक्रमलगाएत अन्य कार्यक्रमहरू समेटी सदस्य कल्याण तथा सेवा कार्यविधिमार्फत सदस्य सुरक्षा कार्यक्रम सञ्चालन गरिएको छ ।

८.९ ऋणी सदस्यहरूलाई ऋण भुक्तानीमा नियमित गराउन व्यवस्थापन, ऋण उपसमिति एवं सञ्चालक समितिलगायत सबैको निरन्तर सकृयताको आवश्यकता दर्शाउँदै संस्थामा अघिल्लो आ.व. को तुलानामा उठन बाँकी ब्याज यस आ.व.मा बढेको देखिएकोले यसलाई न्युनिकरण गर्ने तर्फ सम्बन्धित सबैको ध्यानाकर्षण गरिन्छ ।

## ९. लेखा तथा सुपरीवेक्षण समितिको सुझाव

९.१ संस्थाबाट लगानी भएका केही पुराना ऋणको साँवा तथा ब्याज असुली आंशिक रूपमा भएको देखिएको तथा प्राप्त हुनुपर्ने ब्याज आम्दानीमा ठुलो रकम उठ्न बाँकी रहेकोले संस्थाले ऋण जोखिम कोषमा सोही अनुसारको रकम व्यवस्था गर्नु परेको छ । यसबाट संस्थाको मुनाफामा प्रत्यक्ष असर परेको छ । तसर्थ ऋणको साँवा तथा ब्याज असुलीको लागि व्यवस्थापन, ऋण उपसमिति तथा सञ्चालक समितिले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

९.२ संस्थाबाट लगानी भएका ऋणको ब्याज असुलीलाई विशेष प्रथमिकता दिई ठोस रणनीति तयार गर्नुपर्ने देखिन्छ । ब्याज असुलीसँग समग्र संस्थाको आर्थिक प्रगति गाँसिएको हुँदा मुल्तवि हिसावमा रहेको ब्याजलाई न्यूनीकरण गर्दै लानुपर्ने देखिन्छ ।

९.३ ऋण लगानी गर्दा ऋणीको परियोजनाको अवस्था, ऋण तिर्न सक्ने क्षमता, ऋणीको सामाजिक अवस्था र आम्दानीको स्रोतको विषयमा विश्लेषण गरेरमात्र ऋण लगानी गर्न सुझाव गरिन्छ ।

९.४ संस्थाबाट लगानी भएका ऋणहरू मध्ये केही ऋणको सिमा प्राथमिक पुँजीकोषबाट निर्धारण हुने प्रतिव्यक्ति ऋणको सीमाभन्दा बढी भएको सन्दर्भमा नियामकिय निर्देशनअनुसारको समय सीमा (२०८२

चैत्र मसान्त) भित्र ऋण असुलि गरी कानुन सम्मतको अवस्था कायम गर्न व्यवस्थापन, ऋण उपसमिति र सञ्चालक समितिलाई सुझाव गरिन्छ ।

९.५ PEARLS प्रणालीअनुसार संस्थाले बचत बृद्धिको लागि थप पहल गर्नुपर्ने देखिन्छ । समग्र अर्थतन्त्रनै चलायमान हुन नसकेको तथा आम जनमानसमा सहकारी हेर्ने नजर फेरिएको अवस्थामा व्यवस्थापन तथा सञ्चालक समितिले यस विषयमा गम्भिर भई बचत वृद्धिका लागि प्रभावकारी रणनीति तय गर्नुपर्ने देखिन्छ ।

९.६ लगानीमा रहेको ऋण तोकिएको भाखामा नियमित रूपमा असुली नहुदाँ निक्षेप भुक्तानी र दैनिक हुने आर्थिक कारोबारहरूको निरन्तरताको लागी समेत बाह्य ऋण लिनुपर्ने अवस्थाको सिर्जना हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी बचत वृद्धि तथा लगानीमा रहेका ऋण असुलीमार्फत क्रमशः बाह्य ऋण भुक्तानी गर्दै PEARLS प्रणालीले तोकेको अनुपात कायम गर्नुपर्ने देखिन्छ ।

९.७ केही उपसमितिहरू क्रियाशिल नभएकोले सञ्चालक समितिले उपसमितिहरूको काम कर्तव्य र अधिकार निश्चित गरी वार्षिक योजनामार्फत उप समितिहरूलाई सक्रिय बनाउनु आवश्यक देखिन्छ ।

९.८ संस्थामा सञ्चालित बचत योजनाहरूमध्ये लागत वृद्धि गर्ने बचत खाताहरूभन्दा दिर्घकालिन प्रकृतिका अनिवार्य बचत, ऋमिक बचत साथै लागत कम पर्ने साधारण बचत वृद्धि गरी बचतको अनुपात व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

९.९ कार्यालयको कामको सिलसिलामा पदाधिकारी, कर्मचारी वा तेस्रो पक्षलाई पेश्की दिंदा निजबाट कामको व्यहोरा उल्लेख गरी निवेदन लिने व्यवस्था गरी कार्य सम्पन्न गर्नुपर्ने समय सीमासमेत निर्धारण गर्नुपर्ने पाईएकोले निर्धारित समयभित्र कार्य सम्पन्न गरी पेश्की फछ्र्यौट गर्ने व्यवस्था कार्यान्वयन गर्न व्यवस्थापन र सञ्चालक समितिलाई सुझाव गरिन्छ ।

९.१० संस्थाबाट प्रवाह भएका ऋण तथा संस्थाले सदस्यहरूबाट स्वीकार गरेको निक्षेपको ब्याजदर समयसापेक्ष बजारदरको अध्ययन तथा विश्लेषण गरी निर्धारण गर्नुपर्ने देखिन्छ ।

प्रभावकारी संस्था सञ्चालन र नतिजामूखी सफलता एवं विस्तारका लागि मजबुत आन्तरिक नियन्त्रण प्रणाली, वित्तीय अनुशासन, संस्थागत सुशासन एवं पारदर्शिता र समयअनुसार कार्यसम्पादन गर्न सक्षम कर्मचारीहरूको आवश्यकता हुन्छ । यसर्थ यस समितिले उल्लेखित सबै विषयहरूमा विशेष चासो र ध्यान दिई सोही अनुरूप काम गर्न/गराउन समिति, उपसमितिहरू र व्यवस्थापनलाई आवश्यक राय सल्लाह सुझाव तथा आवश्यकताअनुसार निर्देशनसमेत दिने गरेको छ । यस सहकारी संस्थाको विकास, शाख एवं छवीलाई उच्च रूपमा कायम राख्न सँदा सर्वदा दत्तचित्त भै लागि रहने हाम्रो प्रतिवद्धतासहित महत्त्वपूर्ण जिम्मेवारी प्रदान गर्नुहुने सम्पूर्ण सेयर सदस्य महानुभावहरू, हाम्रो काममा सधैं रचनात्मक सहयोग गर्ने सिंगो सञ्चालक समिति, सल्लाहकार ज्यूहरू, अन्य उपसमितिहरू र कर्मचारी मित्रहरू प्रति हामी हार्दिक आभार व्यक्त गर्दछौं । लेखा सुपरिवेक्षण समितिको तर्फबाट हामीले प्रस्तुत गरेको यस प्रतिवेदनलाई गहन अध्ययन गरी थप रचनात्मक सुझावहरू सहित पारित हुने र सो बाट आगामी दिनमा अझ प्रभावकारी रूपमा अगाडि बढ्न थप हौसला मिल्ने विश्वास गर्दै यहाँहरू समक्ष आर्थिक वर्ष २०८१/०८२ को लेखा तथा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन यहीं अन्त्य भएको जानकारी गर्दछौँ । धन्यवाद !

जय सहकारी !!

जय मनिप्लान्ट साकोस !!!

**संयोजकः** किरण मास्के **सदस्यः** निलमणी दाहाल **सदस्यः** राजेन्द्र प्रसाद घिमिरे

## मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि.को १६ औं वार्षिक साधारण सभामा कोषाध्यक्ष राजकुमार सुबेदीबाट प्रस्तुत आर्थिक प्रतिवेदन :

यस सम्मानित १६ औं वार्षिक साधारण सभाका सभापति ज्यू, अतिथि ज्यूहरू, संस्थाका सल्लाहकार ज्यूहरू, सञ्चालक र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरू, विभिन्न उपसमितिका सदस्यहरू, पत्रकार मित्रहरू, संस्थाको साधारण सभा सम्पन्न गर्न सहभागी हुनुभएका सम्पूर्ण सेयर सदस्य महानुभावहरू, कर्मचारी वर्ग एवम् यस सभामा उपस्थित भई सभाको शोभा बढाईदिनु हुने सम्पूर्ण महानुभावहरूमा मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेड र मेरो व्यक्तिगत तर्फबाट हार्दिक न्यानो सहकारी अभिवादन !

बचत तथा ऋण सहकारी संस्थाको मुख्य कार्य नै सदस्यहरूबाट बचत संकलन गरी सदस्यहरूलाई ऋण लगानी गर्ने भएको हुँदा उक्त कार्यमा यहाँहरूको सक्रियता पूर्वक सहभागिता रहेको छ । विश्वव्यापी रूपमा अर्थतन्त्रमा आएको मन्दिका बीच नेपालको अर्थतन्त्र समेत संकुचनमा परेको सबैमा विदितै छ । ऋण लगानी गरिएका ऋणी सदस्यहरूबाट व्यवसायिक विस्तारमा आएको समस्या र अर्थतन्त्रको संकुचनको प्रभावका कारण ऋणको साँवा, ब्याज र किस्ता समयमा असुली हुन नसक्दा नगद प्रवाह केही असन्तुलित हुन गएको छ । यी र यस्तै समस्याका बिचमा समेत संस्थालाई विश्वास र भरोसा गरी कारोबारमा निरन्तरता दिनुहुने सदस्यहरू प्रति संस्था कृतज्ञ छ । संस्थालाई समग्र सहकारी क्षेत्रमा आएको अविश्वासको वातावरणका बीचमा समेत समृद्धिको बाटोमा लानुपर्छ भनी कारोबार गर्दै साथ र सहयोग गर्नु हुने सम्पूर्ण सेयर सदस्यहरू, सञ्चालक समिति अन्य उपसमितिका पदाधिकारीहरू तथा कर्मचारी वर्गबाट पाएको अतुलनीय सहयोगको संस्थाले सदैव उच्च मूल्याङ्कन गर्नेछ । आगामी दिनहरूमा संस्थालाई अझ प्रतिस्पर्धी र दिगो बनाई लक्ष्य अनुरूपको आर्थिक वृद्धी हासिल गर्न बैज्ञानिक हिसाबले बचत तथा ऋणलाई विविधीकरण गर्न आवश्यक पर्ने नीति एवं कार्यविधीहरू निर्माण गरी सदस्यहरूको आर्थिक, सामाजिक र साँस्कृतिक रूपान्तरणमा बल पुग्ने रणनीति निर्माण गरिएको छ ।

आदरणीय सेयर सदस्य महानुभावहरू,

संस्थाले सहकारी मूल्य, मान्यता, सिद्धान्त, संघीय सहकारी ऐन २०७४, नियमावली २०७५, प्रदेश सहकारी ऐन तथा नियमावली २०७६ र मापदण्ड २०७७, राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेका निर्देशन, संस्थाको विनियम, नीति, कार्यविधी तथा स्थापित विधिहरूका आधारमा सेयर सदस्यहरूबीच विभिन्न आर्थिक, सामाजिक र सांस्कृतिक कार्यक्रम गर्दै आएको छ । सदस्यहरूले गरेको नियमित बचतबाट सदस्यहरूको आत्मनिर्भरताको वृद्धि होस् र ऋण लिए पश्चात् व्यवसायिक सफलताका साथ उद्यमी बन्न सकुन् भन्ने उद्देश्यका साथ सदस्यको आर्थिक समृद्धि गराउँदै सकारात्कम रूपान्तरण गर्ने कार्यमा हामी क्रियाशिल छौं । कुशल नेतृत्व, कर्मठ व्यवस्थापन र सक्रिय सदस्यहरूको अमूल्य योगदानबाट संस्थाको विकास, प्रवर्धन र सदस्यहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउने अभियानमा हामी जुटेका छौं । जसको लागि संस्थागत सुसाशनलाई ध्यान दिंदै सञ्चालक समिति र उप समितिहरूको नियमित बैठक, कर्मचारीहरूको दक्षता र क्षमता अभिवृद्धि, आन्तिरिक नियन्त्रण प्रणालीको चुस्त दुरूस्त कार्यान्वयन साथै सदस्यहरूलाई अभिमुखीकरण तथा वित्तीय साक्षरतासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेका छौं ।

आदारणी सेयर सदस्य महानुभाबहरू,

अब म आ.व. २०८१/०८२ को आर्थिक प्रतिवेदन सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

### १. कुल कारोबार

सस्थाले आर्थिक वर्ष २०८०/८१ मा कुल सम्पत्ति रू. १,१६,०९,१८,२९५।९० (अक्षरेपि एक अर्ब सोह्र करोड नौ लाख अठार हजार दुई सय पन्चानब्बे रूपैयाँ नब्बे पैसा) रहेकोमा उक्त आर्थिक वर्षको ऋण जोखिम व्यवस्था

कोषको रू. ६,६४,२५,६५८/- लाई कुल ऋणबाट घटाएर खुद सम्पत्ति रू. १,०९,४४,९२,६३७/९० (अक्षरेपि एक अर्ब नौ करोड चौवालिस लाख वयानब्बे हजार छ सय सैतिस रूपैयाँ नब्बे पैसा) कायम रहेको थियो। संस्थाले आर्थिक वर्ष २०८१/८२ को बजेटमार्फत संस्थाको कारोबार घटाउँदै गुणस्तरीय कारोबारमा वृद्धि गर्ने योजना गरे अनुसार आर्थिक वर्ष २०८१/८२ मा कुल सम्पत्ति रू. ६,७०,८५,०७८।०२ (अक्षरेपि छ करोड सत्तरी लाख पचासी हजार अठहत्तर रूपैयाँ दुई पैसा) ले ह्रास भई कुल सम्पत्ति रू.१,०९,६५,५५,२७१।५१ (अक्षरेपि एक अर्ब नौ करोड पैसट्ठी लाख पचपन्न हजार दुई सय एकहत्तर रूपैयाँ एकाउन्न पैसा) मा ऋण जोखिम व्यवस्था कोषको रू. ६,९१,४७,७११/६३ (अक्षरेपि छ करोड एकानब्बे लाख सड्चालिस हजार सात सय एघार रूपैयाँ त्रिसट्ठी पैसा) लाई कुल ऋणबाट घटाएर खुद सम्पत्ति रू. १,०२,७४,०७,५५९/८८ (अक्षरेपि एक अर्ब दुई करोड चौहत्तर लाख सात हजार पाँच सय उनान्साट्ठी रूपैयाँ अठासी पैसा) हुन आएको छ। पर्ल्स अनुगमन प्रणालीबमोजिम कुल सम्पत्तिमा वृद्धि मुद्रास्फितिभन्दा बढी हुनुपर्नेमा मुद्रास्फिति ४.७२% को हाराहारीमा रहेको र संस्थाको सम्पत्तिमा ६.५३% ले घटेको छ।

## २. सेयर पूँजी

आ.व. २०८०/८१ सम्ममा संस्थाको सेयर पूँजी रू. १०,३४,४४,०००/- (अक्षरेपि दश कारोड चौत्तिस लाख चौवालिस हजार रूपैयाँ) रहेकोमा आ.व. २०८१/८२ मा सदस्यता त्याग गर्ने सदस्यहरूको रू. ३७,०१,०००/- (अक्षरेपि सैतिस लाख एक हजार रूपैयाँ) फिर्ता भई नयाँ सदस्यहरूबाट रू. १२,५४,०००/- (अक्षरेपि बाह्र लाख चौवन्न हजार रूपैयाँ) थप हुदाँ सेयर पूँजी रू. १०,०९,९७,०००/- (अक्षरेपि दश कारोड नौ लाख सन्तानब्बे हजार रूपैयाँ) हुन आएको छ। पर्ल्स अनुगमन प्रणाली बमोजिम सेयर पूँजी कुल सम्पत्तिको १०% देखि २०% हुनु पर्नेमा संस्थाको सेयर पूँजी ९.८३% रहेको छ।

## ३. बचत संकलन

आ. व. २०८०/८१ सम्ममा यस संस्थाले विभिन्न शीर्षकहरूमा रू. ६८,१४,९३,०८८/५२ (अक्षरेपि अड्सट्ठी करोड चौध लाख त्रियानब्बे हजार अठासी रूपैयाँ बाउन्न पैसा) बचत संकलन गरेकोमा आ. व. २०८१/८२ मा विभिन्न बचत शीर्षकअन्तर्गत रू. २,४५,६१,१००/३३ (अक्षरेपि दुई करोड पैतालिस लाख एकसट्ठी हजार एक सय रूपैयाँ तेत्तिस पैसा) ले बचत संकलन ह्रास भई आ. व. २०८१/८२ को अन्तसम्ममा कुल रू. ६५,६९,३१,९८८/१९ (अक्षरेपि पैसट्ठी करोड उनान्सत्तरी लाख एकतिस हजार अठासी रूपैयाँ उन्नाईस पैसा) बचत जम्मा हुन आएको छ। पर्ल्स अनुगमन प्रणालीबमोजिम निक्षेप रकम कुल सम्पत्तिको ७०% देखि ८०% हुनु पर्नेमा संस्थामा निक्षेप रकम ६३.९४% रहेको छ।

## ४. बाह्य ऋण

आ.व. २०८०/८१ सम्ममा यस संस्थाले राष्ट्रिय सहकारी बैंक लि. र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) बाट विभिन्न समयमा विभिन्न शीर्षकहरूमा रू. १६,०१,५६,६३३/७५ (अक्षरेपि सोह्र करोड एक लाख छपन्न हजार छ सय तेत्तिस रूपैंया पचहत्तर पैसा) बाह्य ऋण रहेको थियो। आ.व. २०८१/८२ मा नेफ्स्कूनबाट रू. २,१२,००,०००/- (अक्षरेपि दुई करोड बाह्र लाख) थप बाह्य ऋण लिएको र सोही अवधिमा राष्ट्रिय सहकारी बैंक लि. र नेफ्स्कूनमा रू. ७,४०,५५,९८२/२० (अक्षरेपि सात करोड चालिस लाख पचपन्न हजार नौ सय बयासी रूपैयाँ बिस पैसा) भुक्तनी हुदाँ आ. व. २०८१/८२ को अन्त्यमा रू. १०,७३,००,६५१/५५ (अक्षरेपि दश करोड त्रिहत्तर लाख छ सय एकाउन्न रूपैयाँ पचपन्न पैसा) बाह्य ऋण कायम हुन आएको छ। पर्ल्स अनुगमन प्रणालीबमोजिम बाह्य ऋण कुल सम्पत्तिको बढीमा ५% हुनु पर्नेमा संस्थामा बाह्य ऋणको अनुपात १०.४४% रहेको छ।

## ५. ऋण लगानी

आ. व. २०८०/८१ सम्ममा यस संस्थामा विभिन्न शीर्षकहरू अन्तर्गत कुल रू १,०२,३५,५९,७३०/३० (अक्षरेपि एक अर्ब दुई करोड पैतिस लाख उनान्साठ्ठी हजार सात सय तीस रूपैयाँ तीस पैसा) ऋण लगानी भएकोमा उक्त वर्षको ऋण जोखिम व्यवस्था कोषको रकम रू.६,६४,२५,६५८/- (अक्षरेपि छ करोड चौसट्ठि लाख पच्चिस हजार छ सय अन्ठाउन्न रूपैयाँ) घटाउँदा रू. ९५,७१,३४,०७२/३० (अक्षरेपि पन्चानब्बे करोड एकहत्तर लाख चौतिस हजार बहत्तर रूपैयाँ तीस पैसा) कायम रहेको थियो । आ. व. २०८१/८२ मा विभिन्न ऋण शीर्षकहरू अन्तर्गत थप रू. २१,८८,००,८५८/- (अक्षरेपि एक्काईस करोड अठासी लाख आठ सय अन्ठाउन्न रूपैया) लागनी भई रू. २४,८९,१६,२११/३० (अक्षरेपि चौविस करोड उनान् नब्बे लाख सोह्र हजार दुई सय अन्ठाउन्न रूपैया) साँवा असुली हुदाँ लगानीमा रहेका र भुक्तानी हुँन बाँकी ऋणको आवश्यकताअनुसार नविकरण साथै पुनर्तालिकीकरण गरिएको र आ. व. २०८१/८२ सम्ममा रू. ९९,३४,४४,३७७/०० (अक्षरेपि उनान्सय करोड चौतिस लाख चौवालिस हजार तीन सय सतहत्तर रूपैयाँ) कुल ऋण लागनी रहेको छ । उक्त ऋणमा ऋण जोखिम व्यवस्था कोषको रू. ६,९१,४७,७११/६३ (अक्षरेपि छ करोड एकानब्बे लाख सड्चालिस हजार सात सय एघार रूपैयाँ त्रिसट्ठी पैसा) घटाउँदा रू. ९२,४२,९६,६६५/३७ (अक्षरेपि बयानब्बे करोड बयालिस लाख छयानब्बे हजार छ सय पैसट्ठी रूपैयाँ सैतीस पैसा) खुद ऋण हुन आएको छ । पर्ल्स अनुगमन प्रणालीबमोजिम खुद ऋण लगानी रकम कुल सम्पत्तिको ७०% देखि ८०% हुनु पर्नेमा संस्थाको ऋण लगानी रकम ८९.९६% रहेको छ ।

## ६. स्थीर सम्पत्ति

आ. व. २०८०/८१ सम्ममा कुल स्थिर सम्पत्ति रू. २७,१६,३९१/३० (अक्षरेपि सत्ताइस लाख सोह्र हजार तीन सय एकान्नब्बे रूपैयाँ तीस पैसा) रहेकोमा आ. व. २०८१/८२ मा रू. २,२८,६५४/- (अक्षरेपि दुई लाख अठ्ाइस हजार छसय चौवन्न रूपैयाँ) को थप सम्पत्ति खरिद भएकोमा रू. ६,२९,९७६/४८ (अक्षरेपि छ लाख उनान्तिस हजार नौ सय छैहत्तर रूपैयाँ अड्चालिस पैसा) ह्रासकट्टी गरिएको छ । आ. व. २०८१/८२ को अन्तमा कुल स्थिर सम्पत्ति रू. २३,१५,०६८/८२ (अक्षरेपि तेइस लाख पन्ध्र हजार अड्सट्ठी रूपैयाँ बयासी पैसा) रहेको छ । पर्ल्स अनुगमन प्रणालीबमोजिम स्थिर सम्पत्तिको वर्गीकरण नकमाउने सम्पत्तिअन्तर्गत पर्दछ र नकमाउने सम्पत्ति कुल सम्पत्तिको ५% भन्दा कम हुनु पर्नेमा संस्थाको कुल नकमाउने सम्पत्ति ३.०५% रहेको छ ।

## ७. आम्दानी र खर्च तर्फ

आ. व. २०८१/८२ मा विभिन्न शीर्षकहरूबाट रू. १३,४२,८०,०२८/४८ (अक्षरेपि तेह्र करोड बयालिस लाख असी हजार अट्ठाईस रूपैयाँ अड्चालिस पैसा) कुल आम्दानी हुदाँ सोही अवधिमा रू. १०,५६,२५,८७४/८३ (अक्षरेपि दश करोड छपन्न लाख पच्चिस हजार एक सय चौहत्तर रूपैयाँ चौविस पैसा) कुल खर्च भएको छ । यसरी आ. व. २०८१/८२ मा रू. ३,६५,७४,९०७/७४ (अक्षरेपि तीन करोड पैसट्ठी लाख चौहत्तर हजार नौ सय सात रूपैयाँ चौहत्तर पैसा) मुनाफा रहेकोमा ऋण जोखिम व्यवस्था कोषमा रू. २७,२२,०५३/६३ (अक्षरेपि सत्ताईस लाख बाइस हजार त्रिपन्न रूपैयाँ त्रिसट्ठ पैसा) खर्च लेखी थप गरे पश्चात आयकर गणना गर्दा ऋण जोखिम व्यवस्थापन कोषमा छुट्टाइएको रकम आयकर ऐन २०५८ ले तोकेको भन्दा माथी रहेकोले सो रकमको समेत कर लाग्ने हुदाँ सम्पूर्ण गणना पश्चात रू. ६५,९२,९९१/४६ (अक्षरेपि पैसट्ठी लाख बयानब्बे हजार नौ सय एकानब्बे रूपैयाँ छयालिस पैसा) व्यवस्था गरेपछी बाँडफाँड योग्य खुद मुनाफा रू. २,२०,६१,१६२/१९ (अक्षरेपि दुई करोड बिस लाख एकसट्ठी हजार एक सय बैसट्ठी रूपैयाँ उन्नाईस पैसा) हुन आएको छ ।

## ८. राजश्वमा योगदान/कर दायित्व

संस्थाबाट आ.व. २०८१/८२ मा सदस्यहरूको बचतमा कट्टि गरीएको ब्याज कर बापत रू. ६४,३२,३२२/- घर बहाल, लाभांश, बैठक भत्ता, पारिश्रमिक र अन्य भुक्तानीमा कट्टी गरिएको रू. १७,९२,१७०/५० गरी कुल रू. ८२,२४,३९२/५० (अक्षरेपि बयासी लाख चौबिस हजार तीन सय बयानब्बे रूपैयाँ पचास पैसा मात्र) सम्बन्धीत शीर्षकहरूमा आन्तरिक राजश्व कार्यालय एवं सम्बन्धित स्थानीय तहमा दाखिला गरिएको र मुनाफामा लाग्ने आयकर रू. ६५,९२,९९१/४६ (अक्षरेपि पैसट्ठी लाख बयानब्बे हजार नौ सय एकानब्बे रूपैयाँ छयाविस पैसा) को व्यवस्था गरिएको छ ।

## ९. जगेडा कोष

आ. व. २०८०/८१ सम्ममा जगेडा कोषमा रू. १०,६८,६६,५६९/४५ (अक्षरेपि दश करोड अड्सट्ठी लाख छैसट्ठी हजार पाँच सय उनान्सत्तरी रूपैयाँ पैतालिस पैसा) रहेकोमा आ. व. २०८१/८२ मा गत वर्ष सम्ममा अन्य कोषमा खर्च भई बाँकी रहेको रकम रू. ४४,७२,२७४/१७ (अक्षरेपि चौवालिस लाख बहत्तर हजार दुई सय चौहत्तर रूपैयाँ सत्र पैसा) र यस वर्षको मुनाफाबाट जगेडा कोषको लागी छुट्याईएको रकम रू. ५५,१५,२९०/५५ (अक्षरेपि पचपन्न लाख पन्ध्र हजार दुई सय नब्बे रूपैयाँ पचपन्न पैसा) सहित आ. व. २०८१/८२ को अन्तसम्ममा जगेडा कोषमा रू. ११,६८,५४,१३४/१७ (अक्षरेपि एघार करोड अड्सट्ठी लाख चौवन्न हजार एक सय चौतिस रूपैयाँ सत्र पैसा) भएको छ । संस्थामा कायम सेयर पुँजीको अनुपातमा जगेडा कोष ११५.७०% रहेको छ ।

## १०. संस्थाको पूँजीकोषको गणना

बचत ऋण सहकारीमा बचत र ऋण सँ-सँगै संस्थाको प्राथमिक पूँजी कोष र अन्य पुरक कोषको समेत उत्तिकै महत्त्व रहन्छ । संस्थाको प्राथमिक पूँजी कोष र अन्य पूरक कोष यस प्रकार रहेको छ ।

| विवरण | आ.व. २०७९/८० | आ. व. २०८०/८१ | आ. व. २०८१/८२ |
|---|---|---|---|
| **प्राथमिक पूँजी कोष** | | | |
| सेयर पूँजी | १०,७२,११,०००.०० | १०,३४,४४,०००.०० | १०,०९,९७,०००.०० |
| साधारण जगेडा कोष | ९,३७,४२,५७७.२९ | १०,६८,६६,५६९.४५ | ११,६८,५४,१३४.१७ |
| **जम्मा प्राथमिक पूँजी कोष** | **२०,०९,५३,५७७.२९** | **२१,०३,१०,५६९.४५** | **२१,७८,५१,१३४.१७** |
| **अन्य पुरक कोष** | | | |
| ऐच्छिक कोषहरू | २,५१,७७,३४२.८० | १,३९,३६,४४१.०० | १,९२,३३,७१७.५६ |
| ऋण जोखिम व्यवस्था कोष | ५,३०,५१,८०९.९५ | ६,६४,२५,६५८.०० | ६,९१,४७,७११.६३ |
| **जम्मा अन्य पुरक कोष** | **७,८२,२९,१५२.७५** | **८,०३,६२,०९९.००** | **८,८३,८१,४२९.१९** |
| **कूल पूँजी कोष** | **२७,९१,८२,७३०.०४** | **२९,०६,७२,६६८.४५** | **३०,६२,३२,५६३.३६** |

## ११. ऋण जोखिम व्यवस्था कोष

आ.व. २०८०/८१ सम्ममा जोखिम व्यहोर्ने कोषमा रहेको रकम रू. ६,६४,२५,६५८/- (अक्षरेपि छ करोड चौसट्ठी लाख पच्चिस हजार छ सय अन्ठाउन्न रूपैयाँ) रहेकोमा आ. व. २०८१/८२ मा जोखिम व्यहोर्ने कोषमा रू. २७,२२,०५३/६३ (अक्षरेपि सत्ताईस लाख बाइस हजार त्रिपन्न रूपैयाँ त्रिसट्ठ पैसा) थप गरी आर्थिक

वर्ष २०८१/८२ मा ऋण जोखिम कोषमा कुल रू. ६,९१,४७,७११/६३ (अक्षरेपि छ करोड एकानब्बे लाख सड्चालिस हजार सात सय एघार रूपैयाँ त्रिसट्ठी पैसा) को व्यवस्था गरिएको छ ।

### १२. खुद मुनाफा बाँडफाँड

आ. व. २०८१/८२ मा हुन आएको खुद मुनाफा रू. २,२०,६१,१६२/१९ (अक्षरेपि दुई करोड बिस लाख एकसट्ठी हजार एक सय बैसट्ठी रूपैयाँ उन्नाईस पैसा) लाई सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ तथा संस्थाको विनियममा भएको व्यवस्थाबमोजिम विभिन्न कोषहरूमा लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भए मुताविक बाँडफाँड गरिएको छ ।

### पर्ल्स अनुगमन प्रणाली

संस्थाले आना वित्तीय विवरणहरू पर्ल्स अनुगमन प्रणालीअनुसार विश्लेषण गर्ने गरेको छ । आ. व. २०८१/८२ को लेखा परीक्षणअनुसारको पर्ल्स वित्तीय सूचकाङ्क लेखा परीक्षण प्रतिवेदनका अनुसूचीहरू पश्चात संलग्न गरिएको छ

### आर्थिक वर्ष २०८२/८३ को प्रस्तावित बजेट

समग्र सहकारी अभियानमा देखिएको नकारात्मक प्रभावकै बीच संस्थाबाट समेत ऋण असुलीको लागि सूचना प्रकाशन एवं आवश्यकताअनुसार लिलामसम्म गर्ने र संस्थाको वासलातको वृद्धिभन्दा पनि गुणस्तर थप राम्रो बनाउने रणनीतिअनुसार आर्थिक वर्ष २०८२।८३ मा संस्थाको कुल सम्पत्तिमा ७.५२% को वृद्धिको योजनासहित संस्थाको हालको कुल सम्पत्ति रू. १,०९,२७,१४,९३०।२५ (अक्षरेपि एक अर्ब नौ करोड सत्ताइस लाख चौध हजार नौ सय तीस रूपैयाँ पच्चिस पैसा) रहेकोमा कुल सम्पत्ति रू. १,१७,४८,३७,१०४।८७ (अक्षरेपि एक अर्ब सत्र करोड अड्चाचिस लाख सैतिस हजार एक सय चार रूपैयाँ सतासी पैसा) कायम गर्ने लक्ष्य कायम गरिएको र यसैको आधारमा समग्र बजेट तयार गरिएको यस सम्मानित साधारण सभामा जानकारी गराउँदछु । संस्थाले बजेट तयारी गर्दा वित्तीय विवरणहरू GAAP अनुसार तयार गरेकोमा NFRS अनुसार लेखापरीक्षण प्रतिवेदन र बजेट तालिकामा भएको कुल कारोबार रकम लगाएत अन्य अंकहरू फरक देखिन गएको छ ।

### बजेटको स्रोत

१. सेयर पुँजी रू. १०,०९,९७,०००/- (अक्षरेपि दश करोड नौ लाख सन्तानब्बे हजार रूपैयाँ) रहेकोमा ४७ जना सेयर सदस्य थप गरी रू. ३५,२५,०००/- (अक्षरेपि पैतीस लाख पच्चिस हजार) ले वृद्धि गरी रू. १०,४५,२२,०००/- (अक्षरेपि दश करोड पैतालिस लाख बाईस हजार रूपैयाँ) पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ ।

२. बचत रकम रू. ६५,६९,३१,९८८/१९ (अक्षरेपि पैसट्ठी करोड उनान्सत्तरी लाख एकतीस हजार नौ सय अठासी रूपैयाँ उन्नाइस पैसा) रहेकोमा यस आर्थिक वर्ष १४.८५ प्रतिशतका दरले रू. ९,७५,२५,६९५/०० (अक्षरेपि नौ करोड पचहत्तर लाख पच्चिस हजार छ सय पन्चानब्बे रूपैयाँ) ले वृद्धि गरी रू. ७५,४४,५७,६८३/१९ (अक्षरेपि पचहत्तर करोड चौवालिस लाख सन्ताउन्न हजार छ सय त्रियासी रूपैयाँ उन्नइस पैसा) पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ ।

३. बाह्य ऋण तथा सापटी रू. १०,७३,००,६५१/५५ (दश करोड त्रिहत्तर लाख छ सय एकाउन्न रूपैयाँ पचपन्न पैसा) रहेकोमा यस आर्थिक वर्ष ऋण असुली तथा बचत वृद्धि गरी रू. २,६८,२५,१६२/८९ (अक्षरेपि दुई करोड अड्सट्ठी लाख पच्चिस हजार एक सय बैसट्ठी रूपैयाँ उनानब्बे पैसा) भुक्तानी गरी रू. ८,०४,७५,४८८/६६ (अक्षरेपि आठ करोड चार लाख पचहत्तर हजार चार सय अठासी रूपैयाँ छैसट्ठी पैसा) कायम गर्ने लक्ष्य निर्धारण गरिएको छ ।

४. जगेडा कोषमा रू. ११,६८,२०,७१४/७१ (अक्षरेपि एघार करोड अड्सट्ठी लाख बिस हजार सात सय चौध रूपैयाँ एकहत्तर पैसा) रहेकोमा यस आर्थिक वर्ष रू. ७९,४२,६५८/५३ (अक्षरेपि उनासी लाख बयालिस हजार छ सय अन्ठाउन्न रूपैयाँ त्रिपन्न पैसा) ले वृद्धि गरी रू. १२,४७,६३,३७३।२४ (अक्षरेपि बाह्र करोड सड्चालिस लाख त्रिसट्ठी हजार तीन सय त्रिहत्तर रूपैयाँ चौविस पैसा) पुग्ने लक्ष्य निर्धारण गरिएको छ ।

५. अन्य कोषमा रू. १,९५,६७,५१८/३४ (अक्षरेपि एक करोड पन्चानब्बे लाख सड्सट्ठी हजार पाँच सय अठार रूपैयाँ चौतिस पैसा) रहेकोमा यस आर्थिक वर्ष रू. २,७६,४४,७०७/६९ (अक्षरेपि दुई करोड छैहत्तर लाख चौवालिस हजार सात सय सात रूपैयाँ उन्नसत्तरी पैसा) पुग्ने लक्ष्य निर्धारण गरिएको छ ।

६. ऋण जोखीम कोषमा रू. ६,९१,४७,७१३/- (अक्षरेपि छ करोड चौसट्ठी लाख पच्चिस हजार छ सय अन्ठाउन्न रूपैयाँ) रहेकोमा यस आर्थिक वर्षमा ऋण लगानीसमेत घटाउने लक्ष्य लिइए अनुसार उक्त कोषमा यस आ.व. मा कुनै थपघट नगर्ने योजना गरिएको छ ।

### बजेट स्रोतको परिचालन

१. नगद तथा बैंक मौज्दात रू. ११,५६,६८,६५२/४८ (अक्षरेपि एघार करोड छपन्न लाख अड्सट्ठी हार छ सय बाउन्न रूपैयाँ अड्चालिस पैसा) हुने प्रक्षेपण गरिएको छ ।

२. बैंकको मुद्दतीमा रू. १,५०,००,०००/- (अक्षरेपि एक करोड पचास लाख) लगानी गर्न रकम विनियोजन गरिएको छ । यदि ऋण लगानीमा कमी भई तरलता बढी भएमा सोको उचित व्यवस्थापनको लागि सञ्चालक समितिले प्रतिस्थपर्धात्मक दरमा बैंकको मुद्दतीमा थप रकम लगानी गर्न सक्नेछ ।

३. घर, जग्गा खरिदको लागि कुल रू. ६,००,००,०००/- (अक्षरेपि छ करोड) बजेट विनियोजन गरिएको छ ।

४. अन्य सम्पत्ति सामान खरिदको लागी कुल रू. १५,००,०००/- (अक्षरेपि पन्ध्र लाख) को बजेट विनियोजन गरिएको छ ।

५. ऋण लगानीमा रू. ९९,३४,४४,३७७/- (अक्षरेपि उनान्सय करोड चौतिस लाख चौवालिस हजार तीन सय सतहत्तर रूपैयाँ) रहेकोमा यस आर्थिक वर्ष असुली गर्ने र बाँकी ऋणको थप व्यवस्थापन गर्दै रू. २,३४,४४,३७७/- (अक्षरेपि दुई करोड चौतिस लाख चौवालिस हजार तीन सय सैतिस रूपैयाँ) असुल गरी रू. ९७,००,००,०००/-(अक्षरेपि सन्तानब्बे करोड) ऋण कायम गर्ने लक्ष्य निर्धारण गरिएको छ ।

### स्रोतको लागत तथा खर्चको विवरण

१. बजेटको मुख्य स्रोत बचत संकलनको लागि रू. ९,१४,४३,०९४/६४ (अक्षरेपि नौ करोड चौध लाख त्रिचालिस हजार चौरानब्बे रूपैयाँ चौतिस पैसा) ब्याज खर्च हुने प्रक्षेपण गरिएको छ । बाह्य ऋणको लागि ब्याज खर्च रू. १,२२,३२,२७४/२८ (अक्षरेपि एक करोड बाईस लाख बत्तिस हजार दुई सय चौहत्तर रूपैयाँ अट्ठाइस पैसा) हुने प्रक्षेपण गरिएको छ ।

२. बैठक भत्ता : बैठक खर्चअन्तर्गत बैठक भत्तामा सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति साथै संयुक्त बैठकमा प्रति व्यक्ति रू. २,५००/- मा र उप समितिलाई प्रति व्यक्ति रू. १,५००/- करकट्टा गरी बैठक भत्ता प्रदान गर्ने व्यवस्था गरिएको छ । बैठक संख्या र बैठक भत्ता रकम तल उल्लेख गरे बमोजिम विनियोजन गरिएको छ ।

- सञ्चालक समितिको बैठक वर्षमा १२ पटक र कुल भत्ता रकम रू ३,३०,०००/- (अक्षरेपि तीन लाख तिस हजार) ।
- संयुक्त बैठक वर्षमा २ पटक र कुल भत्ता रकम रू १,७०,०००/- (अक्षरेपि एक लाख सत्तरी हजार) ।

- लेखा सुपरिवेक्षण समितिको बैठक वर्षमा ५ पटक र कुल भत्ता रकम रू. ३७,५००/- (अक्षरेपि सैतिस हजार पाँच सय)
- ऋण उप-समितिको बैठक वर्षमा १२ पटक र कुल भत्ता रकम रू ५४,०००/- (अक्षरेपि चौवन्न हजार)
- शिक्षा उप-समितिको बैठक वर्षमा २ पटक र कुल भत्ता रकम रू ९,०००/- (अक्षरेपि नै हजार)
- महिला तथा सदस्य कल्याण उप-समितिको बैठक वर्षमा २ पटक र कुल भत्ता रकम रू. १५,०००/- (अक्षरेपि पन्ध्र हजार)
- यूवा तथा उद्यमशिलता विकास उप-समितिको बैठक वर्षमा २ पटक र कुल भत्ता रकम रू. ९,०००/- (अक्षरेपि नौ हजार)
- स्वास्थ्य उप-समितिको बैठक वर्षमा ४ पटक र कुल भत्ता रकम रू. १८,०००/- (अक्षरेपि अठार हजार)
- अन्य समिति उप-समितिको बैठकको लागि कुल भत्ता रकम रू. १,०८,०००/- (अक्षरेपि एक लाख आठ हजार)

३. बैठक सञ्चालन खर्च अन्तर्गत प्रत्येक बैठकको लागि कार्यालयमा उपस्थित प्रति व्यक्तिको लागि बढीमा रू. ४००/- का दरले खर्च रकम रू. २,१८,४००/- (अक्षरेपि दुई लाख अठार हजार चार सय) विनियोजन गरिएको छ ।

४. संस्थाका अध्यक्षलाई मासिक भत्ता तथा सञ्चार सुविधा बापत रू. १८,०००/- प्रदान गर्ने निर्णयअनुसार उक्त कार्यका लागि रू. २,१६,०००/- (अक्षरेपि दुई लाख सोह्र हजार) विनियोजन गरिएको छ ।

५. सूचना प्रकाशनको लागि रू. ३,००,०००/- (अक्षरेपि एक लाख रूपैयाँ) विनियोजन गरिएको छ ।

६. वार्षिक रूपमा बुझाउनु पर्ने CBS, HRM, Mobile Banking, Website, Networking को वार्षिक शुल्क तथा सदस्यता नवीकरण र व्यवसाय नवीकरणको लागि रू. २,९३,९८५/- (अक्षरेपि दुई लाख त्रियाननब्बे हजार नौ सय पचासी) विनियोजन गरिएको छ ।

७. विभिन्न संस्थाहरूले आयोजना गर्ने तालिम तथा गोष्ठीमा सहभागिताको लागि यस आर्थिक वर्षमा कुल रू. १,५०,०००/- (अक्षरेपि एकलाख पचास हजार) बजेट रकम विनियोजन गरिएको छ ।

८. आर्थिक वर्ष २०८२/८३ मा संस्थाले गर्ने विभिन्न सदस्य र समुदाय केन्द्रित कार्यक्रम साथै सदस्य भेटघाट तथा वनभोज कार्यक्रमको लागि रू. १०,००,०००/- (अक्षरेपि दश लाख) विनियोजन गरिएको छ ।

९. वार्षिक साधारण सभामा हुने खर्चको लागि कुल रू. ३५,००,०००/- (अक्षरेपि पैतिस लाख) रकम विनियोजन गरिएको छ ।

१०. सामाजिक क्रियाकलाप सञ्चालन, सामाजिक संघ संस्थाहरूलाई तोकिएको सीमासम्मको सहयोग लगाएतका कार्यहरू सहित सामाजिक उत्तरदायित्व शीर्षमा रू. २,००,०००/- (अक्षरेपि दुई लाख) रकम विनियोजन गरिएको छ ।

११. आ.व. २०८२/८३ को बाह्य लेखा परीक्षण शुल्क भुक्तानीको लागि रू. ३,००,०००/- (अक्षरेपि तीन लाख) र आन्तरिक लेखा परीक्षण कार्यको लागि रू. १,५०,०००/- (अक्षरेपि एक लाख पचास हजार) रकम विनियोजन गरिएको छ ।

१२. इन्धन सुविधा भुक्तानीको लागि इन्धन खर्च शीर्षकमा रू. ६,५०,०००/- (अक्षरेपि छ लाख पचास हजार) रकम विनियोजन गरिएको छ ।

१३. संस्थाको नाममा रहेका सवारी साधन मर्मत तथा कार्यालयमा हुने सामान्य मर्मतको लागि मर्मत सम्भार शीर्षकअन्तर्गत रू. २,५०,०००/- (अक्षरेपि दुई लाख पचास हजार) रकम विनियोजन गरिएको छ ।

१४. कार्यक्रम खर्चअन्तर्गत वार्षिकोत्सव कार्यक्रमको लागी रू. १००,०००/- (अक्षरेपि एक लाख), अर्धवार्षिक समीक्षाको लागि रू. २,००,०००/- (अक्षरेपि दुई लाख) र अन्य कार्यक्रमको लागि रू. ३,००,०००/- (अक्षरेपि तीन लाख) रकम विनियोजन गरिएको छ ।

१५. अतिथि सत्कार खर्चअन्तर्गत संस्थामा हुने चिया तथा सामान्य नास्ताको खर्चको लागि रू. २,००,०००/- (अक्षरेपि दुई लाख) रकम विनियोजन गरिएको छ ।

१६. घर बहाल खर्चअन्तर्गत घर बहालको लागि कुल रू. २५,६८,९३६/- (अक्षरेपि पच्चिस लाख अड्सठ्ठी हजार नौ सय छत्तिस) रकम विनियोजन गरिएको छ ।

१७. बीमा खर्चअन्तर्गत भल्ट, काउन्टर, निष्ठा जमानी तथा संस्थामा रहेको मूल्यवान स्थिर सम्पत्तिको पनि बीमा साथै कर्मचारीहरूको जीवन बीमाको लागि रकम विनियोजन गरिएको छ । कुल बीमा खर्च रू. ७,००,०००/- (अक्षरेपि सात लाख) रकम विनियोजन गरिएको छ ।

१८. कार्यलयमा प्रयोग भएका २ वटा टेलिफोन लाईन र कर्मचारीहरूको लागि मासिक रू. ४००/- को मोवाइल रिचार्ज तथा संस्थामा प्रयोग हुने इन्टरनेटको शुल्क भुत्तानीको लागि टेलिफोन तथा इन्टरनेट खर्च शीर्षकमा रू. १,५०,०००/- (अक्षरेपि एक लाख पचास हजार) रकम विनियोजन गरिएको छ ।

१९. छपाई तथा मसलन्दको लागि रू. ४,००,०००/- (अक्षरेपि चार लाख) रकम विनियोजन गरिएको छ ।

२०. विद्युत्त तथा पानीको लागि रू. ३,००,०००/- (अक्षरेपि तीन लाख) रकम विनियोजन गरिएको छ ।

२१. प्रत्येक वर्ष कर्मचारीहरूको ग्रेड वृद्धि हुने व्यवस्था समेतलाई आधार मानी प्रमुख कार्यकारी अधिकृतको तलब तथा भत्तामा र अन्य कर्मचारीहरूको तलब तथा भत्तामा देहायबमोजिम कर्मचारी खर्चहरू बजेटमा विनियोजन गरिएको ।

- कर्मचारी तलब तथा भत्ताको लागि रू. ५५,३०,१६८/-
- कर्मचारीहरूको खाजा खर्चका लागि रू. २,७०,०००/-
- संचय कोष तथा सामाजिक सुरक्षा कोषको लागि रू. ६,१३,७१३/६०
- कर्मचारी पोशाक, चाडपर्व खर्च, प्रोत्साहन खर्च, औषधोपचार खर्च, सञ्चित बिदा भुक्तानी अन्य कर्मचारी खर्चको लागि रू. १७,१४,०४२/- विनियोजन गरिएको छ ।

### स्रोतबाट हुने आम्दानीको विवरण

१. संस्थाले पर्ल्सले तोकोको सीमाभित्र बैंक मौज्दात कायम गर्ने र हाल बैंक ब्याजदर निकैनै कम भएको हुनाले बैंक ब्याजबाट रू. ९,७३,१५६/३८ (अक्षरेपि नौ लाख त्रिहत्तर हजार एक सय छपन्न रूपैयाँ अड्तिस पैसा) आम्दानी हुने प्रक्षेपण गरिएको छ ।

२. ऋण लगानीबाट ब्याज रू. १५,७०,७५,५५०/१६ (अक्षरेपि पन्ध्र करोड सत्तरी लाख पचहत्तर हजार पाँच सय पचास रूपैयाँ सोह्र पैसा) तथा ऋण प्रक्रियागत शुल्क रू. ८१,०६,०००/- (अक्षरेपि एकासि लाख छ हजार) आम्दानी हुने प्रक्षेपण गरिएको छ ।

३. संस्थाले विभिन्न संघहरूको सेयरमा लगानी गरे वापत सेयर लाभांश रू. २,०२,०००/- (अक्षरेपि दुई लाख दुई हजार) र बचत तथा ऋण कारोबारअन्तर्गत प्राप्त हुने संरक्षित पुँजीफिर्ता कोषबाट रू. ९०,९००/- (अक्षरेपि नब्बे हजार नौ सय) आम्दानी हुने प्रक्षेपण गरिएको छ ।

४. अन्य शीर्षकहरू जस्तैः सदस्यता शुल्कसहित अन्य शीर्षकहरूबाट कुल रू. १,०९,७००/- (अक्षरेपि एक लाख नौ हजार सात सय) आम्दानी हुने प्रक्षेपण गरिएको छ ।

## सञ्चालन बचत (नाफा)

आर्थिक वर्ष २०८२।८३ मा ह्रासकट्टी रू. १०,०७,९००/४१ (अक्षरेपि दश लाख सात हजार नौ सय रूपैयाँ एकचालिस पैसा) पश्चात् संस्थाको आयकर अधिको बचत (नाफा) रू. ३,९७,१३,२९२/५९ (अक्षरेपि तिन करोड सन्तानब्बे लाख तेह्र हजार दुई सय बयानब्बे रूपैयाँ उनान्साठ्ठी पैसा) हुने अनुमान गरिएको छ । उल्लेखित अनुमानित बजेटको विस्तृत विवरण तपसिलअनुसार रहेको छ ।

| विवरण | आ.व. २०८०।०८१ | आ.व. २०८१।०८२ (लक्ष्य) | आ.व. २०८१।०८२ | आ.व. २०८२।८३ (लक्ष्य) |
|---|---|---|---|---|
| सदस्यता विवरण | ११५८ | १,३००.०० | १,१५३.०० | १,२००.०० |
| सदस्यता वृद्धि | | १४२.०० | (५.००) | ४७.०० |
| पुँजी तथा दायित्व : | | | | |
| शेयर पुँजी | १०,३४,४४,०००.०० | १०,६९,९४,०००.०० | १०,०९,९७,०००.०० | १०,४५,२२,०००.०० |
| **बचत हिसाव** | | | | |
| बचत खाताहरु | ३९,६३,०९,८७६.७६ | ४३,५५,७१,८५२.११ | ३६,१२,४५,५५०.२३ | ४१,५४,३२,३८२.७६ |
| मासिक नियमित बचत | ६,४२,९८,८६९.१९ | ७,०१,७६,३८५.५१ | ७,१५,१८,१९५.१८ | ८,१५,५४,८३२.७५ |
| आवधिक बचत | २१,५५,६०,६६०.०० | २३,८६,७२,७९२.०० | २१,७७,०८,०१८.०० | २५,०३,६४,२२०.७० |
| क्रमिक बचत | ५३,२३,६८२.५७ | ५८,५६,०५०.८३ | ६४,६०,२२४.७८ | ७१,०६,२४६.९८ |
| **जम्मा बचत** | **६८,१४,९३,०८८.५२** | **७५,०२,७७,०८०.४५** | **६५,६९,३१,९८८.१९** | **७५,४४,५७,६८३.१९** |
| **कोष तथा अन्य हिसाव** | | | | |
| जगेडा कोष हिसाव | १०,६८,६६,५६९.४५ | ११,५६,४०,५५५.७३ | ११,६८,२०,७१४.७१ | १२,४७,६३,३७३.२३ |
| अन्य कोष हिसाव | १,४३,७०,५००.१५ | १,१९,२५,२९१.११ | १,९५,६७,५१८.३४ | २,७६,४४,७०७.६९ |
| ऋण नोक्सानी व्यवस्था कोष | ६,६४,२५,६५८.०० | ४,७५,००,०००.०० | ६,९१,४७,७१३.०० | ६,९१,४७,७१३.०० |
| वाह्य ऋण तथा सापटि | १६,०१,५६,६३३.७५ | ६,००,००,०००.०० | १०,७३,००,६५१.५५ | ८,०४,७५,४८८.६६ |
| आय कर दायित्व | ७६,९९,७९३.०० | ८७,७३,९८६.२७ | ६५,३८,७५६.०० | ७९,४२,६५८.५२ |
| अन्य दायित्व हिसाव | १,४८,४२,४३०.०६ | १०,००,०००.०० | १,५४,१०,५८८.४६ | ५८,८३,४८०.५७ |
| **कुल पुँजी तथा दायित्व** | **१,१५,५२,९८,६७२.९३** | **१,१०,२१,१०,९१३.५६** | **१,०९,२७,१४,९३०.२५** | **१,१७,४८,३७,१०४.८७** |
| **<u>सम्पत्ति :</u>** | | | | |
| नगद मौज्दात | २,१३,३५,११६.३८ | १५,००,०००.०० | २,४८,२९,६९४.०० | २५,००,०००.०० |
| बैंक मौज्दात | ९,२१,५६,८३३.३३ | १०,७८,२३,४९५.०० | ६,३४,६२,६२२.८६ | ११,३१,६८,६५२.४८ |
| बैंक मुद्दत्ती लगानी | - | २,००,००,०००.०० | - | १,५०,००,०००.०० |
| **संस्थाको स्थीर सम्पत्ति** | **२४,७३,११८.६०** | **४२,३५,०१८.५६** | **२१,११,९४४.४७** | **६,३१,२८,४५२.३९** |
| घर, जग्गा | - | - | - | ६,००,००,०००.०० |
| फर्निचर तथा कार्यालय उपकरण | ११,१८,०७२.०७ | १७,७५,२६३.८४ | १०,०४,७०९.८८ | १४,५३,५३२.४१ |
| सवारी साधान | ९,७२,०३२.२६ | १३,७२,१२१.८२ | ७,७७,६२५.८१ | १२,२२,१००.६५ |
| अन्य उपकरण | ३,१८,६६५.७१ | १०,५५,४५८.६२ | २,९७,४३४.५० | ४,५२,८१९.३३ |
| अन्य सम्पत्ती | ६४,३४८.५६ | ३२,१७४.२८ | ३२,१७४.२८ | - |
| अन्य चालु सम्पत्ति | ३२,२१,४७४.३२ | ६०,००,०००.०० | ४८,२६,२९१.९२ | ७०,००,०००.०० |
| लगानी | १,२५,५२,४००.०० | १,२५,५२,४००.०० | ४०,४०,०००.०० | ४०,४०,०००.०० |
| **<u>ऋण तथा सापटी</u>** | | | | |
| **जम्मा ऋण तथा सापटी** | १,०२,३५,५९,७३०.३० | ९५,००,००,०००.०० | ९९,३४,४४,३७७.०० | ९७,००,००,०००.०० |
| **कुल सम्पत्ति** | **१,१५,५२,९८,६७२.९३** | **१,१०,२१,१०,९१३.५६** | **१,०९,२७,१४,९३०.२५** | **१,१७,४८,३७,१०४.८७** |

| विवरण | आ.व. २०८०।०८१ | आ.व. २०८१।०८२ (लक्ष्य) | आ.व. २०८१।०८२ | आ.व. २०८२।८३ (लक्ष्य) |
|---|---|---|---|---|
| **ब्याज आम्दानी** | | | | |
| बैँक ब्याज आम्दानी | ८,५६,५४८.५७ | ११,१९,९०१.६४ | ७,६३,०६७.८९ | ९,७३,१५६.३८ |
| विभिन्न कर्जाहरुको ब्याज आम्दानी | १५,४७,०९,३७२.०० | १६,७७,५२,५७७.०८ | १२,३७,६६,४७५.५६ | १५,७०,७५,५५०.१६ |
| **जम्मा ब्याज आम्दानी** | **१५,५५,६५,९२०.५७** | **१६,८८,७२,४७८.७२** | **१२,४५,२९,५४३.४५** | **१५,८०,४८,७०६.५४** |
| **अन्य आम्दानी** | | | | |
| सदस्यता शुल्क | ५,६००.०० | १४,२००.०० | ४,३००.०० | ४,७००.०० |
| प्रक्रियागत शुल्क | ६५,२०,६०८.०० | ७६,००,०००.०० | ५४,७८,९४०.०० | ८१,०६,०००.०० |
| खाता बन्द शुल्क | १,२१,०७१.३४ | ५,०००.०० | १२,००२.४१ | ५,०००.०० |
| मोबाइल तथा एस.एम.एस बैकिङ्ग शुल्क | २५०.०० | ५,०००.०० | २५०.०० | - |
| लाभांश आम्दानी | १४७.२६ | ६,२७,६२०.०० | २८५.०० | २,०२,०००.०० |
| संरक्षित पुँजीफिर्ता कोष आम्दानी | १,०८,१०३.८१ | २,८२,४२९.०० | - | ९०,९००.०० |
| ऋण जोखिम कोष व्यवस्था फिर्ता | - | १,८९,२५,६५८.०० | - | - |
| विविध आम्दानी | ८०,३८१.०० | ५०,०००.०० | ४२,५४,७०७.६२ | १,००,०००.०० |
| **जम्मा अन्य आम्दानी** | **६८,३६,१६१.४१** | **२,७५,०९,९०७.००** | **९७,५०,४८५.०३** | **८५,०८,६००.००** |
| **कुल आम्दानी** | **१६,२४,०२,०८१.९८** | **१९,६३,८२,३८५.७२** | **१३,४२,८०,०२८.४८** | **१६,६५,५७,३०६.५४** |
| **ब्याज खर्च** | | | | |
| बाह्य ऋणमा ब्याज खर्च | २,०१,९२,२५४.२१ | २,५१,७९,७३५.८५ | १,३८,२८,५८०.०० | १,२२,३२,२७४.२८ |
| बचत खाताहरु | ४,६८,२९,१३६.७० | ४,१५,९४,०८६.४४ | ३,५१,७५,२२१.४६ | ३,६८,९२,२०१.८२ |
| मासिक नियमित बचत | ६१,४६,६०३.०० | ५४,५५,९०९.५४ | ६७,३८,८१६.०० | ७१,३६,२२८.५४ |
| आवधिक बचत | ३,७२,९४,९४८.०० | ५,८२,३१,७२१.०२ | ३,१०,६०,१२४.०० | ४,६६,००,६७५.९८ |
| ऋमिक बचत | ४९,६९२.१५ | ७,८२,५८१.३४ | ५०,५३६.४३ | ८,१३,९८८.३२ |
| **जम्मा ब्याज खर्च** | **११,०५,१२,६३४.०६** | **१३,१२,४४,०३४.१९** | **८,६८,५३,२७७.८९** | **१०,३६,७५,३६८.९३** |
| **प्रशासनिक खर्च** | | | | |
| घरभाडा खर्च | १९,८४,८८८.०२ | २३,६२,६६६.५६ | २२,५५,५९४.५५ | २५,६८,९३६.०० |
| समिति उप समिति बैठक भत्ता | ७,२८,७९४.१३ | ५,६९,५००.०० | ३,४७,०००.०० | ७,५०,५००.०० |
| बैठक व्यवस्थापन खर्च | ६२,२३५.०० | २,२९,६००.०० | २५,९५४.०० | २,१८,४००.०० |
| मासिक भत्ता, सञ्चार सुविधा(अध्यक्ष) | - | २,१६,०००.०० | २,१३,०१५.०० | २,१६,०००.०० |
| सूचना प्रकाशन खर्च | ७०,५५०.०० | १,००,०००.०० | ९३,८७०.०० | ३,००,०००.०० |
| मोबाइल तथा एस.एम.एस बैकिङ्ग खर्च | ९६,३०५.०० | १,६२,५००.०० | ५६,७८२.०० | १,३७,५००.०० |
| नविकरण खर्च(कार, मोटरसाइकल, अन्य) | ४२,११०.०० | ९१,२००.०० | ४२,२०१.०० | ८१,२००.०० |
| सफ्टवेयरहरुको बार्षिक शुल्क | ४९,१५५.०० | ५४,८०५.०० | ६०,२८५.०० | ७५,२८५.०० |
| तालिम तथा गोष्ठी | - | १,००,०००.०० | ६०,८५०.०० | १,५०,०००.०० |
| शेयर सदस्य भेटघाट, शिक्षा कार्यक्रम | ९,७५,८७८.०० | १०,००,०००.०० | ८,३१,५२३.०० | १०,००,०००.०० |
| साधारण सभा खर्च | २४,२१,८५७.७५ | ३५,००,०००.०० | २८,४०,२२६.२१ | ३५,००,०००.०० |
| सामाजिक उत्तरदायित्व खर्च | - | २,००,०००.०० | - | २,००,०००.०० |
| बह्य लेखापरीक्षण शूल्क | २,२६,०००.०० | ३,००,०००.०० | २,२६,०००.०० | ३,००,०००.०० |
| आन्तरिक लेखापरिक्षण खर्च | ७५,०००.०० | - | - | १,५०,०००.०० |
| एन.एफ.आर.एस. परामर्श शुल्क | - | १,१५,०००.०० | १,१३,०००.०० | - |
| इन्धन खर्च | ३,३४,६२३.०० | ४,५०,०००.०० | ४,०६,८६३.०० | ६,५०,०००.०० |
| मर्मत सम्भार खर्च | ६५,५२९.०० | २,५०,०००.०० | ८४,००९.०० | २,५०,०००.०० |

| विवरण | आ.व. २०८०।०८१ | आ.व. २०८१।०८२ (लक्ष्य) | आ.व. २०८१।०८२ | आ.व. २०८२।८३ (लक्ष्य) |
|---|---|---|---|---|
| वार्षिक उत्सव खर्च | - | १,००,०००.०० | - | १,००,०००.०० |
| वार्षिक समीक्षा गोष्ठी/अन्तरक्रिया | - | ३,००,०००.०० | - | २,००,०००.०० |
| चाडपर्व तथा उत्सव खर्च | - | ३,००,०००.०० | - | ३,००,०००.०० |
| अतिथि सत्कार खर्च | - | १,००,०००.०० | ७०,४०५.०० | २,००,०००.०० |
| बिमा खर्च | १,१०,७०६.०४ | २,००,०००.०० | १,२३,२०८.४० | ३,००,०००.०० |
| कर्मचारी वीमा खर्च | १,९५,८७२.०० | ३,५०,०००.०० | १,७२,९०१.०० | ४,००,०००.०० |
| टेलिफोन तथा इन्टरनेट खर्च | ८९,२९०.०० | १,७०,०००.०० | ८०,३२०.०० | १,५०,०००.०० |
| मसलन्द तथा छपाई खर्च | ९६,२७०.०० | २,२५,०००.०० | १,४६,७३५.०० | ४,००,०००.०० |
| विद्युत महशुल तथा पानी | १,५३,९३७.०० | २,५०,०००.०० | १,२८,७३६.०० | ३,००,०००.०० |
| कार्यालय खर्च | ६,८२,५५६.०१ | ३,००,०००.०० | ३,६३,९४०.९४ | ४,५०,०००.०० |
| बैंक चार्ज | ६,४००.०० | १०,०००.०० | ८,०५४.७० | १५,०००.०० |
| अध्ययन अवलोकन अवलोकन भ्रमण | - | ३,००,०००.०० | - | ५,००,०००.०० |
| पत्रपत्रिका तथा पूस्तक खर्च | १३,१००.०० | ५०,०००.०० | ११,३००.०० | ५०,०००.०० |
| कर्मचारी पोशाक खर्च | - | २,३५,०००.०० | १,४५,०००.०० | ३,५०,०००.०० |
| सदस्य समबेदना खर्च | ८,१९५.०० | १,००,०००.०० | ४६,५४७.०० | १,००,०००.०० |
| वाह्य ऋण प्रक्रिया खर्च | २,७७,८५०.०० | - | १,०६,०००.०० | - |
| नवजात शिशु/बुहारी खाता शुल्क | ४,०००.०० | २०,०००.०० | ६,०००.०० | २०,०००.०० |
| सुत्केरी/विरामि सदस्य भेटघाट खर्च | २६,२३५.०० | १,९०,०००.०० | - | १,५०,०००.०० |
| विविध खर्च | २८,२५०.०० | ५०,०००.०० | ६,५२,९२६.१० | १,००,०००.०० |
| **जम्मा प्रशासनिक खर्च** | **८८,२५,५८५.९५** | **१,२९,५१,२७१.५६** | **९७,१९,२४६.९०** | **१,४६,५२,८२१.००** |
| **कर्मचारी खर्च** | | | | |
| तलब भत्ता खर्च | ४४,६०,७२८.५४ | ५४,०४,५७६.०० | ४६,०३,०४०.०० | ५५,३०,१६८.०० |
| चाडपर्व खर्च | २,९३,५३०.०० | ३,१८,५४८.०० | ३,०५,१९३.०० | ३,१३,०१४.०० |
| संचयकोष व्यवस्था खर्च | १,००,८००.०० | ९०,०००.०० | ९०,०००.०० | ९०,०००.०० |
| स्वास्थ्य भत्ता खर्च | २,५५,७३४.०० | ३,१८,५४८.०० | ३,०५,८३८.०० | ३,१३,०१४.०० |
| सामाजिक सुरक्षाकोष | ४,१५,४१८.९० | ५,०८,१९५.२० | ४,८६,०९१.२० | ५,२३,७१३.६० |
| संचित विदा खर्च | १,४९,४३०.०० | ३,१८,५४८.०० | १,३९,२१८.०० | ३,१३,०१४.०० |
| अन्य खर्च | - | २,५०,०००.०० | - | ४,२५,०००.०० |
| **जम्मा कर्मचारी खर्च** | **५६,७५,६४१.४४** | **७२,०८,४१५.२०** | **५९,२९,३८०.२०** | **७५,०७,९२३.६०** |
| **अन्य खर्च** | | | | |
| ह्रासकट्टि खर्च | ६,५४,८२८.६१ | ११,०८,७३३.४० | ५,८९,८२८.१३ | १०,०७,९००.४१ |
| ऋण जोखिम कोष व्यवस्था | १,३३,७३,८४८.०५ | - | २७,२२,०५५.०० | - |
| **जम्मा अन्य खर्च** | **१,४०,२८,६७६.६६** | **११,०८,७३३.४०** | **३३,११,८८३.१३** | **१०,०७,९००.४१** |
| **कुल खर्च** | **१३,९०,४२,५३८.११** | **१५,२५,१२,४५४.३५** | **१०,५८,१३,७८८.१२** | **१२,६८,४४,०१३.९४** |
| **आयकर अधिको कुल बचत(नाफा)** | **२,३३,५९,५४३.८७** | **४,३८,६९,९३१.३७** | **२,८४,६६,२४०.३६** | **३,९७,१३,२९२.५९** |

अन्त्यमा, संस्थाको यस १६औं वार्षिक साधारण सभाबाट संस्थामा आबद्ध सम्पूर्ण सेयर सदस्यज्युहरू, अतिथिगण, पत्रकार मित्रहरू, सहल्लाहकार ज्युहरू, विभिन्न समिति एवं उपसमिति, कर्मचारी मित्रहरू, तथा शुभचिन्तक सम्पूर्णमा यहाँहरूको अविछिन्न साथ, भरोसा एवं सल्लाह र सुझाव प्रति कृतज्ञता व्यक्त गर्दछु । आगामी दिनहरूमा समेत यस्तै अमूल्य सल्लाह, सुझाव र सद्भावको अपेक्षा राख्दै कोषाध्यक्षका रूपमा मैले पेश गरेको यो आर्थिक प्रतिवेदन एवं प्रस्तावित बजेट उपर अधिकतम छलफल गरी सम्मानित साधारण सभाबाट अनुमोदन एवं स्वीकृति प्रदान गरिदिनु हुनेछ भन्ने विश्वासका साथ यो प्रतिवेदन यहीं अन्त्य गर्ने अनुमति चाहन्छु ।

जय मनिप्लान्ट साकोस, जय सहकारी !

VAT No : 107754925
Firm Reg No : 988; COP: 1106

ANA
Anjan Nepal & Associates
Chartered Accountants

श्री शेयर सदस्य महानुभावहरु
मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि.
काठमाडौं म.न.पा.-३१, मिनभवन, काठमाडौं, नेपाल

## आ.व. २०८१/०८२ को लेखापरीक्षणको प्रतिवेदन

हामीले **मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि.** को यसै साथ संलग्न वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं, जसमा २०८२ आषाढ ३२ गतेको वित्तीय स्थितिको विवरण पत्र(वासलात) र सोही मितिमा समाप्त आर्थिक वर्ष २०८१/०८२ को नाफा नोक्सान विवरण, अन्य बिस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिबर्तनको विवरण, महत्वपूर्ण लेखाङ्कन नीतिहरु र अन्य व्याख्यात्मक टिप्पणीहरु समावेश रहेको छ।

### हाम्रो राय

| १.३ अन्य इजाजतपत्रप्रास संस्थाहरु | | - | | - |
| १.४ अन्य संस्थाहरु | | - | | - |
| १.५ सर्वसाधारण | १००% | १०,०९,९७,०००.०० | १००% | १०,३४,४४,०००.०० |
| १.६ अन्य | | - | | - |
| २. बैदेशिक स्वामित्व | | - | | - |
| जम्मा | १००% | १०,०९,९७,०००.०० | १००% | १०,३४,४४,०००.०० |

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Anjali Nepal & Associates Chartered Accoutants Kathmandu, Nepal

# मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि.

काठमाडौं म.न.पा.-३१, मिनभवन, काठमाडौं, नेपाल

आ.व. २०८१-०८२ को वासलात तथा आय विवरणसंग सम्बन्धित अनुसूचीहरु

४.२० ब्याज आम्दानी

*(रकम रुपैयामा)*

| विवरण | २०८२.०३.३२ | २०८१.०३.३१ |
|---|---|---|
| ब्याज (ऋण लगानी) | | |
| सुविधा कर्जा | २३,४६,२१८.०० | २४,२८,०९८.०० |
| शैक्षिक कर्जा | - | - |
| ब्यवसायिक कर्जा | १२,२७,९५,५११.४४ | १३,८५,४०,८७०.०० |
| हायर पर्चेज कर्जा | ६,९२,९८३.४२ | ९,४१,७६९.०० |
| घर तथा आवास कर्जा | २५,३०,७७९.०० | ६७,००,४०६.०० |
| बचत धितो कर्जा | ३३,२२,२३४.०० | ३१,४०,००७.०० |
| रिभल्भिङ कर्जा | ४१,५७,३९८.०० | ५६,२१,७३९.०० |
| कृषि कर्जा | २५,०६८.०० | २,६९,४६६.०० |
| क्रमिक कर्जा | - | - |
| सापटि सरल कर्जा | ६,१७,३६७.०० | ५,६०,७३७.०० |
| उप-कुल | १३,६४,८७,५५८.८६ | १५,८२,०३,०९२.०० |
| न्यूनः कर्जामा छुट | - | |
| न्यूनः ब्याज छुट | १,२७,२१,०८३.३० | ३४,९३,७२०.०० |
| जम्मा | १२,३७,६६,४७५.५६ | १५,४७,०९,३७२.०० |

नोटः कर्जामा असुल गर्न बाँकि ब्याजलाई ब्याज मुल्तबी रकम्संगा राफसाफ गरि देखाइएको छ ।

४.२१ ब्याज खर्च

*(रकम रुपैयामा)*

| विवरण | २०८२.०३.३२ | २०८१.०३.३१ |
|---|---|---|
| क्रमिक ब्याज खर्च | - | ४९,६९२.१५ |
| आवधिक ब्याज खर्च | ३,१०,६०,१२४.०० | ३,७२,९४,९४८.०० |
| अन्य बचतमा ब्याज खर्च | ४,१९,६४,५७३.८९ | ५,२९,७५,७३९.७० |
| जम्मा | ७,३०,२४,६९७.८९ | ९,०३,२०,३७९.८५ |

४.२२ वाह्य ऋणमा सापटिमा भएको ब्याज खर्च

*(रकम रुपैयामा)*

| विवरण | २०८२.०३.३२ | २०८१.०३.३१ |
|---|---|---|
| वाह्य ऋण तथा सापटिमा व्याज खर्च विवरण | १,३८,२८,५८०.०० | २,०१,९२,२५४.२१ |
| जम्मा | १,३८,२८,५८०.०० | २,०१,९२,२५४.२१ |

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Arjan Nepal & Associates Chartered Accoutants Kathmandu, Nepal

## मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि.

काठमाडौं म.न.पा.-३१, मिनभवन, काठमाडौं, नेपाल

आ.व. २०८१-०८२ को वासलात तथा आय विवरणसंग सम्बन्धित अनुसूचीहरु

४.१८ जगेडा कोष हिसाव *(रकम रुपैयामा)*

| विवरण | २०८२.०३.३२ | २०८१.०३.३१ |
|---|---|---|
| श्रावण १ को मौज्दात | १०,६८,६६,५६९.४५ | ९,३७,४२,५७७.२९ |
| यस बर्षमा थप/ (घट) | ९९,८७,५६४.७२ | १,३१,२३,९९२.१६ |
| **अन्तिम मौज्दात** | **११,६८,५४,१३४.१७** | **१०,६८,६६,५६९.४५** |

४.१९ अन्य कोष हिसाव *(रकम रुपैयामा)*

| विवरण | २०८२.०३.३२ | २०८१.०३.३१ |
|---|---|---|
| संरक्षित पूँजीफर्ता कोष (२५%) | ४१,३६,४६७.९१ | २९,३६,२०३.२९ |
| सहकरी प्रवर्दन कोष (.५%) | ५,२७,२२३.६६ | ४,४४,४९४.३० |
| सहकारी विकास कोष (५%) | ६,१६,३३३.७२ | ४,३७,४९४.०० |
| कर्मचारी वोनस कोष (१०%) | १२,३२,६६७.४४ | ८,७४,९८९.०० |
| सहकारी शिक्षा कोष (५%) | ६,१६,३३३.७२ | ४,३७,४९४.०० |
| घाटा पूर्ति कोष (५%) | ६,१६,३३३.७२ | ४,३७,४९४.०० |
| सामुदायिक विकास कोष (५%) | ६,१६,३३३.७२ | ४,३७,४९४.०० |
| जोखिम व्यवस्थापन कोष (५%) | ६,१६,३३३.७२ | ४,३७,४९४.०० |
| संस्था स्थीरीकरण कोष (५%) | ३२,९३,७४४.४९ | २६,७७,४१०.७७ |
| शेयर लाभांश कोष (६०%) | ७३,९६,००४.६२ | ५२,४९,९३२.७९ |
| **अन्तिम मौज्दात** | **१,९६,६७,७७६.७१** | **१,४३,७०,५००.१५** |

| विवरण | २०८१.०३.३१ | यस वर्षको थप | गत आ. ब. बाट जगेडा कोषमा सारेको | यस वर्षको खर्च | जम्मा |
|---|---|---|---|---|---|
| संरक्षित पूँजीफर्ता कोष (२५%) | २९,३६,२०३.२९ | ४१,३६,४६७.९१ | (२०,३३,७५२.६४) | (९,०२,४५०.६५) | ४१,३६,४६७.९१ |
| सहकरी प्रवर्दन कोष (.५%) | ४,४४,४९४.३० | ८२,७२९.३६ | - | - | ५,२७,२२३.६६ |
| सहकारी विकास कोष (५%) | ४,३७,४९४.०० | ६,१६,३३३.७२ | (४,३७,४९४.००) | - | ६,१६,३३३.७२ |
| कर्मचारी वोनस कोष (१०%) | ८,७४,९८९.०० | १२,३२,६६७.४४ | (१५,४१३.००) | (८,५९,५७६.००) | १२,३२,६६७.४४ |
| सहकारी शिक्षा कोष (५%) | ४,३७,४९४.०० | ६,१६,३३३.७२ | (४,३७,४९४.००) | - | ६,१६,३३३.७२ |
| घाटा पूर्ति कोष (५%) | ४,३७,४९४.०० | ६,१६,३३३.७२ | (४,३७,४९४.००) | - | ६,१६,३३३.७२ |
| सामुदायिक विकास कोष (५%) | ४,३७,४९४.०० | ६,१६,३३३.७२ | (४,३७,४९४.००) | - | ६,१६,३३३.७२ |
| जोखिम व्यवस्थापन कोष (५%) | ४,३७,४९४.०० | ६,१६,३३३.७२ | (४,३७,४९४.००) | - | ६,१६,३३३.७२ |
| संस्था स्थीरीकरण कोष (५%) | २६,७७,४१०.७७ | ६,१६,३३३.७२ | - | - | ३२,९३,७४४.४९ |
| शेयर लाभांश कोष (६०%) | ५२,४९,९३२.७९ | ७३,९६,००४.६२ | (२,३५,६३८.५३) | (५०,१४,२९४.२६) | ७३,९६,००४.६२ |
| **अन्तिम मौज्दात** | **१,४३,७०,५००.१५** | **१,६५,४५,८७१.६४** | **(४४,७२,२७४.१७)** | **(६७,७६,३२०.९१)** | **१,९६,६७,७७६.७१** |

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Arjan Nepal & Associates
Chartered Accountants
Kathmandu, Nepal

# मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि.

काठमाडौं म.न.पा.-३१, मिनभवन, काठमाडौं, नेपाल

आ.व. २०८१-०८२ को वासलात तथा आय विवरणसंग सम्बन्धित अनुसूचीहरु

### ४.२३ शुल्क तथा अन्य आम्दानी

*(रकम रुपैयामा)*

| विवरण | २०८२.०३.३२ | २०८१.०३.३१ |
|---|---|---|
| सदस्यता शुल्क | ४,३००.०० | ५,६००.०० |
| प्रक्रियागत शुल्क | ५४,७८,९४०.०० | ६५,२०,६०८.०० |
| खाता बन्द शुल्क | १२,००२.४१ | १,२१,०७१.३४ |
| मोबाइल बैंकिङ्ग दस्तुर | २५०.०० | २५०.०० |
| उम्मेदवारी शुल्क | - | ३१,५००.०० |
| अन्य आम्दानी | - | ४८,८८१.०० |
| बिलम्ब शुल्क | ४२,५४,७०७.६२ | - |
| जम्मा | ९७,५०,२००.०३ | ६७,२७,९१०.३४ |

### ४.२४ शुल्क तथा अन्य खर्च

*(रकम रुपैयामा)*

| विवरण | २०८२.०३.३२ | २०८१.०३.३१ |
|---|---|---|
| ए. टी. एम. र मोबाइल बैंकिंग शुल्क | - | |
| ऋण ब्यबस्थापन शुल्क | - | |
| विप्रेषण शुल्क र कमिसन | - | |
| अन्य शुल्क र कमिशन खर्च | - | |
| जम्मा | - | - |

### ४.२५ खुद व्यापार आम्दानी

*(रकम रुपैयामा)*

| विवरण | २०८२.०३.३२ | २०८१.०३.३१ |
|---|---|---|
| ब्यापारिक सम्पत्तिको फेयर भ्यालूमा परिवर्तन | - | |
| ब्यापारिक सम्पत्तिको निसर्गमा भएको नाफा/नोक्सान | - | |
| ब्यापारिक सम्पत्तिमा ब्याज आम्दानी | - | |
| ब्यापारिक सम्पत्तिमा लाभांश आम्दानी | - | |
| अन्य | - | |
| जम्मा | - | - |

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Arjan Nepal & Associates Chartered Accountants Kathmandu, Nepal

# मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि.

काठमाडौं म.न.पा.-३१, मिनभवन, काठमाडौं, नेपाल

आ.व. २०८१-०८२ को वासलात तथा आय विवरणसंग सम्बन्धित अनुसूचीहरु

## ४.२६ अन्य संचालन आम्दानी

*(रकम रुपैयामा)*

| विवरण | २०८२.०३.३२ | २०८१.०३.३१ |
|---|---|---|
| बिदेशी विनिमयको पुनर्मूल्यांकन आम्दानी | - | |
| स्थिर सम्पत्ति बिक्रीबाट आम्दानी | - | |
| लाभांश आम्दानी | - | |
| पट्टा दायित्वको समायोजनबाट भएको आम्दानी | - | |
| **जम्मा** | - | - |

## ४.२७ कर्जाको क्षति प्रभार/(बिपयर्य) तथा अन्य हानी

*(रकम रुपैयामा)*

| विवरण | २०८२.०३.३२ | २०८१.०३.३१ |
|---|---|---|
| क) सदस्यहरुलाई दिने कर्जा तथा सापटीमा ब्यबस्था | २७,२२,०५३.६३ | १,३३,७३,८४८.०५ |
| ख) बित्तीय लगानीमा ब्यबस्था | | |
| ग) बैंक तथा बित्तीय संस्थाको मौज्दात ब्यबस्था | | |
| घ) सम्पत्ति र उपकरणमा ब्यबस्था | | |
| ङ)ख्याति र उपकरणमा ब्यबस्था | | |
| च)लगानी सम्पत्तिमा ब्यबस्था | | |
| **जम्मा** | २७,२२,०५३.६३ | १,३३,७३,८४८.०५ |

## ४.२८ कर्मचारी खर्च

*(रकम रुपैयामा)*

| विवरण | २०८२.०३.३२ | २०८१.०३.३१ |
|---|---|---|
| तलब तथा भत्ता खर्च | ४६,०३,०४०.०० | ४४,६०,७२८.५४ |
| चाडपर्व खर्च | ३,०५,१९३.०० | २,९३,५३०.०० |
| संचयकोष व्यवस्था खर्च | ९०,०००.०० | १,००,८००.०० |
| सामाजिक सुरक्षा कोष व्यवस्था खर्च | ४,८६,०९१.२० | ४,१५,४१८.९० |
| कर्मचारी विमा खर्च | १,७२,९०१.०० | १,९५,८७२.०० |
| संचित बिदा भुक्तानी | १,३९,२१८.०० | १,४९,४३०.०० |
| स्वस्थ्य उपचार खर्च | ३,०५,८३८.०० | २,५५,७३४.०० |
| सुत्केरी स्याहार भत्ता खर्च | - | १५,१५२.०० |
| **जम्मा** | ६१,०२,२८१.२० | ५८,८६,६६५.४४ |

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Arjan Nepal & Associates
Chartered Accoutants
Kathmandu, Nepal

# मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि.

काठमाडौं म.न.पा.-३१, मिनभवन, काठमाडौं, नेपाल

आ.व. २०८१-०८२ को वासलात तथा आय विवरणसंग सम्बन्धित अनुसूचीहरु

## ४.२९ प्रसासनिक खर्च

*(रकम रुपैयामा)*

| विवरण | २०८२.०३.३२ | २०८१.०३.३१ |
|---|---|---|
| बाह्य लेखापरीक्षण शूल्क | - | २,२६,०००.०० |
| आन्तरिक लेखापरीक्षण शूल्क | - | ७५,०००.०० |
| मसलन्द तथा छपाई खर्च | १,४६,७३५.०० | ९६,२७०.०० |
| पानी तथा बिजूली खर्च | १,२८,७३६.०० | १,५३,९३७.०० |
| टेलिफोन तथा इन्टरनेट | २,५४,३३५.०० | ८९,२९०.०० |
| शेयर सदस्य भेटघाट तथा शिक्षा कार्यक्रम | ८,३१,५२३.०० | ९,७५,८७८.०० |
| वैंक चार्ज खर्च | ८,०५४.७० | ६,४००.०० |
| इन्धन खर्च | ४,०६,८६३.०० | ३,३४,६२३.०० |
| बिमा खर्च | १,२३,२०८.४० | १,१०,७०६.०४ |
| समिति उपसमिति वैठक भत्ता | ३,४७,०००.०० | ७,२८,७९४.१३ |
| समिति उपसमिति वैठक व्यवस्थापन खर्च | २५,९५४.०० | ६२,२३५.०० |
| साधारण सभा खर्च | २०,२३,७५५.२१ | १३,९१,२६९.०० |
| पत्रपत्रिका तथा पुस्तक खर्च | ९,८००.०० | १३,१००.०० |
| सदस्य समवेदना खर्च | ४६,५४७.०० | ८,१९५.०० |
| मोबाइल तथा एस.एम.एस बैंकिङ खर्च | ५६,७८२.०० | ९६,३०५.०० |
| नविकरण खर्च | ४२,२०१.०० | ४२,११०.०० |
| नवजात तथा बुहारी खाता शुल्क | - | ४,०००.०० |
| सुचना प्रकाशन खर्च | ९३,८७०.०० | ७०,५५०.०० |
| सफ्टवेयर वार्षिक नविकरण शुल्क | ६०,२८५.०० | ४९,१५५.०० |
| कार्यालय सञ्चालन खर्च | ३,६३,९४०.९४ | ६,८२,५५६.०१ |
| दण्ड तथा जरिवाना खर्च | - | २६,५००.०० |
| यातायात खर्च | ८,१६,४७१.०० | १०,३०,५८८.७५ |
| विविध खर्च | - | १२,८५९.७२ |
| बाह्य ऋण प्रक्रिया खर्च | - | २,७७,८५०.०० |
| ममर्त सम्भार खर्च | २८,८९०.०० | ८,७७५.०० |
| ममर्त सम्भार खर्च वर्ग ग | ५५,११९.०० | ५६,७५४.०० |
| एन.एफ.आर.एस. कार्यान्वयन शुल्क | १,१३,०००.०० | - |
| पोशाक खर्च | १,४५,०००.०० | - |
| अतिथि सत्कार खर्च | ७०,४०५.०० | - |
| संचार भत्ता | ३९,०००.०० | - |
| ऋण असुली/अनुगमन खर्च | २२,९५०.०० | - |
| पुस्तक तथा पत्रपत्रिका खर्च | १,५००.०० | - |
| अन्य कर खर्च | ६,२९,९७६.१० | - |
| बाह्य ऋण प्रक्रिया खर्च | १,०६,०००.०० | - |
| तालिम खर्च | ६०,८५०.०० | - |
| नयाँ सदस्य स्वागत तथा खाता सञ्चालन खर्च | ६,०००.०० | - |
| सुत्केरी तथा बिरामी सदस्य भेटघाट खर्च | - | ११,०८३.०० |
| **जम्मा** | ७०,६४,७५१.३५ | ६६,४०,७८३.६५ |

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Chartered Accountants
Kathmandu, Nepal

# मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि.

काठमाडौं म.न.पा.-३१, मिनभवन, काठमाडौं, नेपाल

आ.व. २०८१-०८२ को वासलात तथा आय विवरणसंग सम्बन्धित अनुसूचीहरु

### ४.३० ह्रासकट्टी र परिशोधन खर्च

*(रकम रुपैयामा)*

| विवरण | २०८२.०३.३२ | २०८१.०३.३१ |
|---|---|---|
| सम्पत्ति तथा सामग्रीमा ह्रासकट्टी | ६,२९,९७६.४८ | ४,७८,५५३.९१ |
| लगानी सम्पत्तिमा ह्रासकट्टी | - | |
| अमूर्त सम्पत्ति को परिशोधन | - | |
| Right of Use Assets को ह्रासकट्टी | १७,२२,४७९.९१ | १६,५८,५९१.६९ |
| जम्मा | २३,५२,४५६.३९ | २१,३७,१४५.६० |

### ४.३१ गैर सञ्चालन आम्दानी

*(रकम रुपैयामा)*

| विवरण | २०८२.०३.३२ | २०८१.०३.३१ |
|---|---|---|
| व्याज (बैंक वचत) आय | ७,६३,०६७.८९ | ८,५६,५४८.५७ |
| लाभांश आय | २८५.०० | १४७.२६ |
| संरक्षित पुँजि फिर्ता लाभांश आय | - | १,०८,१०३.८१ |
| जम्मा | ७,६३,३५२.८९ | ९,६४,७९९.६४ |

### ४.३२ गैर सञ्चालन खर्च

*(रकम रुपैयामा)*

| विवरण | २०८२.०३.३२ | २०८१.०३.३१ |
|---|---|---|
| पट्टा दायित्व सम्बन्धि व्याज खर्च | ५,३१,०५४.३७ | ६,४९,९४५.४९ |
| जम्मा | ५,३१,०५४.३७ | ६,४९,९४५.४९ |

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Anjan Nepal & Associates
Chartered Accoutants
Kathmandu, Nepal

# मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि.

आ.व. २०७९।८० को

करयोग्य आयको गणना

४.३३ यस वर्षको कर व्यवस्था

| विवरण | | रकम |
|---|---|---|
| आयकर अघिको खुद नाफा | | २,८६,५४,१५३.६५ |
| जोडः | | |
| क) श्रेस्तामा खर्च लेखिएको तर मिन्हा नहुने खर्चहरुः | | - |
| *प्रशासकिय खर्च तर्फ* | - | |
| *कर्जा जोखिम व्यवस्था* | | ४२,२७,८२१.२९ |
| *मर्मत खर्च तर्फ* | - | |
| ख) आयमा समावेश नहुने लाभांश आय | | (२८५.००) |
| ग) NFRS अन्तर्गत को आय | | |
| **आय। (नोक्सानि)** | | **३,२८,८१,६८९.९५** |
| **जोडः** | | |
| गत आ.व. बाट सरेको व्यवसायको नोक्सानी | | - |
| **आयकर योग्य आय** | | **३,२८,८१,६८९.९५** |

करको गणना

| विवरण | कर |
|---|---|
| करको दर | २०% |
| आय कर | ६५,७६,३३८.०० |

कर्जा नोक्सानी व्यवस्था खर्चको गणना

| विवरण | रकम |
|---|---|
| वर्षको अन्तको ऋण लगानी | ९९,३४,४४,३७७.०० |
| ५% ले हुने रकम | ४,९६,७२,२१८.८५ |
| कर्जा नोक्सानी व्यवस्था (हाल सम्मको) | ६,९१,४७,७११.६३ |
| **खर्च कट्टि हुने रकम दफा ५९(१क)** | **४,९६,७२,२१८.८५** |
| **खर्च कट्टि लिएको रकम जम्मा** | **४,९६,७२,२१८.८५** |
| **खर्च कट्टि लिन नपाउने कर गणना हुने जम्मा रकम** | **१,९४,७५,४९२.७८** |
| **खर्च कट्टि लिन नपाउने कर गणना हुने जम्मा रकम** | **४२,२७,८२१.२९** |

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Arjun Koirala & Associates
Chartered Accoutants
Kathmandu, Nepal

# मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि.

काठमाडौं म.न.पा.-३१, मिनभवन, काठमाडौं, नेपाल

| सूचकहरु(Indicators) | | लक्ष्य | प्रति |
|---|---|---|---|
| ***P = Protection* (सुरक्षण)** | | | |
| P१ | १२ महिना भन्दा बढी भाखा नाघेको ऋणको लागि कोषको ब्यावस्था | १००% | १००.००% |
| P२ | १ महिना देखि १२ महिना सम्म भाषा नाघेको ऋणको लागि कोषको व्यवस्था | ३५% | ३५.००% |
| P२x | असल ऋण रकमको लागि गरिएको ऋण सुरक्षण कोषको व्यवस्था | १% | २.३१% |
| ***E = Effective financial structure* (प्रभावकारी बित्तिय संरचना)** | | | |
| E१ | कुल सम्पतिमा खुद ऋणको अुनपात | ७०%-८०% | ८९.९६% |
| E५ | कुल सम्पतिमा बचतको अुनपात | ७०%-८०% | ६३.९४% |
| E६ | कुल सम्पतिमा बाह्य ऋणको अनुपात | < ५% | १०.४४% |
| E७ | कुल सम्पतिमा शेयर पुंजीको अनुपात | १०%-२०% | ९.८३% |
| E९ | कुल सम्पतिमा खुद संस्थागत पुंजीको अनुपात | कम्तीमा १०% | ११.४३% |
| ***A = Assets quality* (सम्पतिको गुणस्तर)** | | | |
| A१ | कुल ऋणको अनुपातमा भाखा नाघेको ऋण | < ५% | ८.३३% |
| A२ | कुल सम्पतिमा नकमाउने सम्पतिको अनुपात | < ५% | ३.०५% |
| ***R = Rate of return* (आम्दानी र खर्चको प्रतिफल दर)** | | | |
| R१ | औषत कूल शुद्ध ऋण लगानीको अनुपातमा ऋण लगानीबाट प्राप्त आम्दानी | औषत ब्याजदर | १३.१६% |
| R५ | औषत बचतको अनुपातमा बचतमा तिरेको ब्याज खर्च | बजार दर | १०.९१% |
| R७ | औषत शेयर पुंजीको अनुपातमा लाभांस वितरण | बजार दर >= R५ | ४.७६% |
| R८ | औषत सम्पतिमा कुल अम्दामीको अनुपात | = E८ | १२.६६% |
| R९ | औषत सम्पतिमा संचालन खर्चको अनुपात | < ५% | २.६८% |
| R१२ | औषत सम्पतिमा आयकर व्यवस्था अघिको आयको अनुपात | कम्तीमा १०% | २.७०% |
| ***L = Liquidity* (तरलता)** | | | |
| L१ | कुल निक्षेपमा तलरता | १०%—१५% | १३.४७% |
| L३ | कुल सम्पतिमा आय आर्जन नगर्ने तरल सम्पतिको अनुपात | <१% | २.२७% |
| ***S = Sign of growth* (वृद्धिका संकेतहरु)** | | | |
| S१० | सदस्य बृद्धिदर | > १५% | -०.४३% |
| S११ | कुल सम्पति बृद्धिदर | > मुद्रास्फिति | -६.५३% |

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Arjan Nepal & Associates
Chartered Accountants
Kathmandu, Nepal

## वित्तीय विवरण सम्बन्धित नीति तथा टिप्पणीहरु
## २०८२ साल असार मसान्तको

### १. सामान्य जानकारी

मनिप्लान्ट वचत तथा ऋण सहकारी संस्था लिमिटेड आवद्ध सदस्यहरुको **"समृद्धिको प्रतीक"** का रुपमा अव्वलता पूर्वक स्थापित हुने मुल ध्यये सहित वि.स. २०६६ साल पुस ९ गते सहकारी ऐन २०४८ अनुसार साविक डिभिजन सहकारी कार्यालय, काठमाडौंमा दर्ता भएको संस्था हो । हाल काठमाडौं महानगरपालिका वडा नं ३१ मिनभवनमा रहेको यस संस्थाले २०६६ माघ ६ गतेदेखि औपचारिक रुपमा कारोबार प्रारम्भ गरेको थियो । स्थापनाको समयमा काठमाडौं महानगरपालिकाका ९,१०,३३,३४ र ३५ नं वडाहरु यस संस्थाको कार्यक्षेत्र रहेकोमा हाल काठमाडौं महानगरका ९,१०,३०,३१ र ३२ गरि ५ र ललितपुर महानगरपालिकाका सम्पुर्ण वडाहरु यस संस्थाको कार्यक्षेत्र रहेको छ । सहकारी ऐन, नियमावली, मापदण्ड, संस्थाको विनियमको अधिनमा सदस्यता प्रदान गर्दै सदस्यहरुलाई बचत, ऋण, सदस्य सुरक्षा, डिजिटल कारोबार सेवा सहित अन्य सेवा सुविधा प्रदान गर्दै आएको छ ।

### २. लेखाङ्कनका आधार

#### २.१.अनुपालन सम्बन्धी उद्घोषणा

संस्थाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक वित्तीय विवरणहरु नेपाल लेखामान बोर्ड (Accounting Standards Board, Nepal- ASBN) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (Institute of Chartered Accountant of Nepal- ICAN) द्वारा अनुपालनको लागि सुचित गरिएका नेपाल वित्तीय प्रतिवेदन मानमा (Nepal Financial Reporting Standard-NFRS) मा भएका व्यवस्था अनुसार पहिलो पटक तयार गरिएका छन् । उक्त वार्षिक वित्तीय विवरणहरु सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रदेश सहकारी ऐन २०७६, प्रदेश सहकारी नियमावली २०७६, सहकारी विभाग/महाशाखाबाट जारी गरिएका निर्देशकहरुका अधिनमा रही तयार पारिएका छन् । वार्षिक विवरण तयार गर्दा अपनाईएका प्रमुख लेखा नीतिहरु बुँदा नं ३ अनुसार रहेका छन् ।

#### २.१.१. Reporting Pronouncement

वार्षिक वित्तीय प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) मा भएका प्रावधान बमोजिम तयार गरिएको छ । अन्तर्राष्ट्रिय लेखामान बोर्डले जारी गरेको अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन (IFRS) आधारित रहेर नेपाल लेखामान बोर्डले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) जारी गरेको हो । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले वित्तीय प्रतिवेदन तयार गर्दा NFRS बमोजिम तयार गर्नुपर्ने सूचना जारी गरेको छ । प्रस्तुत वार्षिक वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम तयार गरिएका छन् ।

#### २.१.२. नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनको सम्बन्धमा जारी वैकल्पिक व्यवस्था

नेपाल लेखामान बोर्डको सिफारिसमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले नेपाल वित्तीय प्रतिवेदन मानमा भएको प्रावधान बमोजिम आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन तयार गर्दा तल उल्लिखित केही वैकल्पिक व्यवस्था (Carve Out) अपनाउन सकिने गरी बैंक तथा वित्तीय संस्थाहरु को लागि मात्र व्यवस्था गरिएतापनि यस सहकारी संस्थाले वयवाहरिक कठिनाई र Materiality लाई मध्ये नजर राख्दै नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनको लागि निम्न लिखित वैकल्पिक व्यवस्था अनुसार आफ्नो वित्तीय प्रतिवेदन तयार पारेको छ ।

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Arjan Nepal & Associates Chartered Accountants Kathmandu, Nepal

**(क) NFRS 9- वित्तीय उपकरणः पहिचान, लेखाङ्कन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)**

NFRS 9 को Para 5.5 को व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरुले ऋण नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्दा 'Expected Credit Loss Model' अपनाएर गनुपर्ने प्रावधान अनुसार गर्न नसकिने अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । यो अनिवार्य व्यवस्था अनुसार संस्थाले नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशनको निर्देशन नं २०७७ बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा NFRS 9 को 5.5 बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्य जुन बढी हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखाङ्कन गर्नुपर्ने प्रावधान रहेको छ । तर सहकारी संस्था नेपाल राष्ट्र बैंकको नियमन भन्दा बाहिर हुने कारणले यस संस्थाले सहकारी विभाग द्वारा जारी एकिकृत निर्देशिनको बुँदा नं २० बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा NFRS 9 बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्य जुन बढी हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखाङ्कन गरेको छ ।

**(ख) NFRS 9- वित्तीय उपकरणः पहिचान तथा मापन (समायोजित ब्याज दर -Effective Interest rate सम्बन्धी)**

NFRS 9 को Para 5.4 व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरुले ऋण लगानीबाट हुने ब्याज आम्दानी गणना गर्दा सेवा शुल्क र कमिशनलाई समेत समायोजन गरी हुन आउने समायोजित ब्याज दर (Effective Interest Rate) को गणना गर्ने व्यवस्था रहेकोमा सो गर्न अव्यवहारिक भएको अवस्थामा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने छ । वैकल्पिक व्यवस्था बमोजिम ऋण लगानी गर्दा प्राप्त हुने सेवा शुल्क तथा कमिशनलाई ऋणबाट प्राप्त ब्याज आम्दानी लेखाङ्कनको लागि समायोजित ब्याज दरमा समायोजन नगरी प्रोदभावी (Accrual Basis) लेखाङ्कनका आधारमा सो सेवा शुल्क तथा कमिशन आम्दानी पाकेकै वर्ष लेखाङ्कन गर्न सकिने छ । सहकारीले उपरोक्त वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ ।

**२.१.३. प्रतिवेदनको समयावधि तथा वित्तीय विवरणको स्वीकृति**

संस्थाले नेपाली क्यालेण्डर अनुसार नेपाली आर्थिक वर्षको सुरुवात २०८० श्रावण १ गते र अन्त्य २०८१ असार ३१ गतेलाई मानी आफ्नो वित्तीय विवरण तयार पारेको छ। संस्थाको सञ्चालक समितिले आर्थिक वर्ष २०८०/०८१ को वित्तीय विवरण २०८१/०९/२३ गतेका दिन पारित गरेको साथै शेयरधनी सदस्यको आगामी वार्षिक साधारण सभाको अनुमोदनको निमित्त सिफारिश गरिएको छ ।

| वित्तीय विवरण | रेपोर्टिंग अवधि | तुलनात्मक अवधि |
|---|---|---|
| वित्तीय स्थितिको विवरण पत्र(वासलात) | २०८२.०३.३२ | २०८१.०३.३१ |
| नाफा नोक्सान विवरण | २०८२.०३.३२ | २०८१.०३.३१ |
| अन्य बिस्तृत आम्दानीको विवरण | २०८२.०३.३२ | २०८१.०३.३१ |

**२.२. वित्तीय विवरणको उत्तरदायित्व**

संस्थाको वित्तीय विवरण तयार पार्ने उत्तरदायित्व सञ्चालक समितिमा निहित रहेको छ । समितिले उक्त उत्तरदायित्वलाई वार्षिक प्रतिवेदनमा उल्लेख गरेबमोजिम स्वीकार गर्दछ । वित्तीय विवरणमा निम्न विवरणहरु समावेश गरिएका छन् ।

(क) संस्थाको असार मसान्त, २०८२ मा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्ने वित्तीय अवस्थाको विवरण (Statement of Financial Position)

(ख) संस्थाको आर्थिक वर्ष २०८१/०८२ को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने नाफा नोक्सान हिसाब तथा अन्य विस्तृत आयको विवरण (Statement of Profit or Loss and Statement of Other Comprehensive Income)

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Arjan Nepal & Associates Chartered Accountants Kathmandu

(ग) संस्थाको आर्थिक वर्ष २०८१/०८२ को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flows),

(घ) संस्थाको आर्थिक वर्ष २०८१/०८२ मा जेथामा भएको परिर्वतनको जानकारी प्रदान गर्ने ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement of Change in Equity) तथा

(ङ) संस्थाको वित्तीय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरु र वित्तीय विवरणसँग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरु समेटिएको लेखा सम्बन्धी टिप्पणीहरु ।

**२.३. कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा**

वित्तीय विवरणहरु संस्थाको कार्यात्मक मुद्रा नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ । वित्तीय स्थितिमा सम्पत्ति र दायित्वलाई तरलताको क्रममा प्रस्तुत गरिएको छ । विस्तृत आय विवरणमा आम्दानी र खर्चलाई तिनका प्रकृतिका आधारमा वर्गीकरण गरिएको छ । अंकहरु निकटतम रुपैयामा परिणत गरी देखाइएको छ । यसले गर्दा हरेक अङ्कहरुको योग प्रस्तुत गरिएको योगफलसँग अलग हुन सक्दछ।

**२.४. महत्वपूर्ण लेखाङ्कन निर्णय र अनुमान**

NFRS को प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तीय प्रतिवेदन तयार गर्दा NFRS ले निर्दिष्ट गरे बमोजिम उपयुक्त तथा समुचित अनुमान (Estimate), धारणा (Assumption), तथा स्वविवेक (Assumption), हरुलाई आधार बनाईएको हुन्छ । सहकारीको व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समय अनुकुल पुनरावलोकन गरी आवश्यक भएको अवस्थामा NFRS ले निर्दिष्ट गरे अनुसार समायोजन गर्ने गरेको छ ।

**वित्तीय विवरणको तयारीमा निम्न क्षेत्रको अनुमान, धारणा तथा स्वविवेकको प्रयोगले महत्वपूर्ण भूमिका खेलेको हुन्छ**

- वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instruments)
- वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Assets and Financial Liabilities)
- वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment Losses on Financial Assets)
- गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment Losses on Non-Financial Assets)
- स्थिर सम्पत्ति तथा कार्यलय उपकरणको उपयोग अवधि निर्धारण (Useful Economic Life of Property and Equipment)
- आयकर तथा स्थगन कर निर्धारण (Taxation and Deferred Tax)
- परिभाषित लाभ दायित्व निर्धारण (Defined Benefit Obligations)
- सम्भावित दायित्व निर्धारण (Provision for Liabilities, Commitments and Contingencies)
- लगानी सम्पत्तिको वर्गिकरण (Classification of Investment Property)

**२.४.१ वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instrument)**

वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्य निर्धारण बुँदा नं ४.१ मा उल्लिखित मुल्याङ्कन तालिका अनुसार निर्धारण गरिन्छ र सो क्रममा विभिन्न मूल्याङ्कन विधि तथा Statistical Models को प्रयोग गरिन्छ ।

**२.४.२ वित्तीय सम्पत्ति तथा दायित्वको वर्गिकरण (Classification of Financial Asset and Liabilities)**

वित्तीय सम्पत्ति तथा दायित्वको प्रस्तुती र मापन Amortized Cost (परीशोधित मुल्य) अथवा बजार मूल्य मध्ये कुनै एकमा आधारित मूल्याङ्कन विधिका अनुसार गरी निम्न वर्गहरुमा वर्गीकृत गरिएको छ,

- Amortized Cost (परीशोधित मुल्य) मा वर्गिकरण गरिएको,
- Fair Value Through Profit or Loss (FVTPL) मा वर्गिकरण गरिएको,
- Fair Value Through Other Comprehensive Income (FVTOCI) मा वर्गिकरण गरिएको,

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Arjan Nepal & Associates Chartered Accountants Kathmandu, Nepal

वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण अनुसार मूल्याङ्कन र लेखाङ्कन फरक पर्ने हुन सक्छ । सहकारीले सम्पत्ति तथा दायित्वको प्रस्तुती तथा मूल्याँकनलाई उपयुक्त लेखा नीति अवलम्बन गरी वर्गिकरण गर्ने गरेको छ । वित्तीय सम्पत्ति तथा दायित्व सम्बन्धमा थप जानकारी बुँदा नं ३.४ मा प्रस्तुत गरिएको छ ।

**२.४.३ वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था (Impairment Losses on Financial Assets)**

वित्तीय सम्पत्तिमा भएको नोक्सानीको व्यवस्था सहकारी विभागले जारी गरेको सहकारी संघ/संस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन २०७९ को बुँदा नं २० बमोजिम वा NFRS 9 को Para 5.5 को 'Expected Credit Model' मध्ये जुन रकम बढी हुन्छ सो रकमलाई नोक्सानी व्यवस्थाको लागि छुट्याईएको छ ।

NFRS 9 को para 5.5 बमोजिम Amortized Cost वर्गीकरण गरिएका वित्तीय सम्पत्तिमा नोक्सानी व्यवस्था गर्न निम्न लिखित बुँदाहरुमा उपयुक्त स्वविवेक, अनुमान र धारणाहरु अवलम्बन गरेको छ,

- नोक्सानी व्यवस्था मूल्याङ्कनको लागि उपयुक्त पद्धतिको छनौट
- एकल रुपमा महत्व राख्ने वित्तीय सम्पत्तिको परिभाषा
- नोक्सानी व्यवस्थाको मूल्याङ्कनगर्ने प्रश्नहरु
- भविष्यमा वित्तीय सम्पत्तिबाट हुन सक्ने नगद प्रवाहको अनुमान
- आर्थिक अवस्था तथा पोर्टफोलियोका कारणहरुलाई समावेश गर्न गरिएको Historical Data को विश्लेषणको परिणामलाई समायोजन गरिएको ।

नोक्सानी व्यवस्थाको मूल्याङ्कनको प्रक्रियामा व्यवस्थापनले अवलम्बन गर्ने स्वविवेक उक्त मूल्याङ्कनको अभिन्न अंग हुन्छ र यसरी मूल्याङ्कन गर्दा व्यवस्थापनले उपलब्ध तथ्याङ्क औचित्यताका आधारमा समायोजन गर्ने गरेको छ।

सहकारीको वित्तीय सम्पत्तिमा गर्नु पर्ने नोक्सानी व्यवस्था सम्बन्धी विवरण लेखा नीतिको बुँदा ३.४.८ मा प्रस्तुत गरिएको छ ।

**२.४.४ गैर वित्तीय सम्पत्तिको नोक्सानीको व्यवस्था**

सहकारीले आवधिक रुपमा गैर वित्तीय सम्पत्तिमा गर्नु पर्ने नोक्सानी व्यवस्थाको परिक्षण गरी रहेको हुन्छ । यस्तो सम्पत्तिको नोक्सानी व्यवस्थाको लागि व्यवस्थाको उक्त सम्पत्तिबाट भविष्यमा हुन सक्ने नगद प्रवाहको अनुमान गरी सो लाई उपयुक्त Discount दरले आजको मूल्यमा ल्याई 'Value in Use' मापन गर्नु पर्ने हुन्छ । यस सम्बन्धी थप जानकारी बुँदा नं ३.१९ मा प्रस्तुत गरिएको छ ।

**२.४.५ स्थिर सम्पत्तिको उपयुक्त प्रयोग अवधि**

सहकारीले उपयुक्त अनुमान, धारणा तथा स्वविवेकको आधारमा आवधिक रुपमा स्थिर सम्पत्ति तथा कार्यलय उपकरणको ह्रासकट्टीको विधि, उपयुक्त प्रयोग अवधि तथा उक्त अवधिको अन्त्यमा बाँकी रहने मूल्य (Residual Value) पुनरावलोकन गर्ने गरेको छ ।

**२.४.६ कर तथा स्थगन कर**

आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आयमा सो समेत समावेश गरिन्छ ।

**(क) चालु कर**

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नु पर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनको लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानून) वित्तीय स्थितिको विवरण मितिमा लागू भएका दर हुन् । सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संसोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ ।

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Chartered Accountants Kathmandu

**(ख) स्थगन कर**

सम्पत्ति तथा दायित्वहरको वित्तीय विवरणमा गणना गरिएको रकम तथा कर कानुनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वित्तीय विवरणमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रुपमा लेखाङ्कन गरिन्छ । स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिन पर्याप्त विस्वंसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिँदैन ।

**२.४.७ परिभाषित लाभ दायित्व (Defined Benefit Obligation)**

संस्था सामाजिक सुरक्षा कोष मा आबद्ध भएको र उक्त कोषमा आवद्ध भए पश्चात सोही कोषमा कर्चारीहरुको उपदान तथा अवकाश बापतको रकम समेत मासिक रुपमा दाखिला हुने प्रावदान अनुसार संस्थाले कर्मचारीको अवकाश सम्बन्धि कुनै पनि दायित्व बहन गर्दैन |

**२.४.८ सम्भावित दायित्वको लागि व्यवस्था**

सम्भावित दायित्वहरुमा विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता दायित्वहरु जसको अस्तित्व तथा परिणाम भविष्यका एक वा एक भन्दा बढी तथा सहकारीको नियन्त्रण भन्दा बाहिर रहने अनिश्चित घटना क्रमहरुले निक्यौंल गर्ने तथा विगतका घटना क्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएको दायित्वहरु पर्दछन् ।

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको अथवा
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको ।

**२.४.९ लगानी सम्पत्तीको वर्गिकरण**

कुनै सम्पत्ति लगानी सम्पत्तिको रुपमा वर्गिकरण गर्न योग्य भए वा नभएको निर्धारण गर्नको लागि व्यवस्थापनको स्वविवेक आवश्यक पर्दछ । सहकारीले यी स्वविवेकको एकनास रुपले प्रयोग गर्न मापदण्डहरुको विकास गरेको छ । कुनै सम्पत्ति जुन भाडा वापत कमाउन वा पूँजीको मूल्यवृद्धिको लागि राखिएको छ वा दुबै उद्देश्यको लागि धारण गरिएको छ वा त्यो सम्पत्तिले सहकारीले अन्य सम्पत्तिहरु भन्दा स्वतन्त्र रुपमा नगद प्रवाह उत्पन्न गर्न सक्दछ भने त्यो सम्पत्तिलाई लगानी सम्पत्तिको रुपमा वर्गिकरण गरिन्छ । त्यसैगरी कुनै सम्पत्ति जुन संचालनका लागि वा सेवा प्रदान गर्नका लागि वा प्रशासनिक उद्देश्यका लागि प्रयोग गरिन्छ र त्यो सम्पत्तिले एकल रुपमा प्रत्यक्ष नगद प्रवाहहरु उत्पन्न गर्न सक्दैन भने त्यस्ता सम्पत्तिलाई सम्पत्ति, प्लान्ट तथा उपकरणको रुपमा वर्गिकरण गरिन्छ । सहकारीले वार्षिक रुपमा आफ्ना सम्पत्तिहरुको वर्तमान उपयोगलाई ध्यानमा राखि सम्पत्तिको वर्गीकरण गर्दछ ।

**२.५ लेखा नीतिमा परिवर्तन**

NFRS लेखाङ्कनले निर्धारण गरेको आवश्यक मानेको सबै सम्पत्ति र दायित्व लेखांकन गर्दै, NFRS ले अवलम्बन गरेको सम्पत्ति र दायित्वकको अपलेखाङ्कन गर्दै र सम्पत्ति र दायित्वको लेखाङ्कनमा NFRS को मापन लागू गर्दै सहकारीले पहिलो पटक नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम आफ्नो वित्तीय विवरण तयार पारेको छ ।

**२.६ जारी भई बाध्यकारी नभएका नेपाल वित्तीय प्रतिवेदन मानहरु**

वित्तीय उपकरणको रिपोर्टिङको लागि, NAS 32 वित्तीय उपकरण, प्रस्तुतिकरण, NAS 39 वित्तीय उपकरण लेखाङ्कन र मापन र NFRS 7 बमोजिमको वित्तीय उपकरण प्रकटिकरण लागू गरिएको छ । वित्तीय उपकरणहरुको वर्गीकरणको लागि NFRS 9 अनुपालना गरिएको छ ।

NFRS को विभिन्न मितिमा उद्घोषण पछि IASB बाट केही नयाँ लेखामान सहित वर्तमान लेखामानमा संशोधन र व्याख्य जारी भएको छ । IASB नेपालले यसलाई NFRS सँग समावेश गरेपछि यी लागु गरिएको छ । ICAN ले NFRS 2018 घोषणा गरी लागू गरेको छ ।

Chartered Accountants
Kathmandu, Nepal

मनिप्लान्ट
सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

**२.७ संस्थाको निरन्तरता/अविछिन्नतामा आधारित लेखा नीति (Going Concern)**

सहकारीको व्यवस्थापनले सहकारी संस्थाको निरन्तर सञ्चालन हुन सक्ने क्षमताको मूल्याङ्कन गर्दा सहकारी संस्था अविछिन्न रुपमा सञ्चालन हुन सक्ने पाएको छ । साथै व्यवस्थापनले सहकारीको अविछिन्न रुपमा सञ्चालन हुन सक्ने क्षमतामा ह्रास पुर्याउने खालको कुनै घटना वा अवस्था पाएको छैन । तसर्थ वित्तीय विवरण संस्थाको निरन्तरता र अविछन्नतामा आधारित रहेर वित्तीय विवरणहरु तयार पारिएको छ ।

**२.८ तुलनात्मक जानकारी**

लेखा नीतिहरु सबै अवधिमा समान रुपले अवलम्बन गरिएको छ । गत आर्थिक वर्षका वित्तीय रकमहरुलाई आवश्यकता अनुसार पूनरवर्गीकरण गरिएका छन् ।

**२.९ वित्तीय स्थितीको विवरण मिति पश्चातका घटनाहरु**

आर्थिक वर्षको अन्त्य देखि वार्षिक वित्तीय विवरण (असार ३१, २०८१ को वित्तीय अवस्था दर्शाउने वित्तीय विवरणहरु) प्रकाशन वा जारी गर्न स्वीकृत नहुन्जेलको समयावधीमा सो विवरणले पेश गरेको वित्तीय अवस्था सम्बन्धी थप जानकारी दिने वा उल्लेख्य असर पार्ने कुनै पनि अनुकुल वा प्रतिकुल घटनाहरुलाई वित्तीय स्थितिको विवरणको मिति पश्चात्तका घटनाहरु भन्ने गरिन्छ । यस सम्बन्धी थप जानकारी NAS 10 “Events after reporting date” भनी बुँदा नं ४.४ मा प्रस्तुत गरिएको छ ।

## ३ प्रमुख लेखा नीतिहरु

**३.१ मापनको आधार**

प्रस्तुत वित्तीय विवरण तल उल्लेखित अवस्थामा बाहेक Historical Cost Convention का आधारमा तयार गरिएको छ:

- अन्य व्यापारिक लगानी तथा लगानी सेक्युरिटिज (इक्वीटी शेयर) मा गरेको लगानीलाई NFRS 9 बमोजिम उचित मूल्यमा मापन गरिएको छ ।
- परिशोधित लागत (Amortized Cost) मा मापन गरेको वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वलाई करिबी प्रभावकारी व्याज दरको आधारमा मापन गरिएको छ ।

**३.२ व्यवसाय प्राप्ति र साख**

व्यवसाय प्राप्ति र साखलाई नियन्त्रण प्राप्त हुँदाको समयमा NFRS 3 बमोजिम “Acquisition Method” अनुसार लेखांकन गरिएको छ:

**उक्त Acquisition Method को लागिः**

- नियन्त्रण प्राप्त गर्नेको पहिचान हुनु पर्छ ।
- नियन्त्रण प्राप्तिको मिति तय भएको हुनु पर्छ ।
- सम्पत्ति, दायित्व तथा Non-Controlling Interest को मापन हुनु पर्छ ।
- नियन्त्रण प्राप्त गर्दा को Goodwill (साख) वा Bargain Purchase बाट हुने लाभको मापन हुनु पर्छ ।

उक्त व्यवसाय प्राप्ति र साखको Acquisition Method अनुसारको लेखांकनमा Goodwill को रकम Negative आएमा सो रकमलाई NFRS 3 बमोजिम व्यापार प्राप्ति गर्दाको लाभको रुपमा नाफा नोक्सान खातामा आम्दानी जनाउने गरिन्छ । NFRS 3 को उक्त प्रावधनहरु सहकारीको पहिलो पटक NFRS बमोजिमको वित्तीय विवरण बनाएको मिति पश्चातका व्यवसाय प्राप्ति गर्दा मात्र लागु हुने हुँदा , सहकारीले प्रस्तुत वित्तीय विवरणहरु बनाउनु भन्दा पहिले गरिएका कुनै पनि व्यवसाय प्राप्तिका कारोबारहरुमा भएका कुनै पनि साख वा प्राप्ति गर्दाको लाभलाई मापन तथा लेखांकन गरेको छैन ।

Arjan Nepal & Associates Chartered Accoutants Kathmandu, Nepal

### ३.३ नगद र नगद समान

नगद र नगद समान भन्नाले खरिद गरेको अथवा प्लेसमेन्ट गरिएको समय पश्चात तीन महिना वा सो भन्दा कम अवधीमा परिपक्व हुने मौद्रिक सम्पत्ति अथवा प्लेसमेन्टलाई जनाउँदछ । प्रतिबन्धित मौज्दातलाई नगद र नगद समान समाबेश गरिएको छैन र परिशोधित लागतमा जनाइनुका साथै वित्तीय स्थितिको विवरणमा भिन्नै स्थानमा (Line Item) प्रस्तुत गरिएको छ ।

### ३.४ वित्तीय सम्पत्ति तथा दायित्व

अनुबन्धित सम्झौता अनुसार भविष्यमा हुने नगद प्रवाह वा अर्को एकाईको इक्वीटी उपकरणको स्वामित्वबाट सृजित सम्पत्ति वित्तीय सम्पत्ति अन्तर्गत पर्दछ । वित्तीय सम्पत्ति सामान्यतया अन्य सम्पत्ति भन्दा बढी तरल हुने गर्दछ । वित्तीय सम्पत्तिमा नगद तथा सोही प्रकृतिको नगद मौज्दात, बैंक मौज्दात, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम, ऋणपत्र तथा इक्वीटी शेयरमा गरिएको लगानी, Derivative उपकरणमा गरिएको लगानी, ऋण लगानी आदि पर्दछन् ।

कुनै करार तथा सम्झौता अन्तर्गत भविष्यमा नगद भुक्तानी गरी वा अन्य कुनै वित्तीय सम्पत्ति हस्तान्तरण गरी निसर्ग हुने दायित्वलाई वित्तीय दायित्व भनिन्छ । वित्तीय दायित्वमा बैंक तथा वित्तीय संस्थालाई बुझाउनुपर्ने रकम, Derivative दायित्व, निक्षेप, सापटी, जारी गरिएका ऋणपत्र आदि पर्दछन् ।

### ३.४.१ वित्तीय सम्पत्तिको पहिचानको मिति

कुनै करार वा सम्झौता अन्तर्गत सिर्जित वित्तीय सम्पत्ति वा दायित्वको पहिचान सो करार वा सम्झौता भएकै मितिमा गरिन्छ । नियमित रुपमा खरिद बिक्री भई रहने वित्तीय सम्पत्तिको पहिचान उक्त खरिद बिक्री भएको मितिमा गरिएको छ ।

### ३.४.२ वित्तीय उपकरणको सुरुवाती पहिचान तथा मापन

सबै वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वहरु सिर्जना हुँदाकै समयमा उक्त सम्पत्ति तथा दायित्वको बजार मूल्यलाई सो उपकरण जारी गर्दा वा प्राप्त गर्दा लागेको खर्चले समायोजन गरी आएको मूल्यमा मापन गरिएको छ ।

### ३.४.३ वित्तीय सम्पत्तिको वर्गीकरण तथा तत् पश्चातको मापन

वित्तीय सम्पत्ति तथा दायित्वको पहिचान भईसके पश्चात् सो को मापन उक्त वित्तीय उपकरणको वर्गीकरणले निर्क्योल गर्दछ । सुरुवातमा पहिचान गर्दा वित्तीय सम्पत्तिलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ ।

- परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति ।
- बजार मूल्यमा (Fair Value) मा मापन गरिएका वित्तीय सम्पत्ति

उक्त वर्गीकरण तथा तत्पश्चात्को मापन निम्न दुई मापदण्डहरुको आधारमा गरिन्छ ।

- वित्तीय सम्पत्तिलाई व्यवस्थापन गर्न अपनाईएको व्यवसायिक मोडेल (Business Model)
- वित्तीय सम्पत्तिबाट प्राप्त हुने नगद प्रवाहको प्रकृति

### ३.४.३.१ परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति

निम्न लिखित दुवै मापदण्डहरु पुरा हुँदाको अवस्थामा वित्तीय सम्पत्तिलाई परिशोधित मूल्यमा वर्गिकरण गरी मापन गरिन्छ ।

**(क) Business Model परिक्षण**

कुनै वित्तीय सम्पत्ति प्राप्ति गर्दा सो लाई पुरै करार अवधि सम्मै निसर्ग धारण गरी करार अनुसार नगद प्रवाह संकलन गर्ने उद्धेश्य भएको ।

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Arjan Napal & Associates Chartered Accountants Kathmandu

**(ख) नगद प्रवाहको प्रकृति र विशेषताको परिक्षण**

सम्झौता गरिएको शर्तनामामा उल्लेख गरे बमोजिम तोकिएको मितिमा बाँकी रहेको साँवा तथा त्यसमा पाकेको ब्याजको भुक्तानीको लागि मात्र नगद प्रवाह हुने ।

यस परिक्षणको लागि ब्याज भन्नाले तोकिएको अवधिको वक्यौता साँवामा निहित Credit Risk र सो को Time Value of Money को लागि भुक्तानी हुने ब्याजलाई मात्र बुझिन्छ । Fair Value Through Profit or Loss (FVTPL) मा वर्गिकरण गरिएको बाहेक उपरोक्त दुवै मापदण्ड पुरा गर्ने सवै ऋणपत्र उपकरणहरु (Debt Instrument) प्रभावकारी ब्याज दर (Effective Interest Rate) को करिबी दर प्रयोग गरी परिषोधित मूल्यमा हानी घटाएर मापन गरिएको छ ।

Amortized Cost मा मापन भई Hedging को लागि प्रयोग नभएका वित्तीय सम्पत्ति निसर्ग हुँदा वा क्षिण हुँदा वा बजार मूल्यमा पुनरवर्गीकृत हुँदा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाउने गरिएको छ ।

**३.४.३.२ बजार मूल्यमा (Fair Value) मापन गरिएका वित्तीय सम्पत्ति**

Amortized Cost मा मापन गरिएका बाहेकका वित्तीय सम्पत्तिहरु बजार मूल्यमा वर्गीकरण तथा मापन गरिन्छन् । बजार मूल्य भित्र निम्न दुई उपवर्ग रहेको छन्:

१. नाफ नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value Through Profit or Loss),
२. अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value Through Other Comprehensive Income)

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुलाई उक्त सम्पत्ति प्रासि गर्दाको समयमा नै छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्धेश्यले प्रासि गरिएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुको आवधिक मूल्यांकन गरिन्छ तथा यसरी मूल्यांकन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाईन्छ ।

**३.४.३.३ अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिको ईक्विटी शेयरमा लगानी भई सिर्जीत वित्तीय सम्पत्ति (FVTOCI)**

छोटो समयमा खरिद बिक्री गरी फाईदा आर्जन गर्ने उद्धेश्य राखी लगानी गरिएका बाहेक ईक्विटी शेयरमा गरिएका लगानीलाई अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिमा वर्गीकरण र मापन गरिएको छ । यो वर्गमा वर्गीकरण गर्दा सो निर्णय अपरिवर्तनीय हुने गर्छ । यो वर्गमा वर्गिकृत ईक्विटी शेयरमा लगानी भएको वित्तीय सम्पत्तिबाट आर्जन हुने लाभांश आम्दानी सो पाकेको वर्ष नाफा नोक्सान खातामा देखाउने गरिन्छ । यस्ता वित्तीय सम्पत्तिको आवधिक पुनरमूल्ङ्कन गर्दा बजार मूल्यमा भएको परिवर्तनले हुने फाईदा वा घाटालाई अन्य विस्तृत आयमा देखाई जेथा (Equity) मा भएको परिर्वतन सम्बन्धिको विवरणमा प्रस्तुत गर्ने गरिएको हुन्छ । उक्त वित्तीय सम्पत्ति निसर्ग गर्दा हुने सञ्चित नाफालाई Equity मा भएको परिर्वतन सम्बन्धिको विवरणबाट सोझै सञ्चित मुनाफामा रकामन्तर गरिन्छ, तथापि सञ्चित नाफा मध्ये विक्री/निसर्ग गरिएको आ.व. सँग सम्बन्धित नाफालाई उक्त आ.व को नाफा नोक्सान खातामा प्रस्तुत गरिएको छ । तथापी सो नाफाको कारणले उत्पन्न हुने कर्मचारी बोनस तथा करको खर्चलाई नाफा नोक्सान खातामा नै देखाइएको छ । अन्य विस्तृत आयमा बजार मूल्यमा समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जीत वित्तीय सम्पत्तिको थप विवरण बुँदा ४.१ मा प्रस्तुत गरिएको छ ।

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Arjan Nepal & Associates Chartered Accountants Kathmandu, Nepal

### ३.४.४ वित्तीय दायित्वका दायित्वको वर्गीकरण तथा मापन

NFRS 9 - "वित्तीय उपकरण" (Financial Instruments) अनुसार वित्तीय दायित्वलाई सोको वर्गीकरणका आधारमा मापन गर्ने गरिन्छ । वित्तीय दायित्वहरुलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छः

- नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व
- Amortized Cost मा वर्गीकृत वित्तीय दायित्व

### ३.४.४.१ नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुलाई उक्त दायित्व सृजना हुँदा छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले सृजित भएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुको आवधिक मूल्यांकन गरिन्छ तथा यसरी मूल्यांकन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ । प्रस्तुत वित्तीय प्रतिवेदनमा नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका कुनै पनि वित्तीय दायित्व रहेको छैन ।

### ३.४.४.२ Amortized Cost मा मापन गरिएका वित्तीय दायित्व

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व बाहेक अन्य सबै वित्तीय दायित्वलाई Amortized Cost मा वर्गिकृत गरिएको छ । शुरुवाती मापन पश्चात्त परिषोधित लागतमा लेखांकन गरिएका वित्तीय दायित्वलाई करिबी प्रभावकारी व्याजदर को प्रयोगबाट मापन गरिएको छ । सो वित्तीय दायित्वको परिशोधन खर्च तथा दायित्व निसर्ग हुँदाको समयको फाईदा वा घाटालाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

### ३.४.५ वित्तीय सम्पत्ति तथा दायित्वको पूनरवर्गीकरण

वित्तीय सम्पत्तिको पूनरवर्गीकरण सो सम्पत्ति प्राप्त गर्दाको समयमा व्यवस्थापनले छनौट गरेको व्यावसायिक Model परिवर्तन भएको अवस्थामा मात्र गर्न सकिन्छ । NFRS 9 ले अन्य विस्तृत नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सृजित सम्पत्तिलाई पूनरवर्गीकरण गर्न बन्देज लगाएको छ ।व्यवस्थापनको अवधारणामा कुनै वित्तीय सम्पत्ति वा दायित्वको पूनरवर्गीकरण गर्नु जरुरी देखिएमा यस्तो पूनरवर्गीकरणबाट लेखामा हुने प्रभाव तथा समायोजनहरु सो पूनरवर्गीकरणको मितिमा तथा सो मिति पश्चात मात्र लागू हुन्छ । सो मिति अघिका कुनै पनि वित्तीय विवरणलाई पूनरलेखन गरिँदैन। कुनै वित्तीय सम्पत्ति नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुनै प्रकृतिका वित्तीय सम्पत्ति वर्गमा पूनरवर्गीकरण गरिँदा सो गर्दाको मितिको बजार मूल्यमा मापन र लेखाङ्कन गरिन्छ । यसरी मापन गर्दा उक्त वित्तीय सम्पत्तिको पूनरवर्गीकरण हुनु अघिको किताबी मूल्य र पूनरवर्गीकरण गर्दाको बजार मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा समायोजन गरिन्छ ।

### ३.४.६ वित्तीय सम्पत्ति तथा दायित्वको निसर्ग

#### ३.४.६.१ वित्तीय सम्पत्तिको निसर्ग

निम्न उल्लेखित कुनै पनि अवस्थामा संस्था को वित्तीय सम्पत्ति पुर्ण वा आंशिक रूपमा निसर्ग भएको स्थिति हुन आउँछ ।

- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार समाप्त हुँदा,
- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार हस्तान्तरण गरिएमा सो सँग जोडिएको सम्पूर्ण जोखिम तथा प्रतिफल पनि हस्तान्तरण हुँदा,

यसरी निसर्ग भएको वित्तीय सम्पत्ति निसर्ग हुँदा रहेको किताबी मूल्य र सो निसर्गबाट प्राप्त मूल्य तथा सो सँग सम्बन्धित अन्य विस्तृत नाफा नोक्सान खातामा रहेको सञ्चित फाईदा वा घाटाको योगमा फरक भएमा सो फरक रकमलाई नाफा नोक्सान खातामा लेखांकन गरिन्छ ।

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Aryan Jnanel & Associates Chartered Accountants Kathmandu, Nepal

### ३.४.६.२ वित्तीय दायित्वको निसर्ग

कुनै वित्तीय दायित्वसँग जोडिएको दायित्वहरु समाप्त भएको अवस्थामा सो दायित्व निसर्ग भएको मानिन्छ । यसरी निसर्ग हुँदा उक्त वित्तीय दायित्वको किताबी मूल्य र निसर्ग हुँदा तिरेको मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

### ३.४.७ वित्तीय सम्पत्ति तथा दायित्वको फेयर भ्यालु निर्धारण

तरल बजारमा कारोवार हुने वित्तीय उपकरण (डेरिभेटिभ उपकरण सहित) को फेयर भ्यालु वासालातको मितिको बि (bid) अथवा प्रस्तावित अन्तिम मूल्य (Closing Price) हो । सक्रिय बजार नहुने वित्तीय उपकरणहरुको फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरु (गणितीय विधि) प्रयोग गरी निर्धारण गरिन्छ । यो विधिहरुलाई चाहिने निवेशहरु (inputs) सम्भव भएसम्म अवलोकन गर्न सकिने बजार तथ्याङ्कबाट लिइन्छ । फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरुको प्रयोग गरी मापन गरिन्छ । यस प्रकृया अन्तगत भविष्यमा अपेक्षित नगद प्रवाह निर्धारण गर्ने र वासालात मितिसम्म Discount (छुट) गर्नु पर्दछ । यी उपकरणहरुको लागि अनुमान गरिएको भविष्यमा अपेक्षित नगद प्रवाह Market (बजार) तथ्यांकको धारणाहरु (Assumption) मा भर पर्दछ । त्यसैले फेयर भ्यालुको अनुमान फरक पर्ने हुँदा बजारबाट प्राप्त (Realizable) नहुन सक्दछ । विभिन्न बजार धारणाहरु (Assumptions) अन्तर्गत मानहरु पनि महत्वपूर्ण रुपले (Significantly) फरक पर्न सक्दछ ।

संस्थाले निम्न फेयर भ्यालु पदानुक्रम अनुसार फेयर भ्यालु मापन गरेको छ । यसले मापन गर्न प्रयोग हुने निवेश (inputs) को महत्वलाई झल्काउँदछ ।

**स्तर-१ः-** समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्यहरु (Unadjusted)।

**स्तर-२ः-** अवलोकन योग्य निवेशहरु (Observable Inputs) को आधारमा या त सिधै (मूल्यको रुपमा) वा अप्रत्यक्ष रुपमा (मूल्यबाट प्राप्त) मूल्य निर्धारण विधि । यस वर्ग अन्तर्गत उपकरणहरुको मूल्य निम्न तरिकाहरु प्रयोग गरी निर्धारण गरिन्छ -

क. समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्य वा

ख. सक्रिय बजार भन्दा कम मानिने बजारहरुमा समान उपकरणका लागि उद्धृत मूल्य वा

ग. अन्य मूल्य निर्धारण विधिहरु जहाँ सबै महत्पूर्ण निवेशहरु (Inputs) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बजार तथ्याङ्कबाट निरीक्षण गर्न सकिन्छ ।

**स्तर-३ः-** निरीक्षण गर्न नसकिने महत्वपूर्ण निवेशहरु (Significant Unobservable Inputs) प्रयोग गरिने मूल्य निर्धारण विधि । यस वर्ग अन्तर्गत समान उपकरणहरुको उद्धृत मूल्यलाई आधार मानी मूल्य निर्धारण गरिने उपकरणहरु पर्दछन् । यसरी मूल्याङ्कन गर्दा महत्वपूर्ण निरीक्षण गर्न नसकिने समायोजन (Significant Unobservable Adjustments) वा धारणाहरु (Assumptions) तय गर्न आवश्यक पर्दछ ।

संलग्न वित्तीय प्रतिवेदनमा भएका सम्पत्ति तथा दायित्वको बजार मूल्यको निक्यौंल गर्न अपनाइएको पद्धतिको बारे थप जानकारी बुँदा नं. ४.१ मा प्रस्तुत गरिएको छ ।

### ३.४.८ वित्तीय सम्पत्तिमा हुने नोक्सानी

संस्थाले वित्तीय विवरण बनाउँदा कुनै पनि वित्तीय सम्पत्तिमा नोक्सान भए नभएको बारे प्रमाण सहित आंकलन गर्ने गरेको हुन्छ । उक्त प्रमाणले त्यस्तो सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई नकारात्मक असर गरेको दर्शाएमा सो वित्तीय सम्पत्ति नोक्सान भएको ठहर गरी त्यसमा नोक्सानी व्यवस्था गर्ने गरिएको

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Chartered Accountants Kathmandu, Nepal

हुन्छ।यस्तो नोक्सानी रहेको छ भन्ने अवस्थाको उजागर कुनै एक प्रमाणबाट मात्र नभई प्रमाणहरुको सामुहिक आंकलनबाट पनि गर्नुपर्ने हुन्छ । यस्तो नोक्सानी व्यवस्था उजागर गर्ने केही प्रमाणहरु यस प्रकार रहेका छन् ।

- खराब वित्तीय अवस्था
- सम्झौताका शर्तहरुको उल्लङ्घन गरेको जस्तै ब्याज तथा साँवा भुक्तानीमा अनियमितता
- ऋणी टाट पल्टिन सक्ने सम्भावना रहेका
- वत्तीय सम्पत्तिबाट सुरुवातमा भविष्यमा प्राप्त हुन सक्ने भनी आंकलन गरिएको नगद प्रवाह भन्दा हाल गरिएको आंकलन कम भएमा

**३.४.८.१ नोक्सानी व्यवस्था/नोक्सानी व्यवस्था फिर्ता तथा अपलेखन**

वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था मापन गर्दाको, किताबी मूल्य तथा सो सम्पत्तिबाट भविष्यमा प्राप्त हुन सक्ने भनि आंकलन गरिएको नगद प्रवाहलाई उक्त सम्पत्तिको पहिलो पटक पहिचान र लेखाङ्कन गर्दा प्रयोग गरिएको समायोजित ब्याजदरले Discounting गर्दा हुन आउने रकम बीचको फरकलाई जनाईन्छ । यस्तो नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च जनाइन्छ र वित्तीय सम्पत्तिको किताबी मूल्यबाट उक्त नोक्सानी बराबरको रकमलाई घटाएर प्रस्तुत गरिन्छ । नोक्सानी व्यवस्था गर्नु पर्ने भनी उजागर गर्ने प्रमाणहरुले दर्शाएको अवस्थामा सुधार हुँदा सो सम्पत्तिमा पहिले गरिएको नोक्सानी व्यवस्थालाई फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाइन्छ तथा यसरी पहिले गरिएको नोक्सानी व्यवस्थाबाट फिर्ता गर्दा सो सम्पत्तिको किताबी मूल्यलाई फिर्ता भए बराबरको रकमले बढाएर देखाइन्छ ।

**३.४.८.२ एकल ऋणको नोक्सानी व्यवस्था**

एकल रुपमा महत्वपूर्ण ऋणको नोक्सानी व्यवस्था गर्न निम्न आधारहरुलाई मध्यनजर गरिएको हुन्छः

- सो एकल सदस्य समूहमा प्रवाहित सम्पूर्ण ऋण रकम
- सदस्यको व्यापारको सम्भाव्यता तथा ऋण भुक्तानी गर्न सक्ने क्षमता
- भुक्तानी तथा असुलीको अनुमानित रकम र भुक्तानी मिति
- धितोबाट उठ्न सक्ने अनुमानित रकम

**३.४.८.३ सामुहिक ऋण नोक्सानी व्यवस्था**

उस्तै प्रकृतिका ऋणहरुलाई समूहमा वर्गीकरण गरिन्छ । सामुहिक ऋण नोक्सानी व्यवस्थाको आंकलन सांख्यिकीय (Statistical) पद्धतिको माध्यमबाट गरिन्छ । यस्तो सामुहिक ऋणमा बिगतमा भएको नोक्सानी दरलाई "Net Flow Rate" विधिबाट निर्धारण गरिन्छ । यस विधि अनुसार विगतमा प्रवाहित ऋणहरुलाई समूह अनुसार भाखा नाघेको आधारमा विभिन्न अवधिमा वर्गीकरण गरी सो समूहको 'Default' को सम्भाव्यता अनुमान गरिन्छ । उक्त सम्भाव्यतालाई आवधिक रुपमा पूनरावलोकन गर्ने गरिन्छ ।

**३.४.८.४ पूनरसंरचना र पूनर्तालिकीकरण भएका ऋणको नोक्सानी व्यवस्था**

संस्थामा सम्भव भएसम्म ऋणको धितो अधिग्रहण गर्नु भन्दा सम्भाव्यताको आंकलन गरी त्यस्ता ऋणलाई पूनर्तालिकीकरण अथवा पूनरसंरचना गरिएको हुन्छ । यसरी पूनरतालिकीकरण वा पूनरसंरचनाको लागि संस्था तथा ऋणी दुवै पक्ष सहमत भए पश्चात् सो ऋणमा गर्नु पर्ने ऋण नोक्सानी व्यवस्था सो ऋणको सुरुवातको समायोजित ब्याज दरकै आधारमा गरिन्छ । यसरी ऋण नोक्सानी व्यवस्था गरे पश्चात सो ऋणलाई भाखा नाघेको ऋणको रुपमा गणना गरिँदैन । यस्ता ऋणलाई एकल रुपमा महत्वपूर्ण राख्ने वा सामुहिकृत ऋणमा वर्गीकरण गरी ऋण नोक्सानी व्यवस्थाको आंकलन गर्ने गरिन्छ ।

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Arjan Nepal & Associates Chartered Accountants Kathmandu, Nepal

**३.४.८.५ NFRS 9 - (वित्तीय उपकरण-पहिचान, लेखाङ्कन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)**

प्रस्तुत वित्तीय विवरण तयार गर्दा बुँदा २.१.२(क) मा प्रस्तुत गरिएको वैकल्पीक व्यवस्थाको उपयोग गरिएको छ । तदअनुरुप, संस्थाले कर्जा लगानीमा रु. ६,९१,४७,७११.६३ कर्जा नोक्सानी व्यवस्था गरेको छ जुन NFRS 9 को para 63 अनुसार रु. ६,७४,५६,५२०.२२ मात्र हुन आउँछ । दुबै व्यवस्था अनुसारको नोक्सानी व्यवस्थाको विवरण यस प्रकार छ ।

| कर्जा नोक्सानी ब्यबस्था | ३२ अषाढ २०८२ | ३१ अषाढ २०८१ |
|---|---|---|
| एकीकृत निर्देशनको बुदा न २५ बमोजीम | ६,९१,४७,७११.६३ | ६,६४,२५,६५८.०० |
| NFRS ९ को अनुसूची ६३ बमोजिम | ६,७४,५६,५२०.२२ | ६,४४,२५,६५८.९२ |
| दुवै मध्य बढी हुने रकम | ६,९१,४७,७११.६३ | ६,६४,२५,६५८.०० |
| वितिय विवरण गरिएको कर्जा जोखिम ब्यबस्था | ६,९१,४७,७११.६३ | ६,६४,२५,६५८.०० |

**३.४.९ प्रचलित ब्याज दर भन्दा कममा कमर्चारीलाई प्रवाहित सापटी**

संस्थाले आफ्ना कर्मचारीहरुलाई मानव संशाधन व्यवस्थापन नीतिको प्रावधान भित्र रही सहुलियत ब्याज दरमा ऋण सापटी प्रवाह गर्ने गरेको छ । कर्मचारीबाट ऋण सापटीको भूक्तानीका लागि भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई सोही प्रकृतिका ऋणको बजारमा प्रचलित ब्याज दरले Discounting गरी सो ऋणको बजार मूल्य निर्धारण गरिन्छ । ऋणको शुरुवाती Transaction Price तथा उक्त बजार मूल्यको फरक कर्मचारी सुविधाको रुपमा र बाँकी रकमलाई वित्तीय सम्पत्तिको रुपमा Amortized Cost मा मापन गर्ने गरी लेखांकन गरिएको छ। कर्मचारीलाई प्रवाहित ऋण सापटीसँग सम्बन्धित अग्रिम भुक्तानी भएको कर्मचारी सुविधालाई उक्त ऋण सापटीको अवधिमा परिशोधन गरी खर्च लेख्ने गरिन्छ । सो ऋणको बजार मूल्यमा समायोजित ब्याज दर अनुसार हुने ब्याज आम्दानीको फरकलाई परिशोधन खर्चको रुपमा उक्त अग्रिम भुक्तानी भएको कर्मचारी सुविधाबाट परिशोधन गर्दै लेखाङ्कन गरिएको छ ।

**३.४.१० Amortized Cost को मापन**

कुनै वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost को रुपमा सो को सुरुवाती किताबी मूल्यमा साँवा भुक्तानीको रकम, संचित परिशोधन खर्च तथा संचित नोक्सानी व्यवस्थाको रकम समायोजन गरे पछिको रकमलाई जनाईन्छ ।

कुनै पनि वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने वा वित्तीय दायित्वको लागि भविष्यमा भुक्तानी हुने रकमलाई Discount गर्दा हुन आउने मूल्य सो वित्तीय सम्पत्ति तथा दायित्वको आजको किताबी मूल्य बराबर हुन्छ भने, यसरी भविष्यमा प्राप्त हुने वा भुक्तानी हुने रकमलाई Discount गर्न प्रयोग भएको उक्त ब्याज दरलाई समायोजित ब्याजदर भनिएको छ । संस्थाले समायोजित ब्याज दरका आधारमा वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost मापन गर्ने गरेको छ ।

**३.५ लगानी सम्पत्ति (Investment Properties)**

NFRS 16 (सम्पत्ति तथा उपकरण) बमोजिम वर्गीकरण गरिएको सम्पत्ति तथा उपकरण र NFRS ५ (बिक्रीका लागि उपलब्ध गैर अचल सम्पत्ति र बन्द गरिएको संचालन) बमोजिम वर्गीकरण गरिएको बाहेक जग्गा वा भवन वा दुबै लगानी सम्पत्ति हुन् । संस्थाले गैर बैंकिंग सम्पत्तिको रुपमा प्राप्त गरेको जग्गा वा भवन वा दुवै लगानी सम्पत्तिको रुपमा वर्गीकरण गरेको छ । संस्थाले लगानी सम्पत्तिलाई NAS 16 अनुसार ऐतिहासिक मुल्यमा लेखाङ्कन गर्ने नीति लिएको छ ।

मनिप्लान्ट सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.

Chartered Accountants Kathmandu, Nepal

### ३.६ सम्पत्ति तथा उपकरण

सम्पत्ति तथा उपकरणहरु एक वर्ष वा सो भन्दा बढी धारण गरी सदस्यलाई सेवा प्रदान गर्नको लागि वा संस्थाको प्रशासनिक कार्यमा प्रयोगको लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन् । संस्थाले NAS 16 -"Property, Plant & Equipment" को व्यवस्था अनुसार आफ्नो स्थिर सम्पत्ति र कार्यालय उपकरणहरुको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ । संस्थाको स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरुको बारेमा थप जानकारी अनुसूची ४.७ मा प्रस्तुत गरिएको छ ।

#### ३.६.१ पहिचानको आधार

संस्थालाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यम्भावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ । संस्थाले रु ५,०००/-सम्म मूल्य पर्ने सम्पत्तिहरुलाई पूजीकृत नगरी खरिद गरिएकै वर्षमा खर्च जनाउने नीति लिएको छ । संस्थाले NFRS 16 पट्टा (Lease) को प्रावधान अनुसार आर.ओ.यू सम्पत्तिलाई ख्याती तथा अमूर्त सम्पत्ति अन्तर्गत प्रस्तुत गर्ने नीति लिएको छ ।

#### ३.६.२ मापनको आधार

पहिचान भएका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागतलाई मापन गरी लेखांकन गरिन्छ । लागत मापन गर्दा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरण प्राप्ति वा निर्माणका लागि भएका पूँजीकृत गर्न मिल्ने सबै खर्चलाई सो सम्पत्तिको लागतको रुपमा लेखांकन गरिन्छ । उक्त प्रकृति बाहेकका अन्य खर्चहरुलाई खर्च भएकै अवधिमा प्रोदभावी आधारमा नाफा नोक्सान खातामा लेखांकन गरिन्छ ।

#### ३.६.३ लागत मोडल (Cost Model)

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई "Cost Model" मा लेखांकन तथा प्रस्तुत गर्ने संस्थाको लेखा नीति रहेकोछ ।यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

#### ३.६.४ पूनरमूल्याङ्कन (Revaluation Model)

संस्थाले आफ्नो कुनै पनि वर्गका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणका लागि पूनरमुल्याङ्कन Model अपनाएको छैन ।

#### ३.६.५ निसर्ग (Derecognition )

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आंकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिँदा सोमा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

#### ३.६.६ पुँजीकृत नगरिएका स्थिर सम्पत्ति

कुनै स्थिर सम्पत्तिको निर्माण गर्दा हुने खर्च सो स्थिर सम्पत्ति उपयोगमा ल्याउन नमिलेसम्म यस शिर्षक अन्तर्गत देखाईन्छ । यस्ता खर्चहरुलाई उक्त सम्पत्ति प्रयोगमा ल्याउन मिल्ने भएपछि सो समयमा उक्त शिर्षकबाट स्थिर सम्पत्तिको लागतको रुपमा रकमान्तर गरि पूँजीकृत गरिन्छ ।

Arjan Nepal & Associates
Chartered Accoutants
Kathmandu, Nepal

#### ३.६.७ ह्रास कट्टी

मनिप्लान्ट
सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रास कट्टी गर्ने गरेको छ । लिजहोल्ड सम्पत्ति र आर.ओ.यू सम्पत्ति बाहेक, संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा समदर ह्रास कट्टी प्रणाली (Straight Line Method) अनुसार ह्रास कट्टी गर्ने गरेको छ भने लिजहोल्ड र आर.ओ.यू सम्पत्तिलाई भने पट्टा अवधिमा अपलेखन हुने गरी परिशोधन नीति अपनाइएको छ । सहकारीका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको अनुमानित उपयोग अवधि निम्न बमोजिम छ ।

| सम्पत्तिको प्रकृति | अनुमानित उपयोग अबधि |
|---|---|
| फर्निचर एण्ड फिक्चर्स | ७ वर्ष |
| सवारी साधन | ७ वर्ष |
| कार्यलय उपकरण | ७ वर्ष |
| उपकरण | ७ वर्ष |
| सफ्टवेयर | ३ वर्ष |
| आर.ओ.यु सम्पति | पट्टाको अबधि |
| लीज होल्ड सम्पति | पट्टाको अबधि |

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण निसर्ग वा विक्रीको लागि वर्गीकृत (Held for Sale) भएमा ह्रास कट्टी स्थगित गरिन्छ । यस्ता सम्पत्ति सक्रिय प्रयोगबाट निष्क्रिय नहुन्जेल, सोमा ह्रास कट्टी गरी राखिन्छ । ह्रास कट्टीको पद्दति, अनुमानित उपयोग अवधि तथा सो अवधि पश्चात बाँकी रहने मूल्य Residual Value) को आवधिक रुपमा पूनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

### ३.६.८ अनुमानमा परिवर्तन

सम्पत्तिको बाँकी रहने मूल्य, अनुमानित उपयोग अवधि तथा ह्रास कट्टीको विधिहरु समय सापेक्ष राख्न नियमित रुपमा पूनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

## ३.७ साख तथा अभौतिक सम्पत्ति लेखाङ्कन

अमूर्त सम्पत्ति एउटा पहिचान योग्य गैर मौद्रिक सम्पत्ति हो जसको कुनै भौतिक उपस्थिति हुँदैन र त्यस सम्पत्तिलाई उत्पादन गर्नका निमित्त, सेवा प्रदान गर्नका निमित्त, कसैलाई भाँडामा दिन वा प्रशासनिक कामको लागि प्रयोग गरिन्छ । अमूर्त सम्पत्तिको लेखांकन त्यस बखत गरिन्छ जब भविष्यमा त्यस सम्पत्तिबाट आर्थिक लाभ प्राप्त हुन सक्दछ र सम्पत्तिको परल मूल्यलाई विश्वसनीय ढंगले मूल्यांकन गर्न सकिन्छ । शुरुमा अमूर्त सम्पत्तिलाई लागतको आधारमा लेखांकन गरिन्छ । अमूर्त सम्पत्तिसँग सम्बन्धित खर्च जुन अगाडिकै वार्षिक वित्तीय विवरण वा अन्तरिम वित्तीय विवरणमा खर्च भनी लेखांकन गरिएको छ, पछिको समयमा त्यस्ता खर्चहरुलाई अमूर्त सम्पत्तिको रुपमा पूँजीकरण गरिदैन ।

### ३.७.१ अभौतिक सम्पत्ति

अभौतिक सम्पत्तिको लेखांकनको लागि संस्थाले NAS 38 को प्रावधानलाई अपनाएको छ । संस्थाले तल उल्लेखित अवस्थामा मात्र अभौतिक सम्पत्तिको पहिचान गरी लेखांकन गर्ने गरेको छ,

- लागतको मापन गर्न सकिने भएको
- विगतका घटनाक्रमले सो अभौतिक सम्पत्ति माथि संस्थाको नियन्त्रण भएमा
- भविष्यमा सो अभौतिक सम्पत्तिबाट संस्थाले आर्थिक लाभ लिन सक्ने भएमा प्रस्तुत वित्तीय विवरणमा कम्प्युटर सफ्टवेयरलाई अमुर्त सम्पत्तिको रुपमा लेखांकन गरिएको छ ।

### ३.७.२ कम्प्युटर सफ्टवेयर

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Chartered Accountants, Kathmandu, Nepal

कम्प्युटर सफ्टवेयरलाई सो को लागतबाट सञ्चित क्षयिकरण नोक्सानी तथा सञ्चित परिशोधन खर्च घटाएर प्रस्तुत गरिन्छ । आन्तरिक रुपमा बनाइएका कम्प्युटर सफ्टवेयरको लागत गणना गर्दा सो बनाउन लागेको सम्पूर्ण प्रत्यक्ष खर्चलाई पनि समावेश गरिन्छ र सो सम्पत्तिको अनुमानित उपयोग अवधिमा परिशोधन (Amortization) गरिन्छ ।

**३.७.३ अभौतिक सम्पत्तिको निसर्ग**

अभौतिक सम्पत्ति बिक्री गरिएमा अथवा सोको उपयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था भएमा सोको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी अभौतिक सम्पत्ति निसर्ग गर्रिँदा सो मा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

**३.७.४ अमुर्त सम्पत्तिको परिशोधन तथा नोक्सानी**

अमुर्त सम्पत्तिको अनुमानित उपयोग अवधिलाई निश्चित अथवा अनिश्चित भनी छुट्याइन्छ । साख (Goodwill) बाहेक अन्य अभौतिक सम्पत्तिलाई सोको अनुमानित उपयोग अवधिमा समदर पद्धति (Straight Line Basis) अनुसार परिशोधन गरिएको छ । अभौतिक सम्पत्तिको परिशोधन गर्ने विधि, अनुमानित उपयोग अवधि तथा सो उपयोग अवधि पछिको कायम रहने बाँकी मूल्यलाई हरेक आर्थिक वर्ष पूनरावलोकन गरी आवश्यक परेमा समायोजन गर्ने गरिएको छ । संस्थाले प्रस्तुत वित्तीय विवरणमा रहेको अभौतिक समपत्तिको अनुमानित उपयोग अवधि अनिश्चित नरहेको भन्ने धारणा रखेको छ ।

| अभौतिक सम्पत्तिको वर्ग | अनुमानित उपयोग अवधि |
|---|---|
| आर.ओ.यु सम्पति | पट्टाको अबधि |

**३.८ आयकर**

संस्थाले आयकर लेखांकन NAS 12 – Income Tax को प्रावधान बमोजिम गर्ने गरेको छ । आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ । जेथा (Equity) मा भएको परिवर्तन सम्बन्धीको विवरण तथा अन्य विस्तृत नाफा नोक्सान खातामा प्रस्तुत हुने कारोबारमा सृजित स्थगन करलाई अन्य विस्तृत नाफा नोक्सान खातामै प्रस्तुत गरिएको छ । चालु आयकर सम्बन्धी थप जानकारी अनुसूची नं ४.३३ मा तथा स्थगन कर सम्बन्धीको थप जानकारी अनुसूची नं ४.९ मा प्रस्तुत गरिएको छ।

**३.८.१ वित्तीय विवरण अवधिको कर**

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नुपर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर, कर सम्बन्धी कानून बमोजिम वासलात मितिमा लागू भएका दर हुन् । सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ ।

**३.८.२ स्थगन कर**

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति वा स्थगन कर दायित्वका रुपमा लेखांकन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति वा दायित्वमा हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय वा स्थगन कर खर्च को लेखांकन गरिन्छ ।

Chartered Accoutants
Kathmandu, Nepal

स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिँदैन । स्थगन कर सम्पत्ति वा दायित्वको मापन गर्दा उक्त सम्पत्तिबाट प्राप्ति हुने वा दायित्व राफसाफ हुने बखतमा लागू हुन सक्ने कर दरको आधारमा गरिन्छ ।

यस कारण आर्थिक वर्ष २०८०/८१ को लागि यस संस्थालाई आगामी आर्थिक वर्षबाट लागू हुने परिर्वतित आयकर दर २०% ले स्थगन कर सम्पत्ति र दायित्वको मापन गरिएको छ ।

संस्थाको नीति अनुसार स्थगन कर कोषमा कुल स्थगन कर सम्पत्तिको हिसाब बराबरको रकम छुट्याईएको छ ।

**३.९ पट्टा दायित्व (Lease Liability)**

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखांकन NFRS 16 – Lease को प्रावधान बमोजिम गरेको छ । NFRS 16 अनुसार पट्टालाई सम्झौताको रुपमा परिभाषित गरिएको छ जस अनुसार कुनै पहिचान गरिएको सम्पत्ति कुनै मूल्यको बदलामा केही समय अवधिको लागि नियन्त्रण गर्ने अधिकार उक्त सम्झौताले प्रदान गर्छ । NFRS 16 अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अंतनिहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखांकन पट्टा अवधि भर समदर (Straight Line Basis) गणना विधि अनुसार गरिएको छ भने अन्य पट्टाहरुको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको रुपमा लेखांकन गर्ने गरेको छ । यसरी पहिचान भएको आर.ओ.यू सम्पत्तिलाई ख्याती तथा अमूर्त सम्पत्ति ४.७ अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी गरिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई गैर सञ्चालन खर्च ४.३२ अन्तर्गत ब्याज खर्चमा देखाइएको छ ।

**पहिचान**

पट्टाको प्रारम्भिक मितिमा संस्थाले आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्दछ । NFRS 16 अनुसार पट्टामा लिने संस्थाले तल उल्लेखित पट्टाहरुको सन्दर्भमा छुटको सुविधा लिएको बाहेक अन्य सबै पट्टाहरुको लागि पट्टा अवधि भरी आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्नुपर्छ ।

**छुटको सुविधा लिन सकिने पट्टाहरु**

- छोटो अवधि (१२ महिना भन्दा कम) वा
- अंतर्निहित सम्पत्तिको मूल्य कम भएको

**प्रारम्भिक मापन**

**पट्टा दायित्वको मापन**

प्रारम्भिक मितिमा बाँकी रहेको पट्टा अवधि भरी भुक्तानी गर्नुपर्ने पट्टा रकमलाई पट्टमा निहित दर वा पट्टेदारको वृद्धिशील उधार दरले वर्तमान मूल्यमा मापन गर्नुपर्छ ।

संस्थाले पट्टेदारको वृद्धिशील उधार दर १० प्रतिशत को दरले पट्टा दायित्वको मापन गरेको छ।

**आर.ओ.यू सम्पत्ति**

आर.ओ.यू सम्पत्तिलाई शुरुमा लागतमा लेखांकन गरिन्छ । आर.ओ.यू सम्पत्तिको लागतमा निम्न रकमहरु जोडिएका हुन्छन् ।

आर.ओ.यू सम्पत्ति =प्रारम्भिक प्रत्यक्ष लागत + NAS 37 अनुसार स्थापित गर्न, हटाउन वा पुनरस्थापना गर्न लाग्ने अनुमानित लागत + प्रिपेड लिज भुक्तानी - प्राप्त पट्टा प्रोत्साहन

Anjel Nepal & Associates Chartered Accountants Kathmandu, Nepal

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

**पछिको मापन (Subsequent Measurement)**

**आर.ओ.यू सम्पत्ति**

प्रारम्भिक मिति पश्चात्त, आर.ओ.यू सम्पत्तिलाई NAS 16 अन्तर्गत पुनर्मूल्यांकन मोडल लागू नगरेको खण्डमा लागत मोडलमा मापन गरिन्छ ।

लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई त्यसको लागतमा संचित ह्रासकट्टि र संचित हानी नोक्सानी घटाई धारा ३४.३ मा निर्दिष्ट गरिएको पट्टा दायित्वको पुनः मापन बापतको रकम समायोजन गरी देखाउने गरेको छ । संस्थाले लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई NAS 16 सम्पत्ति तथा उपकरणको प्रावधान अनुसार नै ह्रासकट्टिको लेखांकन गर्ने गरिएको छ ।

**पट्टा दायित्व**

पट्टा दायित्वलाई अन्य वित्तीय दायित्व सरह (जस्तै परिशोधित लागतको आधारमा) नै लेखांकन गर्ने गरिन्छ । पट्टा दायित्वलाई प्रारम्भिक मिति पश्चात्त निम्न हिसाबले मापन गरिन्छ :

- पट्टा दायित्वमा प्रतिविम्वित हुने ब्याज खर्चले वृद्धि गर्ने
- पट्टा दायित्वको भुक्तानीलाई प्रतिविम्वित गर्ने रकमले कम गर्ने र
- कुनै प्रकारको पुनर्मूल्यांकन वा पट्टा संशोधन वा संशोधित फिक्स्ड लिज भुक्तानीको प्रतिविम्बित गर्ने खालको पुनः निर्धारित रकम

**खर्चको पहिचान र मापन**

पट्टामा लिने पक्षले पट्टासँग सम्बन्धित निम्न खर्चहरुको पहिचान गर्ने गर्दछ ।

- आर.ओ.यू सम्पत्तिको ह्रासकट्टि
- पट्टा दायित्वमा ब्याज खर्च
- आर.ओ.यू सम्पत्तिको हानी
- परिर्वतनशिल पट्टा भुक्तानी रकम जुन पट्टा दायित्वमा समावेश गरिएको थिएन ।

आर.ओ.यू सम्पत्तिको ह्रासकट्टि खर्च र हानीलाई नाफा नोक्सान विवरणको ४.३० ह्रास कट्टि र परिशोधन खर्च अन्तर्गत प्रस्तुत गरिएको छ भने पट्टा दायित्वमा ब्याज खर्चलाई नाफा नोक्सान विवरणको ४.३२ अन्तर्गत प्रस्तुत गरिएको छ ।

**३.१० सम्भावित दायित्वहरु**

संस्थाले सम्भावित दायित्वहरुको पहिचान तथा लेखांकन AS 37 – Provisions, Contingent Liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ । सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छन्:

३.१०.१ विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरु जसको अस्तित्व संस्थाको नियन्त्रण भन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढि अनिश्चित घटनाक्रमहरुले निक्यौंल गर्दछ ।

३.१०.२ विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखांकन नगरिएका दायित्वहरु

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको

संस्थाको जानकारीमा आएको सम्पूर्ण सारभूत (Material) दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ । सारभूत दायित्वको भविष्यमा उत्पन्न हुने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाइन्छ ।

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Nepal & Associates Chartered Accountants Kathmandu, Nepal

### ३.११ आयको पहिचान

अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले आम्दानीलाई NFRS 15 – "Revenue from Contracts with Customers" को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

#### ३.११.१ ब्याज आम्दानी

ब्याज आम्दानीमा ऋण लगानी, नाफा-नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संस्थामा रहेको नगद, कर्मचारीलाई प्रदान गरेको ऋण सापटीमा प्राप्त ब्याज रकमहरु समावेश हुन्छ ।यसरी ब्याज आम्दानी जनाउँदा संस्थाले माथि उल्लेखित बुंदा २.१.२ को (ख) अनुसार वैकल्पिक व्यवस्थालाई अवलम्बन गरेको छ ।

संस्थाले धितोको "खुद प्राप्ति मूल्य" जतिसुकै भए पनि उक्त ऋणमा उठ्नु पर्ने साँवा तथा ब्याजलाई ब्याज आम्दानी जनाउने गरेको छैन । यस बमोजिम संस्थाले आ.व २०८१/०८२ मा रु १००,७७६,९३४.०० र आ.व २०८०/०८१ मा रु ६२,६६२,१८०.०० ब्याज आम्दानीमा लेखाङ्कन गरेको छैन ।

ब्याज आम्दानी सम्बन्धी थप विवरण अनुसूची नं. ४.२० मा प्रस्तुत गरिएको छ ।

#### ३.११.२ शुल्क तथा अन्य आय

ऋण सेवाबाट प्राप्त हुने शुल्क तथा कमिशन, ऋण नवीकरण वा स्वीकृत भएपश्चात आम्दानीमा लेखांकन गरिन्छ । ऋण सम्बन्धी अन्य सहायक सेवा तथा सदस्यलाई प्रदान गरिने अन्य सेवा सुविधा वापत प्राप्त हुने अन्य सबै शुल्कहरु सेवा प्रदान गरे पश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ । यस सम्बन्धमा संस्थाले बुँदा २.१.२ (ख)मा उल्लेखित वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ ।

शुल्क तथा अन्य आय सम्बन्धी थप विवरण अनुसूची नं. ४.२३ मा प्रस्तुत गरिएको छ ।

#### ३.११.३ लाभांस आम्दानी

- संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांस सो लाभांस प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखांकन गरिन्छ ।
- बासिन्दा कम्पनीले घोषणा गरेको नगद लाभांसलाई श्रोतमा कर कट्टी गरिए पश्चात् बाँकी रहेको खुद रकमका आधारमा लेखांकन गरिन्छ ।
- संस्थाले प्राप्त गरेको लाभांस आम्दानीको विवरण अनुसूची नं. ४.२६ मा प्रस्तुत गरिएको छ ।

#### ३.११.४ खुद व्यापारिक आम्दानी

संस्थाले व्यापारिक लगानी तथा दायित्वमा हुने ब्याज, लाभांस, तथा बजार मूल्यको उतार चढावले हुने आम्दानी वा खर्चलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरेको छ । हाल संस्था कुनै प्रकारको खुद व्यापारिक आम्दानी भने रहेको छैन । यस सम्बन्धी थप जानकारी अनुसूची नं. ४.२५ मा प्रस्तुत गरिएको छ ।

#### ३.११.५ अन्य सञ्चालन आम्दानी

ब्याज आम्दानी, शुल्क तथा कमिसन आम्दानी तथा व्यापारिक आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शिर्षक अन्तर्गत देखाइएको छ । विदेशी मुद्रा विनिमय दरमा भएको घटबढको कारणले हुने फाईदा वा घाटा, Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानीको उद्देश्य भएका स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरिएको छ । यस सम्बन्धी थप विवरण अनुसूची नं. ४.२६ मा प्रस्तुत गरिएको छ ।

मनिप्लान्ट सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.

Chartered Accountants
Kathmandu, Nepal

**३.११.५.१ स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट हुने नाफा (नोक्सान)**

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट हुने नाफा वा नोक्सानीलाई सो सम्पत्तिको स्वामित्व हस्तान्तरण वा निसर्ग भए पश्चात नाफा नोक्सान खातामा देखाइन्छ । यस्तो सम्पत्ति निसर्ग हुँदा हुने नाफा वा घाटा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट प्राप्त हुने मूल्य तथा निसर्गसँग सम्बन्धित खर्च सहित सो सम्पत्तिको निसर्ग हुँदाको समयको किताबी मूल्यको फरकलाई जनाउने गर्छ ।

**३.१२ ब्याज खर्च**

सदस्यहरुको निक्षेप खाता, संस्थाले प्राप्त गरेको अन्य सापटी र पट्टा दायित्वको ब्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखाङ्कन गरिन्छ । यस सम्बन्धी थप जानकारी अनुसूची नं ४.२१ मा प्रस्तुत गरिएको छ ।

**३.१३ कर्मचारी खर्च**

कर्मचारी खर्चमा कर्मचारीले संस्थालाई प्रदान गरेको सेवा बापत गरिएको सम्पूर्ण खर्चलाई जनाउँछ । सो खर्चमा अल्पकालीन तथा दीर्घकालीन प्रकृतिका कर्मचारी खर्चहरु रहेका छन् । कर्मचारी खर्चको पहिचान, मापन तथा लेखांनको लागि संस्थाले NAS 19 – "Employee Benefits" को प्रावधान बमोजिम गरेको छ ।

संस्थाले कर्मचारीहरुबाट प्राप्त गरेको सेवा वापत व्यहोर्नु पर्ने सबै किसिमका व्ययलाई कर्मचारी खर्च मानिएको छ । कर्मचारी खर्चमा देहाय बमोजिमका खर्चहरु पर्दछन्

**३.१३.१ अल्पकालीन कर्मचारी खर्चहहरु**

तलब, भत्ता, बिदा वापतको रकम भुक्तानी, नाफामा आधारित बोनस तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी गरिने त्यस्ता सुविधाहरु (सवारी साधन सुविधा, सहुलियतपूर्ण ऋण) अल्पकालीन कर्मचारी खर्चहरुमा पर्दछन्। अल्पकालीन कर्मचारी खर्चको लेखांकन कर्मचारीले सेवा प्रदान गरे पश्चात् वा सेवा प्रदान गरेको कारण क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सिर्जना भए पश्चात गरिन्छ । सेवा निवृत्त भएपछि भुक्तानी हुने खर्चको लेखांकन कर्मचारीले सेवा प्रदान गरेको कारण त्यस्तो क्षतिपूर्तिहरु (पारितोषिक) प्राप्त गर्ने अधिकारको सृर्जना भएमा गरिन्छ ।

**३.१३.१.१ कर्मचारी बोनस खर्च**

संस्थामा सहकारी ऐन, नियमावली तथा संस्थाको मानव संशाधन व्यवस्थापन नीति बमोजिम कर्मचारी बोनसको व्यवस्था गरिएको छ । संस्थाले चालु कर दायित्व व्यवस्था पश्चात कोष बाँडफाँडमा कर्मचारी बोनस कोषमा १०% का दरले कर्मचारी बोनस व्यवस्था गरेको छ। यस सम्बन्धी थप जानकारी अनुसूची नं. ४.२८ मा प्रस्तुत गरिएको छ ।

**३.१३.२ रोजगार पछिको सुविधा जस्तैः**

संस्थामा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा सूचिकृत गरिएको हुनाले कर्मचारी उपदान बापतको छुट्टै व्यवस्था गरिएको छैन ।

**३.१३.३ अन्य दिर्घाकालिन कर्मचारी सुविधा**

**कर्मचारी बिदा वापतको खर्च**

क. संस्थाको स्वीकृत नीति बमोजिम कर्मचारीहरुलाई वार्षिक घर बिदा, बिरामी बिदा, भैपरी आउने बिदा, सुत्केरी बिदा, सुत्केरी स्याहार बिदा, सट्टा बिदा तथा किरिया बिदा वापत प्रदान गरिने क्षतिपूर्तिहरु कर्मचारी बिदा वापतको खर्चमा समावेश गरिन्छ।

ख. विदा वापतको रकम सोहि आ.व. मै भुक्तानी हुने भएकाले संस्थामा बिदा वापतको दायित्व सिर्जना हुने गरेको छैन।

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Arjan Neupane & Associates Chartered Accountants Kathmandu, Nepal

### ३.१४ पट्टा

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NFRS 16–Lease को प्रावधान बमोजिम गरेको छ । जस अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अन्तर्निहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखांकन पट्टा अवधि भर समदर (Straight Line Basis) गणना विधि अनुसार गरिएको छ भने अन्य पट्टाहरुको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको रुपमा लेखांकन गर्ने गरेकोछ । यसरी पहिचान भएको आर.ओ.यू सम्पत्तिलाई सम्पत्ति तथा उपकरण अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी काटिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई अनुसूची नं ४.३२ अन्तर्गत ब्याज खर्चमा देखाइएको छ ।

### ३.१५ विदेशी विनिमय कारोबार

विदेशी विनिमय मुद्रा भएको कारोबारलाई सो कारोबार भएको दिनको विनिमय दरका आधारमा नेपाली रुपैंयामा परिवर्तन गरी सोमा हुन आउने नाफा वा नोक्सानलाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ । वासलातमा प्रस्तुत हुने विदेशी मुद्रामा भएका सम्पत्ति तथा दायित्वलाई आर्थिक वर्षको अन्त्यको विनिमय दरमा नेपाली रुपैंयामा परिवर्तन गरी सोमा हुन आउने नाफा वा नोक्सानलाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ । सहकारीले विदेशी विनिमयको कार्य गर्न नपाउने कानुनी व्यवस्था रहेअनुसार संस्थामा कुनै कारोबार छैन ।

### ३.१६. शेयर पूँजी र जगेडा कोषहरु

शेयर पुँजीलाई चुक्ता मूल्यमा लेखाङ्कन गरिन्छ । सहकारी ऐन, २०७४ को दफा ३० मा भएको व्यवस्था अनुसार संस्थाको कार्यक्षेत्र भित्र बसोवास गर्ने १६ वर्ष उमेर पूरा गरेका नेपाली नागरीकहरु कम्तिमा एक थान शेयर खरिद गरी सदस्य हुन पाउने व्यवस्था गरिएको छ । हरेक शेयर सदस्यको साधारण सभामा प्रति सदस्य एक मत र वार्षिक लाभांशको हकदार हुन्छन् । संस्थाको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर जस्तै अग्राधिकार शेयर, बोनस शेयर, Convertible Instrument आदि रहेको छैन । संस्थाले निम्न प्रकारका कोषहरु कायम गरेको छ ।

### ३.१६.१. कोषहरु

कोष अन्तर्गत साधारण जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष, सहकारी प्रवर्दन कोष, संहकारी विकास कोष, सहकारी शिक्षा कोष, घाटा पुर्ति कोष, सामुदायिक विकास कोष, जोखिम व्यवस्थापन कोष, स्थिरीकरण कोष, शेयर लाभांश कोष कर्मचारी बोनस कोष, घाटापुर्ति कोष, NFRS समायोजन कोष, बिमांकिक कोष पर्दछन् ।

### ३.१६.१.१ NFRS समायोजन कोष

संस्थाले NFRS बमोजिमको लेखा नीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा यस अघिको लेखा नीतिको तुलनामा भएको परिर्वतन र सोका कारण सम्पत्ति तथा दायित्वको मूल्यांकनमा देखिने भिन्नतालाई यस NFRS समायोजन कोष अन्तर्गत प्रस्तुत गर्ने नीति लिएको छ ।

### ३.१६.१.२ साधारण जगेडा कोष

सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संस्थाले आर्थिक वर्षको खूद मुनाफा रकमको कम्तिमा २५ प्रतिशत रकम साधारण जगेडा कोषमा बाँडफाँड गर्नुपर्ने प्रावधान छ तर संस्थाले NFRS कार्यन्वयन पश्चात्त खुद मुनाफाबाट NFRS समायोजन कोषमा बाँडफाँड पछिको रकमको कम्तिमा २५ प्रतिशत साधारण जगेडा कोषमा सार्ने नीति लिईएको छ ।

### ३.१६.१.३ संरक्षित पूँजी फिर्ता कोष

सहकारी ऐन, २०७४ को दफा ६९ बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको २५ प्रतिशत रकम संरक्षित पूँजी फिर्ता कोषमा बाँडफाँड गर्नुपर्ने प्रावधान छ तर संस्थाले NFRS कार्यन्वयन पश्चात्त खुद मुनाफाबाट समायोजन कोष र साधारण जगेडा कोषमा बाँडफाँड पछिको रकमको २५ प्रतिशत

मनिप्लान्ट सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.

Chartered Accountants Kathmandu, Nepal

संरक्षित पूँजी फिर्ता कोषमा सार्ने नीति लिएको छ । संरक्षित पूँजी फिर्ता कोषमा रहेको रकम कारोबारको आधारमा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनुपर्ने हुनाले उक्त रकमलाई ४.१५ अन्तर्गत अन्य दायित्वमा प्रस्तुत गरिएको छ ।

**३.१६.१.४ सहकारी प्रवर्द्धन कोष**

सहकारी ऐन, २०७४ को दफा ७० बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको ०.५ प्रतिशत रकम संरक्षित पूँजी फिर्ता कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान छ तर संस्थाले NFRS कार्यन्वयन पश्चात्त खुद मुनाफाबाट NFRS समायोजन कोष र साधारण जगेडा कोषमा बाँडाफाँड पछिको रकमको ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोषमा सार्ने नीति लिएको छ । सहकारी प्रवर्द्धन कोषमा रहेको रकम सहकारी ऐन, २०७४ को दफा ७० अनुसार सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको कोषमा जम्मा गनुपर्ने हुनाले उक्त रकमलाई ४.१५ अन्तर्गत अन्य दायित्वमा प्रस्तुत गरिएको छ ।

**३.१६.१.५ सहकारी नियमावली २०७५ को प्रावधान अनुसार अन्य कोष**

सहकारी नियमावली, २०७५ को दफा २७ बमोजिम खुद मुनाफाबाट साधारण जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषको रकम कट्टा गरे पश्चातको खुद मुनाफा रकमको कम्तिमा ५ प्रतिशत रकम निम्न लिखित प्रत्येक कोषहरू: शेयर लाभांश कोष, घाटापूर्ति कोष, कर्मचारी बोनस कोष, सहकारी शिक्षा कोष, सामुदायिक विकास कोष, सहकारी स्थिरीकरण कोष र अन्य जोखिम व्यवस्थापन कोषमा बाँडफाँड गनुपर्ने प्रावधान छ तर संस्थाले NFRS खुद मुनाफाबाट संचित नोक्सानी, NFRS समायोजन कोष, साधारण जगेडा कोष, सहकारी प्रवर्द्धन कोष र संरक्षित पुँजी फिर्ता कोषमा बाँडफाँडपछिको रकमलाई निम्न प्रतिशतको आधारले प्रत्येक माथि उल्लेखित कोषहरूमा बाँडफाँड गर्ने नीति लिएको छ ।

| कोष व्यवस्था | यस आर्थिक वर्ष | गत आर्थिक वर्ष |
|---|---|---|
| सहकारी विकास कोष | ५% | ५% |
| कर्मचारी वोनस कोष | १०% | १०% |
| सहकारी शिक्षा कोष | ५% | ५% |
| घाटा पूर्ति कोष | ५% | ५% |
| सामुदायिक विकास कोष | ५% | ५% |
| जोखिम व्यवस्थापन कोष | ५% | ५% |
| संस्था स्थीरीकरण कोष | ५% | ५% |
| शेयर लाभांश कोष | ६०% | ६०% |
| **जम्मा** | १००% | १००% |

**३.१७ प्रति शेयर आम्दानी**

संस्थाले आफ्नो साधारण शेयरको लागि आधारभूत र Diluted प्रति सेयर आम्दानी (EPS) तथ्यांकलाई प्रस्तुत गर्छ । आधारभूत EPS साधारण शेयरधनीहरुको लागि हुने नाफा अथवा नोक्सानलाई सो अवधिको अन्त्यमा रहेका भारित औसत शेयरधनीका संख्याले विभाजन गरी गणना गरिन्छ तर संस्थाले भारित औसत शेयरधनीको संख्यको सट्टा आर्थिक वर्षको अन्त्यमा रहेको शेयरधनीको संख्यको प्रयोग गरेको छ । Diluted EPS साधारण शेयरधनीहरुका लागि रहेको नाफा वा नोक्सान र भारित औषत शेयरधनीको संख्यामा Dilutive सम्भावित साधारण शेयरलाई समायोजन गरी निर्धारण गरिन्छ ।

Chartered Accountants
Kathmandu, Nepal

**३.१८ गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था**

संस्थाले आफ्ना गैर वित्तीय सम्पत्ति (लगानी सम्पत्ति तथा स्थगन कर सम्पत्ति बाहेक) मा भएको नोक्सानीको आवधिक परीक्षण गर्ने गरेको छ । उक्त सम्पत्तिको किताबी मूल्य सो सम्पत्तिबाट प्राप्त हुन सक्ने रकम भन्दा बढि भएको अवस्थामा नोक्सानी व्यवस्था गरिन्छ । नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च लेखी सम्बन्धित सम्पत्तिबाट घटाएर प्रस्तुत गरिन्छ । यसरी आवधिक नोक्सानीको परीक्षण गर्दा पहिले व्यवस्था गरिएको नोक्सानी बढि हुन गएको खण्डमा सो नोक्सानी व्यवस्थाबाट फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाईन्छ ।

**३.१९ नगद प्रवाह विवरण**

संस्थाले नगद प्रवाहको विवरण NAS 07 – Statement या Cash Flows को Direct method अनुसार तयार गरेको छ । नगद मौज्दातमा भएको उतार चढावलाई यस विवरणले चित्रित गरेको हुन्छ । प्रस्तुत नगद प्रवाह विवरणले सो आर्थिक वर्षभरि भएको विभिन्न नगद प्रवाहलाई निम्न अनुसार प्रस्तुत गरेको छः

- सञ्चालन कारोबारबाट भएको नगद प्रवाह
- लगानीबाट भएको नगद प्रवाह
- वित्तीय कारोबारबाट भएको नगद प्रवाह

साधारण सभाबाट पारित भएपछि मात्र साधारण शेयरमा दिइएको लाभांशलाई दायित्व लेखाङ्कन गरिन्छ र इक्विटीबाट घटाइन्छ । अन्तरिम लाभांश घोषणा पछि संस्थाको अधिकारमा नरहे पश्चात इक्विटीबाट घटाइन्छ । रिपोर्टिङ मिति पछि पारित यस वर्षको लाभांशलाई रिपोर्टिङ मिति पश्चात्को घटना भनेर देखाइन्छ ।

**३.२०. तुलनात्मक रकम**

यस वर्षको वित्तीय विवरणमा आवश्यकता अनुसार तुलनात्मक रकमहरु पुनःवर्गीकरण गरिएका छन् ।

**३.२१. अन्तरिम वित्तीय रिपोर्टिङ**

वित्तिय विवरणसँग सम्बन्धित अन्तरिम रिपोर्टहरु नियामक रिपोर्टिङ आवश्यकता बमोजिम रिपोर्ट गरिएको छ । ती रिपोर्टहरु आवश्यकता अनुसार प्रकाशित गरिएको छ तर संस्थाले अन्तरिम रिपोर्टहरुका तथ्यांकहरुलाई NFRS अनुसार लेखांकन गरी प्रस्तूत गर्ने गरेको छैन ।

**४. प्रकटीकरण तथा थप जानकारी**

**४.१ वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्य**

**४.१.१ बजार मूल्य मापनको श्रेणीकरण**

वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्यको मापन गर्न सो मूल्य झल्काउने उपयुक्त बजारको छनौटको लागि निम्न बमोजिमको प्राथमिकताको क्रम अपनाइएको हुन्छ

**श्रेणी १**

- यस श्रेणीमा बजार मूल्य सो सम्पत्ति/दायित्व वा उस्तै सम्पत्ति/दायित्वको स्वतन्त्र र सक्रिय रुपमा खरिद बिक्री हुने बजारमा चलन चल्तीमा रहेको मूल्यलाई कुनै समायोजन विना लिइन्छ ।
- यस्ता सम्पत्ति वा दायित्वको पर्याप्त संख्या तथा मात्रामा असम्बन्धित व्यक्ति बीच खरिद बिक्री हुने बजार नै यस श्रेणी अन्तर्गतको बजार मूल्य निर्धारण गर्ने छनौटमा पर्छ ।

**श्रेणी २**

यस श्रेणीमा बजार मूल्यको निर्धारण सो निर्धारण गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उपलब्ध हुने उपयुक्त तथ्याङ्का आधारमा गर्ने गरिएको हुन्छ । यस्ता उपलब्ध हुने केही तथ्याङ्क निम्न प्रकारका रहेका छन्

सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचिकृत बजार मूल्य

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Chartered Accountants Kathmandu, Nepal

- तुलनात्मक रुपमा कम सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचिकृत बजार मूल्य ।
- वित्तीय उपकरणहरुको बजार मूल्यको मापन गर्दा सो को मूल्य निर्धारणको पद्धतिको लागि आवश्यक हुने सम्पूर्ण तथ्याङ्क उपलब्ध हुँदा मात्र गरिन्छ ।

यदि कुनै वित्तीय उपकरणको बजार मूल्य सजिलै उपलब्ध हुन सक्ने बजार नभएको अवस्थामा, सहकारीले सो को बजार मूल्य मूल्याङ्कनको विभिन्न पद्धति अपनाएर गर्ने गरेको हुन्छ । उक्त मूल्यांकन पद्धतिमा सो वित्तीय सम्पत्तिसँग एकरुपता भएको वित्तीय सम्पत्तिको बजार मूल्यलाई लिएर उचित र आवश्यक समायोजन गरि मूल्य निर्धारण गर्ने गरिएको हुन्छ । वित्तीय उपकरणको सुरुवातमा पहिचान गर्दा सो को प्राप्तिको बेलाको कारोबार मूल्यलाई बजार मूल्यको रुपमा लिईन्छ ।

**श्रेणी ३**

बजार मूल्य श्रेणी २ अनुसार पनि निर्धारण गर्न नसकिएमा सो को निर्धारण मूल्याङ्कनका विभिन्न पद्धति अपनाएर गरिन्छ र सो मध्ये बढी उचित र उपयुक्त मूल्याङ्कन पद्धतिबाट आएको मूल्यलाई बजार मूल्यको रुपमा लिने गरिन्छ । मूल्याङ्कन पद्धतिमा उक्त वित्तीय सम्पत्तिसँग एकरुपता भएको वित्तीय सम्पत्तिको Net Present Value र Discounted Cash Flow Model मूल्यलाई समेत तुलनात्मक रुपमा हेरिन्छ ।

**४.१.१.२ बजार मूल्यमा लेखाङ्कन गरिएका वित्तीय उपकरण**

सहकारीले निम्न बमोजिमका वित्तीय उपकरण बजार मूल्यमा लेखांकन र प्रस्तुत गर्ने गरेको छ

- अन्य विस्तृत नाफा नोक्सान खातामा समायोजन हुने प्रकृतिका ईक्विटीमा भएका लगानी अन्य विस्तृत नाफा नोक्सान खातामा समायोजन हुने प्रकृतिका ईक्विटीमा भएको लगानी यदि स्वतन्त्र सक्रिय बजारमा सो वित्तीय उपकरणको सूचीकृत मूल्य उपलब्ध भएसम्म सो मूल्यमा अन्यथा श्रेणी ३ अनुसार उपलब्ध हुने तथ्याङ्कका आधारमा गरिन्छ ।

**संलग्न वित्तीय विवरणमा प्रस्तुत गरिएको वित्तीय उपकरणको बजार मूल्य तथा सो को निर्धारणको लागि छनौट गरिएको श्रेणीहरु निम्न प्रकार रहेका छन्ः**

| विवरण | २०८२ असार मसान्त | २०८१ असार मसान्त | श्रेणी |
|---|---|---|---|
| **ईक्विटि उपकरणहरु** | | | |
| सुचिकृत शेयर | | | श्रेणी १ |
| सुचिकृत नगरिएको शेयर | ४०,४०,०००.०० | १,२५,५२,४००.०० | श्रेणी ३ |
| **कुल लागनी** | ४०,४०,०००.०० | १,२५,५२,४००.०० | |

**४.२ सम्बन्धित पक्षहरुको विवरण**

यदि एउटा पक्षले अर्को पक्षलाई नियन्त्रण गर्न सक्ने वा अर्को पक्षको वित्तीय वा संचालन सम्बन्धि निर्णयहरुलाई भाव पार्न सक्ने भएमा ती पक्षहरु सम्बन्धित मानिन्छन् । सम्बन्धित पक्षहरुमा सहायक कम्पनीहरु, सम्बद्ध कम्पनीहरु, संस्थाका मुख्य शेयरधारकहरु, संचालकहरु, प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृत, सह-व्यवस्थापक र उनीहरुका नजिकका पारिवारिक सदस्यहरु पर्दछन् । संस्थाले जसरी दुई असम्बन्धित पक्षहरु भएको खण्डमा कारोवार गर्दछ, त्यसरी नै आफ्नो सम्बन्धित पक्षहरुहरुसँग त्यस्तै शर्तहरुमा कारोवार गर्दछ ।

Arjan Nepal & Associates Chartered Accountants Kathmandu, Nepal

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

**४.२.१ संस्थाका संचालकहरु र मुख्य व्यवस्थापकहरु**

संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरु तथा उनीहरुका नजिकका परिवारिक सदस्यहरु पनि सम्बन्धित पक्षको परिभाषामा पर्दछन् । NAS 24 "Related Party Disclosures" अनुसार संस्थाको गतिविधिहरु सम्बन्धि योजना बनाउने, निर्देशन दिने र नियन्त्रण गर्ने अधिकार तथा जिम्मेवारी पाएका व्यक्तिहरुलाई त्यस संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरुको रुपमा लिइन्छ । संस्थाले यस परिभाषा अनुरुप संस्थाको संचालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत तथा सम्पूर्ण उच्च व्यवस्थापन तहका कर्मचारीहरुलाई संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण व्यक्तिहरुको रुपमा पहिचान गरेको छ ।

**असार मसान्त २०८२ मा संस्थाको संचालक समितिका सदस्यहरु तथा प्रमुख कार्यकारी अधिकृत निम्न उल्लेखित व्यक्तिहरु हुन् :**

अध्यक्ष : श्री इन्द्रमणी पोखरेल
उपाध्यक्ष : श्री सुसन कर्माचार्य
सचिव : श्री उद्धिम बहादुर देवकोटा
कोषाध्यक्ष : श्री राजकुमार सुवेदी
सञ्चालक सदस्य : श्री बालकृष्ण श्रेष्ठ
सञ्चालक सदस्य : श्री धन बहादुर श्रेष्ठ
सञ्चालक सदस्य : श्री याम कुमार खड्का
सञ्चालक सदस्य : श्री डा. कृष्ण सागर शर्मा
सञ्चालक सदस्य : श्री शान्ता पाण्डे
सञ्चालक सदस्य : श्री कमल गिरी
सञ्चालक सदस्य : श्री हेलेन घिमिरे
प्रमुख कार्यकारी अधिकृत : श्री ओम बहादुर बस्नेत

**क) संचालक समिति र अन्य उपसमितिका सदस्यहरुको भत्ता तथा सुविधाहरु**

संचालक समितिका सबै सदस्यहरु गैर कार्यकारी संचालक हुन् । आ.व. २०८१/०८२ मा गैर कार्यकारी संचालकहरुलाई प्रदान गरिएको भत्ता तथा सुविधाहरुको विवरण देहाय बमोजिम छन् :

संचालक समिति र लेखा सुपरिवेक्षण समितिले बैठक भत्ता प्रति बैठक प्रति व्यक्ति रु.२५०० र अन्य उपसमितिका पदाधिकारीले बैठक भत्ता प्रति बैठक प्रति व्यक्ति रु.१५०० दिने गरेको र यस बर्ष जम्मा रु.३४७,०००.०० खर्च भएको । यी भत्ता तथा सुविधाहरु संस्थाको वार्षिक साधारण सभामा स्वीकृत भएका भत्ता तथा सुविधाहरु हुन्।

**ख) संस्थाका प्रमुख कार्यकारी अधिकृतलाई प्रदान गरिएको तलव तथा सुविधाहरु**

आ.व. २०८१/०८२ मा मुख्य व्यवस्थापकहरुलाई प्रदान गरिएको तलव तथा सुविधाहरुको विवरण देहाय बमोजिम छन् :

| तलब तथा सुविधाको प्रकृति | कुल रकम रु | कैफियत |
|---|---|---|
| अल्पकालिन सुविधा | १३,९५,०००/- | तलब, संचय कोष, कर्मचारी वोनस तथा अन्य सुविधा र भत्ता, |
| **सेवा अवधि पश्चातको सुविधा** | | छैन |

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Arjan Nepal & Associates Chartered Accoutants Kathmandu, Nepal

हाल मुख्य व्यवस्थापनमा निम्न पद समावेश हुनुहुन्छ ।

१) ओम बहादुर बस्नेत प्रमुख कार्यकारी अधिकृत
२) ज्ञानेन्द्र दाहाल नायब प्रमुख कार्यकारी अधिकृत
३) भास्कर न्यौपाने सह-ब्यबस्थापक

**४.३ मर्जर तथा एक्विजिसन**

सहकारीले आर्थिक वर्ष २०८१/०८२ मा कुनै मर्जर तथा एक्विजिसन गरेको छैन ।

**४.४ रिपोर्टिङ अवधि पछिका घटनाहरु**

- रिपोर्टिङ अवधि र वित्तीय विवरण जारी गरिने मितिको बीचमा घटेका अनुकुल वा प्रतिकुल घटनाहरुलाई रिपोर्टिङ अवधि पछिका घटनाहरु भनिन्छ ।
- रिपोर्टिङ अवधि पछिका घटनाहरुको लेखांकन र रिपोर्टिङको लागि NAS-10 "Events after the Reporting Period" को पालना गरिन्छ ।

**रिपोर्टिङ अवधि पछिका समायोजन हुने घटनाहरु**

- रिपोर्टिङ अवधि पछि समायोजन गर्नुपर्ने घटनाहरु कुनै रहेको छैन ।

**रिपोर्टिङ अवधि पछिका समायोजन नहुने घटनाहरु**

- संस्थाले माथि उल्लेख गरिएको प्रस्तावित नगद लाभांश लाई NAS 10 “Event After the Reporting Period” अनुसार रिपोर्टिङ अवधि पछिका समायोजन नहुने घटना मानेको हुनाले आ.व. २०८१/८२ को वित्तीय विवरणमा उक्त घटनाहरुलाई समायोजन गरेको छैन । शेयरधनीहरुद्वारा साधरण सभामा लाभांशको प्रस्ताव पारित भए पश्चात् संस्थाले उक्त लाभांशको समायोजन तथा लेखांकन गर्नेछ ।

**४.५ भारित औसत व्याजदरको अन्तर**

| विवरण | दर |
|---|---|
| ऋण तथा सापटीमा भारित औषत व्याज दर | १३.१६% |
| निक्षेप तथा ऋणमा भारित औषत व्याज दर | १०.९१% |
| खुद भारित औषत व्याज दर अन्तर | २.२४% |

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Arjan Nepal & Associates Chartered Accoutants Kathmandu, Nepal

भाका, भुल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो । इन्द्रै विन्ती गरून झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो ॥
राजा रङ्क सबै समान उसका वैषम्य गर्दैन त्यो । आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ॥

# भावपूर्ण श्रद्धाञ्जली



यस संस्थाको शेयर सदस्यता नं ११२४ का

**श्री हरि बहादुर के.सी.** को

२०८१ माघ १८ गते भएको देहावसानले मनिप्लान्ट परिवार अत्यन्तै भावविह्वल भएकाछौं । यस दुःखद घडीमा परिवारजन, आफन्त तथा बन्धुबान्धवप्रति गहिरो समवेदना व्यक्त गर्दै धैर्यधारण शक्ति प्राप्त होस् भन्ने कामना साथ स्वर्गीय आत्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

# भावपूर्ण श्रद्धाञ्जली



पृथ्वी अवतरण
२०१८ बैशाख १४

स्वर्गारोहण
२०८१ चैत्र ०७

यस संस्थाका सञ्चालक सदस्य
श्री धनबहादुर श्रेष्ठकी धर्मपत्नी शेयर सदस्यता नं ६६६ की

**सुशिला देवी श्रेष्ठ** को

देहावसानले मनिप्लान्ट परिवार अत्यन्तै भावविह्वल भएकाछौं । यस दुःखद घडीमा परिवारजन, आफन्त तथा बन्धुबान्धवप्रति गहिरो समवेदना व्यक्त गर्दै धैर्यधारण शक्ति प्राप्त होस् भन्ने कामना साथ स्वर्गीय आत्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

॥ समृद्धिको प्रतीक ॥
मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
मनिप्लान्ट सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.
Moneyplant Saving & Credit Co-operative Ltd.

# टिपोट

## ऋण उपसमिति



**उद्धिम ब. देवकोटा**
संयोजक



**महेश प्रसाद तिमल्सिना**
सदस्य



**खिल राज चौहान**
सदस्य

## शिक्षा उपसमिति



**कमल गिरी**
संयोजक



**सरोज घिमिरे**
सदस्य



**अनिता श्रेष्ठ**
सदस्य

## स्वास्थ्य उपसमिति



**डा. कृष्ण सागर शर्मा**
संयोजक



**डा. मनोरमा जयसवाल**
सदस्य



**सविता बस्याल**
सदस्य

## युवा तथा उद्यमशिलता विकास उपसमिति



**हेलेन घिमिरे**
संयोजक



**रामेश्वर ढुंगाना**
सदस्य



**प्रकाश भेटवाल**
सदस्य

## महिला तथा सदस्य कल्लयाण उपसमिति



**शान्ता पाण्डे**
संयोजक



**शर्मिला पोखरेल ढकाल**
सदस्य



**शोभा देवी कर्माचार्य**
सदस्य



**लीला अधिकारी**
सदस्य



**तुलशी के.सी.**
सदस्य

## व्यवस्थापन



**ओम बहादुर बस्नेत**
प्रमुख कार्यकारी अधिकृत



**ज्ञानेन्द्र दाहाल**
नायव प्रमुख कार्यकारी अधिकृत



**भास्कर न्यौपाने**
सह-व्यवस्थापक



**मन्दिरा पोखरेल**
अपरेशन इन्चार्ज



**मनोज खरेल**
कर्जा सहायक



**पवित्रा कुमारी पोखरेल घिमिरे**
कर्जा सहायक



**मन्दिरा पाण्डे**
नगद उप-सहायक



**उर्मिला कुमारी फुँयाल**
कार्यालय सहयोगी



**राम बहादुर पाण्डे**
सुरक्षा गार्ड

|| समृद्धिको प्रतीक ||

मनिप्लान्ट

सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

काठमाडौँ महानगरपालिका वडा नं. ३१, मिनभवन, काठमाडौँ
फोन नं.: ०१-४६२०२६५, ४६२०४०९

moneyplantsaccos@yahoo.com | www.moneyplant.coop.np